
असोज १२, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# वार्ता

# दोधारे नीतिको सिकार

## यात्रुलाई दसैंको दशा

मूल्य रु. २५



भास्वर ओझा

प्रधानमन्त्री कोइराला तथा माओवादी अध्यक्ष प्रचण्ड




वर्ष ३, अंक १२५, असोज ६–असोज १२, २०६३




आवरण : प्रधानमन्त्री कोइराला तथा माओवादी अध्यक्ष प्रचण्ड
तस्वीर : भास्वर ओझा

**आवरण : सरकार र माओवादी दोहोरो खेल र अविश्वासका कारण सात दल र माओवादीबीच दसैंअघि नै शीर्षवार्ता गर्ने तयारी भएको दाबी गरिए पनि शान्तिवार्ता सहजरूपमा अघि नबढ्ने संकेत देखिएको छ। २३**

## भ्रष्टाचार

चार दशकभन्दा लामो अवधि कम्युनिष्ट राजनीतिमा होमिएका भूमिसुधार तथा व्यवस्थामन्त्री प्रभुनारायण चौधरीमाथि भ्रष्टाचारका गम्भीर आरोप लागेपछि मन्त्रिपरिषद्‌बाट हटाइने सम्भावना बढ्दै गएको छ। ३२

## उपभोक्ता अधिकार

यातायात व्यवसायीले आलोपालोको नाममा चलाएको सिन्डिकेटका कारण यात्रु तथा व्यापारीहरूको चरम शोषण गरेका छन्। सिन्डिकेटले गर्दा व्यवसायीले माग गरेका भाडा तिरेर पनि यात्रुहरूले न राम्रो बस चढ्न पाएका छन् न गन्तव्यमा समयमै पुग्न पाएका छन्। ४०

## रिपोर्ट


प्रहरी संगठनमा तदर्थवादको खेती १६
इन्सेफ्लाइटिसविरुद्ध खोप प्रभावकारी १८
सिर्जना चोरीका अपराधीहरू २०
मानवाधिकारको बढ्दो हनन २८
माओवादीद्वारा जबरजस्ती विद्यार्थीको उपयोग ३०




भास्वर ओझा

छोरा राहुलसाथमा माओवादी प्रवक्ता कृष्णबहादुर महरा

हजारौं युवालाई मर्न–मार्न तयार पारेका माओवादी नेताहरूले सहायकमा भने आफ्नै छोरा र आफन्तलाई नै विश्वास गरेका छन्। १४


सम्पादकीय ........ ५
डाँक ........ ८
मुलुक ........ १०
आर्थिक टिपोट ........ ४६
किताब ........ ५१
साहित्य ........ ५२
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
तेजबहादुर बस्नेत
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा
**भृकुटी प्रकाशन** (प्रा) लि.द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२

# न्यायपालिकाविरुद्धको मुड्की

## सम्पादकीय

**न्यायपालिकाको स्वतन्त्रता,** निष्पक्षता र सक्षमताविना कुनै पनि प्रजातान्त्रिक व्यवस्थाको अस्तित्व रहन सक्तैन। र, कार्यकारी तथा विधायिकाको डर र त्रास अनि हस्तक्षेपविना न्यायपालिकाले आफ्नो उत्तरदायित्व निर्वाह गर्न सक्ने वातावरण निर्माण गर्नु खास गरी राज्यका पहिला दुई अंगहरूको कर्तव्य हो। शक्ति पृथकीकरणको सिद्धान्तलाई प्रजातन्त्रमा मौलिक सिद्धान्तका रूपमा अपनाइनुको पछाडि न्यायालय डर, त्रास र मोलाहिजाबाट मुक्त भई वैयक्तिक स्वतन्त्रतादेखि लिएर राज्य प्रतिपक्ष हुने मुद्दामा सहित न्याय निष्पादनको अनुभूति सर्वत्र हुनुपर्ने मान्यताको प्रधानता हुन्छ।

न्यायको सुलभता, न्यायमा पहुँच, योग्य र स्वच्छ न्यायाधीशहरूको नियुक्ति सुनिश्चित गर्ने पारदर्शी प्रक्रिया, भ्रष्टाचारशून्य न्यायपालिकाको अवधारणालाई व्यवहारमा ल्याइनुपर्ने आवश्यकता बेला बखतमा विभिन्न पक्षबाट अभिव्यक्त हुँदै आएका छन्। र, खासगरी २०४६ को राजनीतिक परिवर्तनपछि यो दिशामा अपर्याप्त नै भए पनि केही महत्त्वपूर्ण कदम उठाइएका छन्।



समय

तर अहिले आएर न्यायप्रणालीलाई तदर्थ मात्र हैन, त्यसलाई विधायिका र कार्यकारीअन्तर्गत राखिनुपर्ने सुझाव प्रत्यक्ष र अप्रत्यक्षरूपमा आउन थालेका छन्। पुनःस्थापित संसद्‌मा न्यायाधीशहरूको शपथग्रहणको आपत्तिजनक योजना तुहिए पनि हालै सरकारका एकजना वरिष्ठ मन्त्रीले न्यायालय संविधानबाट हैन, सात दल र माओवादीबीच भएका सहमतिहरूबाट निर्देशित हुनुपर्ने धारणा व्यक्त गरेका छन्। स्वतन्त्र न्यायपालिकाले मात्र न्याय दिन सक्छ र स्वतन्त्र न्यायप्रणालीलाई बिटुलाउने चिन्तन या अराजक या त अधिनायकवादीहरूको मात्र हुन सक्छ। प्रजातान्त्रिक मान्यता, चिन्तन र चरित्रमा 'प्रतिबद्ध' न्यायपालिकाको अवधारणा अटाउन सक्दैन।

अन्तरिम संविधान लागू हुँदाको अवस्थामा न्यायाधीशहरूको पुनर्नियुक्ति हुनुपर्ने माग न्यायाधीशहरूलाई राजनीतिक दल, नेता र व्यक्तित्वहरूबाट निर्देशित गर्ने एउटा चाल हो।

कार्यदक्षताको अभाव, खराब आचरण या इमानदारीको अभाव पुष्टि भएको अवस्थामा विधिवत्‌रूपमा महाभियोगद्वारा मात्र न्यायाधीशहरूलाई हटाउने प्रावधानको प्रयोगबाहेक अन्य तरिकाद्वारा न्यायपालिकालाई तर्साउने प्रक्रिया सुरु भएमा त्यसले दण्डविहीनताका लागि चिनिँदै गएको नेपालमा न्यायविहीनताको संस्कृति पनि सुरु गर्नेछ।

न्यायपालिकामा व्यापक सुधार निश्चितरुपमा प्रस्तावित संविधानसभाको एउटा महत्त्वपूर्ण एजेन्डा हुनुपर्छ, तर त्यसपूर्व चाहे मन्त्रीहरू या सांसद र संसद्‌को कुनै समितिले अवैध तरिकाले न्यायालयतर्फ मुड्की ताक्नु अत्यन्त प्रत्युत्पादक आपराधिक कार्य हुनेछ। र, न्यायालयमा व्याप्त यो त्रासलाई 'उपलब्धि'का रुपमा नलिई त्यसबाट उत्पन्न हुन सक्ने खतरनाक परिणामलाई रोक्न समयमै प्रधानमन्त्रीले न्यायपालिकाप्रति 'सम्मानजनक र अहस्तक्षेपकारी मान्यता' सार्वजनिक गर्नु आवश्यक छ। ■




## समय साता

### भदौ २९ गते

■ राजनीतिक दलहरू व्यक्तिगत स्वार्थभन्दा माथि उठेर मुलुकको समस्या समाधान गर्नतर्फ नलागे जनआन्दोलनका उपलब्धि गुम्ने स्थानीय विकासमन्त्री राजेन्द्र पाण्डेको चेतावनी ।

■ माओवादीद्वारा चारजनालाई ज्यानमुद्दा र दुईजनालाई हाडनाताको अपराधमा संलग्न भएको आरोप लगाउँदै १० वर्षको श्रमकैद ।

### भदौ ३० गते

■ माओवादी समस्या टुंगो नलागुन्जेल सात दल एक भइरहने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भनाइ, आफ्ना म्यान्डेटबाट कुनै दल विचलित नहुने उनको दाबी ।

■ माओवादीले हतियारको उन्माद त्याग्दै कूटनीतिक मर्यादा ख्याल गरेर बोल्न एमाले नेता माधवकुमार नेपालको आग्रह ।

### भदौ ३१ गते

■ सर्वदलीय अवधारणामा सरकार चलाउनु माधवकुमार नेपालको माग, अन्यथा सरकारबाट अलगिने धम्की, प्रधानमन्त्रीद्वारा सरकारले काम गरिरहेकाले नआत्तिन आग्रह ।

■ जनआन्दोलन दमनको छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगका अध्यक्ष कृष्णजंग रायमाझीद्वारा राजालाई पनि चाँडै बयानमा बोलाइने दाबी ।

### असोज १ गते

■ प्रधानमन्त्री कोइराला तथा माओवादी अध्यक्ष प्रचण्डको भेटवार्ता, दसैंअघि नै वार्ताप्रक्रियालाई निकास दिने कुरामा दुई नेताको सम्झौता ।

■ राजधानीमा शान्तिसुरक्षा बिग्रिएकोमा सांसदहरूद्वारा आपत्ति, सैनिक ब्यारेक निरीक्षण गर्दै हिँडेका अमेरिकी राजदूतको तीव्र विरोध ।

### असोज २ गते

■ सरकार र माओवादीबीच विश्वासको संकट रहेको संयुक्त राष्ट्रसंघका महासचिवका स्वकीय सचिव इयान मार्टिनको टिप्पणी ।

■ ग्रामीण भेगमा विद्युतीकरण गर्न नर्वे र डेनमार्कद्वारा तीन अर्ब रुपैयाँ सहयोगको घोषणा ।

■ हल्लाको भरमा पार्टी एकीकरण नहुने नेपाली कांग्रेस (प्रजातान्त्रिक)का नेता शेरबहादुर देउवाको भनाइ ।

### असोज ३ गते

■ जनआन्दोलनमा घाइते भएकालाई सरकारद्वारा ५ किसिममा वर्गीकरण, सोअनुसार राहत उपलब्ध गराइने मन्त्रिपरिषद्को निर्णय ।

■ दसैंअघि नै राजासँग बयान लिइने उच्चस्तरीय छानबिन आयोगका अध्यक्ष कृष्णजंग रायमाझीको भनाइ ।

### असोज ४ गते

■ कैलाली घटनाको विरोधमा प्रधानमन्त्री निवास घेर्न आएका पचास दलित पक्राउ ।

■ दुई दिनदेखि हराएका तनहुँका दुई युवतीको लास फेवातालमा प्राप्त ।

**पुरस्कृत:** भैरव रिसाल, नेपाली भाषाको विकासमा योगदान पुऱ्याएबापत र कृष्ण धरावासी, 'राधा' ग्रन्थका लागि क्रमशः जगदम्बाश्री र मदन पुरस्कारबाट ।



**विद्रोह:** थाइल्यान्डमा सैनिक विद्रोह, अमेरिका पुगेका प्रधानमन्त्री थाक्सिन सिनावात्राद्वारा न्युयोर्कबाटै मुलुकमा संकटकालको घोषणा ।



**निधन:** सवारी दुर्घटनामा परी घाइते भएका उदयपुरका सहायक प्रजिअ वैकुण्ठ अधिकारी ।

**नियुक्त:** तत्कालीन सचिव हरिप्रसाद न्यौपाने, नेपाल कानुन सुधार आयोगको उपाध्यक्ष पदमा ।

**आदेश:** सर्वस्वहरणको सजायमा आवश्यक सुधार गर्न सर्वोच्च अदालतको आदेश






## मल्लिक आयोगको पथमा

*समय* (वर्ष ३, अंक १२४)मा छापिएको रायमाझी आयोगको बारेमा लेखिएको सम्पादकीय पठनीय लाग्यो। जुन उद्देश्य लिएर जनआन्दोलन गरिएको थियो। सोअनुसार काम हुन सकेको छैन। सरकार संविधानसभालाई ढिलाइ गरेर टार्ने प्रयासमा छ भने अर्कोतिर छानबिनका दायरामा परी कारबाही सिफारिस गरेका प्रधानसेनापतिलाई कुनै कारबाही नगरेर आयोगको औचित्यमाथि प्रश्न तेर्स्याइसकेको छ। निलम्बित मुख्य सचिव र आइजिपीलाई विशिष्ट पद सिर्जना गरेर सुरक्षा सल्लाहकारमा नियुक्त गर्दै रायमाझी आयोगलाई चुनौती दिएको छ।

हात्तीको एउटा देखाउने दाँत र अर्को चपाउने दाँत जस्तै भएको छ सरकार र रायमाझी आयोग। अधिकारसम्पन्न अदालत सरहको अधिकार पाएको आयोगले सरकारप्रमुखसित पनि दमन तथा धनजनको क्षतिको विरुद्धमा बयान लिन सकेको छैन। भोलि राजाको शासन फर्किएमा आफ्ना आगामी दिनको कल्पना गर्दै टाढिएको छ, रायमाझी आयोग। तसर्थ रायमाझी आयोगले आफ्नो निरीहता प्रदर्शन गरिरहेको छ। त्यसैले अहिलेको रायमाझी आयोग पनि मल्लिक आयोगभन्दा पृथक् छैन।

■ **ज्ञानहरि ढकाल,**
तारुका-६ नुवाकोट
हाल : शंकरदेव क्याम्पस

## फुट्ने होइन, जुट्ने

*समय* राष्ट्रिय साप्ताहिक (वर्ष ३, अंक १२४)मा असोज २०६३ सुवास देवकोटाको लेख 'फुट्ने सोख' आधारित रही छोटो प्रतिक्रिया लेख्न मन लाग्यो। बिग्रँदो र तरल राजनीतिक स्थितिमा सम्पूर्ण लोकतान्त्रिक संस्थागत गर्न चाहने कम्युनिष्टहरू एक भएर जुट्नु आवश्यक छ। तब मात्र प्रतिगामी तत्त्व र यससँग हातेमालो गर्नेहरूको अन्त्य हुनेछ र जनआन्दोलनका उपलब्धि रक्षा गर्न सकिन्छ। यो एक्काइसौं शताब्दी र वैज्ञानिक युग हो। के माओवाद ? के लेनिनवाद ? के मार्क्सवाद ? के समाजवाद ? आफूलाई महान् नेता ठान्नेले पार्टी संस्थागत गर्दै लान सक्नु पर्छ। फुट र टुक्रा टुक्रा भएका कम्युनिष्टहरू नेपालमा जुटाउन सकेमात्र उसले आफूलाई महान् नेता ठाने हुन्छ।

कम्युनिष्टहरूले आफूलाई सर्वहारा वर्ग ठान्दासम्म फुट र उपगुट भइरहन्छ। कम्युनिष्टहरू आफूलाई महान् विचारक विद्वान् ठान्ने होडबाजी र रवैयामा आफूलाई बुद्धिजीवी पनि ठान्छन्। विचार विचारको द्वन्द्व सृजना गर्छन्। यस्ता कम्युनिष्टहरू अब नेपालमा रहिरहनु आफ्नो खुट्टामा बन्चरो हान्नु सरह हुन्छ। आज नेपाली कांग्रेस जुट र फुटको कुरो कोइराला र देउवाबीच घम्साघम्सी चलिरहेको छ। नेपाली कांग्रेस फुटेर के भो जुटेर देशलाई के हर्ष न बिस्मात्। न त नेपालमा विपीको सपना साकार भएको छ न गणेशमानको आदर्श। जुन जोगी आए पनि कानै चिरेको नेपाली जनताको कटु यथार्थ हो।

■ **टहल दाहाल 'नवकिरण'**
navakiran5@yahoo.com
दोलखा,
हाल : विश्वभाषा क्याम्पस, प्रदर्शनीमार्ग, काठमाडौं

## ज्यादतीको पराकाष्ठा ?

*समय* (वर्ष ३, अंक १२४)मा छापिएको 'माओवादीको ज्यादती'अन्तर्गत संवेदनहीनताको पराकाष्ठा पढ्ने अवसर पाइयो। आफूलाई जनवादी भन्ने माओवादीले पनि यो पढ्ने मौका पक्कै छुटाएनन् होला। उनीहरू पनि पक्कै आफूले गरेको कर्तुतको फलप्रति झन् आक्रोश भए होलान्। तर, आफू सधैं जनताको पक्षमा रहेको र जनताप्रति उत्तरदायी बनेको बताउने माओवादीले यस्ता ज्यादतीका घटनाको जवाफ दिन सक्नुपर्छ, चर्कोस्वरको भाषण गरेर मात्र केही हुँदैन। सरकारसँग शान्तिवार्ता गरिरहेका बेला माओवादीका कार्यकर्ताबाट भएका यस्ता घटनाको जवाफदेही माओवादी पार्टी बन्नै पर्छ।

■ **अमित किसान, वीरगन्ज**
हाल : काठमाडौं

## सेनाको यो संकेत


समय

*समय* (वर्ष ३, अंक १२४)मा छापिएको तालिममा सेनाअन्तर्गत 'विद्रोहविरुद्ध तयार' शीर्षकको समाचार पढ्दा ध्यान केन्द्रित भयो। मुलुकमा माओवादी सरकारको वार्तालाई सही रुप दिन विभिन्न खाले दबाब आवश्यक भइरहेका बेला सेनाले लगिरहेको विद्रोहविरुद्धको तयारीलाई जनताले कसरी र कुन अर्थले बुझ्ने ? सरकारले एकातिर शान्तिको वातावरण बढाइरहेको दाबी गरिरहेको छ भने अर्कोतिर विद्रोह कसरी नियन्त्रण गर्ने भनेर सेनालाई तालिम दिइरहेको छ। यसबाट सरकारले के प्रमाणित गर्न खोजेको हो ?

पक्कै पनि सेनालाई आफ्ना नियमित तालिमबाट नै वञ्चित गराउनु राम्रो होइन, तर शान्तिवार्ताका बेला यसरी तालिम दिनु सरकारको गलत नियत हुन सक्छ भन्ने सोचाइ जनतामा आउन सक्छ। सरकार यस्तो बेलामा संवेदनशील बनोस्।

■ **हरि वियोगी, ओखलढुंगा**
*हाल : सीतापाइला, काठमाडौं*

## खै संवेदनशीलता ?

*समय* (वर्ष ३, अंक १२४)मा छापिएको माओवादीको अत्याचारसम्बन्धी समाचार पढ्दा ज्यादै दुःख लागेर आयो। मुलुक संविधानसभातिर अग्रसर भइरहेका बेला जनताको मन जितेर संविधानसभाको चुनावमा आफ्नो विजय सुनिश्चित गर्नुको बदला जनतालाई झन् चिढ्याउँदै जाने हुन् भने उनीहरूको भविष्य सकिनेछ। पक्कै पनि माओवादी नेतृत्व यो कुराबाट बेखबर छैन। मुलुकलाई शान्तितिर उन्मुख गराउन महत्त्वपूर्ण भूमिकामा देखिएको माओवादीले आफ्ना यस्ता कामलाई निरन्तरता दिँदै जाने हो पार्टीको भविष्य त सकिन्छ नै। उनीहरूले गर्दै आएका ठूला कुरा पनि माटोमा मिल्नेछन्। साँच्चिकै जनताको राजनीति गर्ने हुन् भने माओवादी नेतृत्वले आफ्नो पार्टीको तल्लो तहमा भइरहने यस्ता कामकारबाही तुरुन्त रोकेर माफी माग्न सक्नु पर्छ।

■ **विमला श्रेष्ठ**
बूढानीलकण्ठ, काठमाडौं

## सन्तुलन गुम्यो

*समय*को समाचार प्रस्तुतिले अहिले सन्तुलन गुमाउँदै गएजस्तो लाग्यो। माओवादीका गल्तीहरू अवश्य छन्, तर दैनिक दर्जनौं जनताको रगत बग्ने गरेको नेपालमा हिंसाको पुरानो तुस मर्न केही समय लाग्ला। उनीहरूलाई राजनीतिको मूलधारमा ल्याउने प्रयास भइरहेको अवस्थामा विरोध गर्ने नाममा एकोहोरो शैलीमा खेदो खनाइ बुझिसक्नु भएन। अर्कोतर्फ मोरियार्टीले प्रधानसेनापतिको शैलीमा गरेको नेपाली सेनाका ब्यारेक भ्रमण, निर्देशन, जिल्ला दौडाहा, अर्ती उपदेश र वार्ता भाँडर युद्ध चर्काउने जस्ता आपत्तिजनक कुरा समयका एजेन्डा नबन्नु उदेकलाग्दो भयो।

■ **देवेन्द्र कोइराला**
devkol@hotmail.com

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४

# झारा टार्ने राहत

■ ओमआस्था राई/धरान

**अस्पतालमा** लडिरहेका बिन्देसँग बिदावारी भएपछि यो संवाददाता फर्किँदै गर्दा एक महिलाले पछ्याउँदै भनिन्, 'नमस्कार गर्न आ'को सरलाई ।' ती थिइन्, बिन्देकी धर्मपत्नी लालुदेवी । नमस्कार बहानामात्रै रहेछ, खासमा उनी आफ्नो पीडा पोख्न चाहन्थिन्, 'हामी त पानी मात्रै खाएर पनि बाँच्छौं, छोराछोरीको विजोग भो, पढाइ टुट्यो ।'

लालुदेवी बिन्देकी श्रीमती हुन् । यी तिनै बिन्दे हुन्, जसले गत जेठ २९ गते भारतको कश्मीरमा हिज्बुल मुजहिद्दिन नामक इस्लामिक उग्रवादी संगठनद्वारा मारिएका आठ नेपाली युवकलाई त्यहाँ पुऱ्याएका थिए । २०६२, चैत १९ गते बिन्देकै पछि लागेर विल्सा ऋषिदेव, राजेन्द्र ऋषिदेव, रविन ऋषिदेव, रामु ऋषिदेव, लक्ष्मी गुडी, रवि ताजपुरिया, दिना मण्डल र चिकु ऋषिदेव कश्मीर गएका थिए । नेपालमा जनआन्दोलन-२ को आगो सल्किँदै गर्दा हातमुख जोर्ने चिन्ताबाट मुक्त हुन परदेश हिँडेका ती सबै कश्मीर हिंसाको सिकार भएका थिए । हिज्बुल मुजहिद्दिनले विहार, सिक्टीका २५ वर्षीय भारतीय युवक गयानन्द ऋषिदेवको पनि ज्यान लिएको थियो ।

२०५५ सालदेखि कश्मीरमा घर ढलान गर्ने काम गर्दै आएका बिन्देका लागि यो वर्ष सर्वाधिक दुःखद भइदियो । आफैंले कश्मीर पुऱ्याएका ८ नेपाली युवकको ज्यान गयो, आफैं पनि मर्नु न बाँच्नुको दोसाँधमा पुगे । हिज्बुल मुजहिद्दिनका लडाकुले उनको शरीरमा ६ वटा गोली प्रहार गरेका थिए, धन्न कुनै भित्र छेडेर पस्न सकेन । तर, उनको दायाँ हात चल्न सक्दैन । घरमूली नै थलिएपछि बिन्देकी श्रीमतीलाई आफ्नो र सन्तानको चिन्ता लाग्नु स्वभाविक हो । यसैले उनी बिन्देलाई भेट्न कोशी अञ्चल अस्पताल पुगेका यो संवाददातासँग छोराछोरीलाई फेरि विद्यालय पठाउने व्यवस्था मिलाइदिन आग्रह गर्दै थिइन् ।

बिन्देकी जेठी छोरी उषा ८, सञ्जय ६ र विजय ५ कक्षामा पढ्छन् । तीन वर्ष पुग्नै लागेका अजयमात्रै विद्यालय जाने बेला भएको छैन, तर बिन्दे घाइते भएपछि कसैले पनि विद्यालय जान पाएको छैन । 'छोराछोरी देवरको घरमा छन्', लालुदेवी भन्छिन्,


ओमआस्था राई

'देवरलाई पनि कति दुःख दिने, तर हामी घर जान सक्दैनौं, गए पनि हातमुख जोर्न गाह्रो छ ।' मोरङ, गोविन्दपुर-१ भएर बग्ने वक्राहा खोला किनारको


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ट बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



कश्मीर घटनामा मृत्युको मुखबाट बचेका बिन्दे अस्पतालको शय्यामा । साथमा छोराछोरीको भविष्यप्रति चिन्तित लालुदेवी ।

सुकुमवासी बस्तीमा बस्ने बिन्देले कश्मीर पुऱ्याइएका युवकका बा-आमाको खप्की पनि सहनुपरेको छ । उनीहरू आफ्ना छोरालाई बिन्देले नै मृत्युको मुखमा पुऱ्याएको ठान्छन् ।

'मैले मार्ने उद्देश्यले त पक्कै पनि गाउँका भाइहरूलाई कश्मीर पुऱ्याएको थिइनँ', बिन्दे भन्छन् । हुन पनि, हिंसाग्रस्त कश्मीरमा बिन्देलाई कहिल्यै केही भएको थिएन । झन्डै १७ वर्ष पुरानो पृथकतावादी संघर्ष र आतंकवादका बीच पनि कश्मीर बिन्देका लागि पसिना बगाउने र पैसा कमाउने उपयुक्त सहर बनेको थियो । बिन्दे बर्सेनि पैसा बोकेर गाउँ आउँदा उनकै पछि लागेर कश्मीर जाने युवाको संख्या बढ्न थालेको थियो, तर यसपटक हिंसाग्रस्त कश्मीर बिन्देका लागि साँच्चै युद्धमैदान बन्यो, जहाँ मुस्किलले बाँचे पनि मृत्युभन्दा कठोर पीडा खेप्नु परेको छ ।

कश्मीर घटनामा बिन्देसँगै गोली लागेर बाँच्न सफल कार्तिकचन्द ऋषिदेव र छतरु ऋषिदेव पनि उपचार खर्चको अभावमा छन् । डाइनिया-४ का अक्षय राजवंशी भने उठेर हिँड्डुल गर्नसक्ने भएका छन् ।

रोजगारीको अवसर सिर्जना नगरी आफ्नो देशका जनतालाई बाँच्नकै खातिर विदेशिन बाध्य पार्ने सरकारले कश्मीर घटनाका घाइतेहरूलाई राहतको नाममा प्रतिव्यक्ति २५ सय रुपैयाँ मात्रै उपलब्ध गराएको छ । मृतकका परिवारलाई पनि २५ हजार रुपैयाँका दरले मात्रै राहत दिइयो । प्लान नेपाल अहिले मृतकका परिवारलाई घर बनाउने टिन र सिमेन्टका खम्बा उपलब्ध गराउने तयारीमा छ । जिल्ला प्रशासन, मोरङले उपलब्ध गराएको केही बोरा दाल र चामलको हिसाब नगर्ने हो भने कश्मीर घटनाका मृतक र घाइतेहरूलाई सरकारी र गैरसरकारी क्षेत्रबाट प्राप्त सहयोग यति नै हो ।

२०६१, भदौमा इराकमा १२ नेपालीको हत्या हुँदा प्रतिपरिवार १० लाख रुपैयाँको दरले क्षतिपूर्ति दिने सरकार उस्तै प्रकृतिको कश्मीर घटनाका मृतकको परिवार र घाइतेको दुःख हेर्न चाहिँ किन चाहँदैन ? मोरङका प्रमुख जिल्ला अधिकारी मोदराज डोटेल भन्छन्, 'यो राजनीतिक कुरा भयो, म केही भन्न सक्दिनँ ।' उनी कश्मीर घटनाका पीडितलाई राहत उपलब्ध गराउन भारतीय दूतावाससँग पत्राचार भइरहेको बताउँछन् । इराकमा मारिएका नेपालीलाई आफैंले राहत दिनु, तर कश्मीरमा मर्नेको परिवारलाई सहयोग गर्न चाहिँ सरकार आफैं अघि नसर्नुको कारण के हो ? सम्भवतः यसका पछाडि दुई कारण छन् । पहिलो, कश्मीर घटनाले इराक हत्याकाण्डजस्तो अन्तर्राष्ट्रिय चर्चा पाएन । दोस्रो, कश्मीरमा मर्नेहरू सुकुमवासी बस्तीमा बस्ने मुसहर, गुडी जातिका थिए, जसको आवाज राज्यले कमै सुन्दै आएको छ । ■



नारायण खड्का



चेकपोस्ट बन्द भएपछि अहिले काँकरभिट्टामा यही बोर्ड मात्र रहेको छ।

# औलो चेकपोस्ट बन्द

**औलो भित्रिन सक्ने** सम्भावनाका कारण स्वास्थ्य मन्त्रालयले नेपालको पूर्वी नाका काँकरभिट्टामा १५ वर्षअघि स्थापना गरेको औलो चेकपोस्ट बन्द भएको छ।

मुख्य गरेर भारत लगायतका छिमेकी मुलुकबाट नेपाल आउने मानिसबाट औलो नेपाल पस्न सक्ने बताउँदै सरकारले सो औलो चेकपोस्ट स्थापना गरेको थियो। स्थापनाकालमा अत्यन्तै सहज र प्रभावकारी रुपमा सञ्चालित यस चेकपोस्टलाई सरकारले विनाकारण दरबन्दी खारेज गरिदिएपछि चेकपोस्ट बन्द गर्नुपरेको जिल्ला जनस्वास्थ्य कार्यालय झापाले बताएको छ। तीनजना औलो निरीक्षकको दरबन्दी रहेको यस औलो चेकपोस्टमा सरकारले २ वर्षअघि नै दरबन्दी कटान गरेकोमा गत वर्षसम्म जसोतसो चलाए पनि यस वर्षदेखि चेकपोस्ट पूर्णरुपमा बन्द गर्नुपरेको जनस्वास्थ्य कार्यालयका प्रमुख डा. रामधन मेहताले बताए।

झापा जिल्लालाई सरकारले उच्च औलो प्रभावित जिल्ला भनेर घोषणा गरिसकेको छ। यस भेगका अधिकांश बासिन्दा खुला सीमा भएका कारण भारतमा धेरै आवतजावत गर्छन्। भारत, बंगलादेश, भुटान लगायतका देशबाट आउने नेपाली मात्र नभएर सोही देशका स्थानीय बासिन्दाहरूलाई समेत नेपाल प्रवेश गर्नुअघि अनिवार्य रुपले औलो जाँच गर्ने गरिएको थियो।

औलो जाँच चौकी हटेपछि औलोको प्रकोप बढेको जिल्ला जनस्वास्थ्य कार्यालयले बताएको छ। हाल झापामा २ हजारजनामा कडा प्रकारको औलो पाइएको तथ्यांक छ। औलो जाँच चौकी हटाइएपछि भारतबाट नेपाल प्रवेश गर्ने मानिसहरूकै माध्यमबाटै औलोको प्रकोप बढ्दै गएको उनको कथन छ।

स्वास्थ्य मन्त्रालयले दरबन्दी कटान गरेपछि हटाइएका दरबन्दी पुनः दिनका लागि पटक पटक माग गरिए पनि मन्त्रालयले कुनै चासो नदिएको कार्यालयका अधिकारीले बताएका छन्। चेकपोस्ट हटाइएपछि यसको प्रत्यक्ष असर स्थानीयवासीलाई परेकाले तत्कालै पुनःस्थापनाको माग गर्दै मन्त्रालयमा अनुरोध गर्दा पनि कुनै सुनुवाइ नभएपछि चेकपोस्ट हटाइएको हो।

■ **नारायण खड्का/झापा**

## यातनाले अपांग

नारायण खड्का



सुराकीको आरोपमा माओवादीले दिएको यातनाका कारण झापाका एक युवक अपांग बनेका छन्।

झापा धरमपुर-८ का २६ वर्षीय युवा नगेन सुनुवार अपांग भएपछि अहिले जीविकोपार्जनका लागि भौंतारिन बाध्य छन्। २०५९ जेठ २३ गते माओवादीले उनलाई अपहरण गरी निर्मम यातना दिएका थिए। ४५ जनाको समूहमा आएका माओवादीले आफूलाई सुराकीको आरोपमा अपहरण गरी जथाभावी धारिलो हतियार प्रयोग गरी शरीरका विभिन्न अंगमा काटी मरेको ठानी फालेको बताए। आफ्नो खुट्टामा उभिन नसक्ने उनी ह्वील चेयरको सहारामा साथीको साथमा बिर्तामोड आएका उनले गहभरि आँसु पार्दै आफूले माओवादीविरुद्ध कुनै कार्य नगरे पनि निर्मम यातना दिएको बताए। 'म कसरी बाँचें थाहा छैन', माओवादी यातनाले क्षतविक्षत छाती, हातखुट्टा, टाउकाको चोट देखाउँदै उनले भने, 'म हिंड्न सक्तिनँ, मेरो परिवारको माओवादीले बिचल्ली बनायो।' माओवादीले काटेर फ्याँकेपछि कीरा परेको अवस्थामा उनलाई चुलाचुली वनमा स्थानीय बासिन्दाले भेटेका थिए। उपचारको क्रममा सबै सम्पत्ति बेचिसकेपछि आफू सुकुमवासी बनेको उनले सुनाए। शरीरभरि सिलाइका दाग बोकेर ह्वील चेयरको माध्यमबाट जीवन चलाउँदै आएका उनका ११ वर्षीया छोरी र ५ वर्षीय छोरा छन्। संचारकर्मीसँग उनले सरकारले समेत आफूलाई बेवास्ता गरेको बताए। ■


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने

| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | | |
| गौरबाट | बिहान ५.३० बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*



माओवादी प्रवक्ता कृष्णबहादुर महरा र उनका छोरा राहुल (पछाडि)

# छोरै प्यारो

हजारौं युवालाई मर्न–मार्न तयार पारेका माओवादी नेताहरूले सहायकमा भने आफ्नै छोरा र आफन्तलाई नै विश्वास गरेका छन् । तर, छोरा र आफन्तलाई समेत राजनीतिमा लगाएकोमा भने माओवादी नेताहरूको प्रशंसा पनि हुने गरेको छ ।

■ सुवास देवकोटा/काठमाडौं

(तस्विरहरू: भास्वर ओझा)

**नेपाल कम्युनिष्ट पार्टी** (माओवादी) वार्तटोली तथा केन्द्रीय सदस्य दीनानाथ शर्मालाई फोन गरेमा सुरिलो स्वरका एक युवकले उठाउनेछन् अनि भन्नेछन्, 'म राजन, कसलाई खोज्नुभयो ?' उनी शर्माका सहायक हुन् र छोरा पनि ।

अध्यक्ष प्रचण्डसहित वरिष्ठ माओवादी नेताहरूले आफ्ना सहायक छोरा नै छानेका छन् । जनयुद्धको सुरुवातदेखि नै माओवादी जनयुद्धमा होमिएका प्रचण्डका छोरा प्रकाश दाहाल विगत आधा दशकदेखि सहायक बनेर बाबुलाई सघाइरहेका छन् भने प्रवक्ता कृष्णबहादुर महराका कान्छा छोरा राहुलले पनि बाबुको सहायककै जिम्मेवारी निर्वाह गरिरहेका छन् । महराका जेठा छोरा एटम माओवादी सेनाको पश्चिम डिभिजनअन्तर्गत एउटा बटालियनको कमान्डर छन् ।

माओवादी केन्द्रीय सदस्य तथा 'जनमुक्ति सेना'का डेपुटी कमान्डर नन्दकिशोर पुन 'पासाङ'ले पनि छोरालाई नै सहायक बनाएको माओवादी स्रोत बताउँछ । तर, काभ्रे कामीडाँडामा भएको



▲ माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा र उनका छोरा राजन (गोलो घेराले संकेत गरेका)



▲ माओवादी वार्ताटोली सदस्य देव गुरुङ र उनको मामाससुराकी छोरी कुसुम (पछाडि)

बैठकका लागि राजधानी आउँदा भने पासाङले छोरालाई नल्याएको स्रोतको दाबी छ। यसैगरी माओवादी वार्ताटोलीका सदस्य देव गुरुङले मामाससुरा तथा केन्द्रीय सदस्य नारायण शर्माकी छोरी कुसुमलाई सहायक बनाएका छन्।

माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईकी एक्ली छोरी मानुषी पार्टीको प्रकाशन विभागमा कार्यरत भए पनि भारतमा स्नातक गर्दै रहेकीले बाबुसँग छैनन्। तर, भट्टराईले पनि पार्टीका पूर्व केन्द्रीय सदस्य तथा वर्तमान क्षेत्रीय ब्युरो सदस्य भक्ति पाण्डेका छोरा विश्वदीपलाई सहायकको जिम्मेवारी सुम्पेका छन्। अर्का वरिष्ठ नेता रामबहादुर थापा 'बादल'का जेठा छोराले यसै वर्ष एसएलसी उत्तीर्ण गरेका छन् भने पश्चिमाञ्चल इन्चार्ज पोष्टबहादुर बोगटी 'दिवाकर'का छोरालाई सेनाले केही वर्षअघि नुवाकोटमा हत्या गरिसकेको छ। अन्य माओवादी नेताका छोराछोरी बाबुको सहायक हुने उमेरका नभइसकेको माओवादी स्रोत दाबी गर्छ।

आफ्नै सन्तान वा नातेदारलाई नै माओवादी नेताहरू किन सहायक बनाउँछन् त ? 'छोरा वा नातेदार अरूभन्दा सहज लागेकाले हुनसक्छ', माओवादी सम्बद्ध पत्रकार खिलबहादुर भण्डारी भन्छन्। दीनानाथका छोरा राजनचाहिँ बाबुलाई पहिलेदेखि सघाइरहेको अनुभवका कारण पार्टीले सहायकको जिम्मेवारी दिनु उपयुक्त ठानेको हुनसक्ने बताउँछन्। माओवादीले अहिले प्रचण्ड र बाबुरामबाहेक अन्य केन्द्रीय नेताहरूलाई सुरक्षाका निम्ति दुईजना र एकजना सहायक दिने गरेको छ। प्रचण्ड र बाबुराम भने विशेष सुरक्षा प्रबन्धमा रहन्छन्। नेताको सुरक्षामा खटिएकाहरू 'जनमुक्ति सेना'बाट ल्याइएका हुन्छन्। सुरक्षाकर्मी र सहायकबीच अनिवार्य तालमेल हुनुपर्ने व्यवस्था माओवादीले गरेको छ।

माओवादी नेताका सहायकहरू छोरा तथा नातेदार हुन् वा अन्य, आधुनिक प्रविधिमा पोख्त छन्। नेताका लागि सूचना संकलन गर्नु तथा त्यसलाई व्यवस्थित बनाउनु उनीहरूको जिम्मेवारी हो। यसैगरी नेतासँग कुरा गर्न आउने मानिस र उसले कुरा गर्न चाहेको विषयबारे पहिले नै जानकारी लिनु र त्यो जानकारी नेतालाई दिनु पनि सहायकले गर्नुपर्ने काम हो। नेताहरूले गर्ने कुराकानीको पनि उनीहरू रेकर्ड राख्छन्। आफ्ना नेतालाई प्रतिस्पर्धी राजनीतिक दलका नेताभन्दा अब्बल बनाउन माओवादीले अंग्रेजी भाषा तथा कम्प्युटर, इमेल र इन्टरनेटमा दखल भएकाहरूलाई सहायक बनाएको छ। नेताका सहायकमध्ये अधिकांश स्नातक छन्।

संचारमाध्यम, कार्यकर्ता र आम मानिसहरूसँग कुशल व्यवहार गर्नसक्नेलाई नै माओवादीले नेताहरूको सहायक बनाएको छ। परिचित हुन् वा अपरिचित माओवादी नेताका सहायक मिठो स्वरमा बोल्छन्। नेतासँग सम्पर्क गराउन अनावश्यक लागे मिठै स्वरमा पन्छाउन पनि उनीहरू खप्पिस छन्। जुनसुकै परिस्थितिलाई छिटो बुझ्न र सोअनुसार आफूलाई ढाल्नसक्ने उमेरका अर्थात् तीस ननाघेका युवाहरूलाई माओवादीले नेताका सहायक बनाएको छ। माओवादीले किन तीस ननाघेका युवालाई नै सहायक बनाएको हो ? 'कम उमेरका हुँदा काम लगाउन सजिलो हुने भएकाले हुनसक्छ', माओवादीसम्बद्ध साप्ताहिक पत्रिका जनादेशका सम्पादक मनऋषि धिताल भन्छन्। दीनानाथका छोरा राजन भने कम उमेरकालाई सहायक छान्नु कुनै विशेष कारण नभई संयोग मात्र रहेको बताउँछन्। तर, धेरै उमेरकालाई नेताले काम अह्राउँदा हीनताबोध हुनसक्ने भएकाले कम उमेरकालाई सहायक बनाइएको हुनसक्नेमा भने राजन पनि अस्वीकार गर्दैनन्। ■

# तदर्थवादको खेती

**नेताहरूमा प्रहरी संगठन आफूखुसी प्रयोग गर्न पाउने लोभ छ भने राजनीतिक बलमा बढुवा र लाभका पद पाउने लालचमा रमेका प्रहरी अधिकारीहरूमा पद्धति बसाल्नेभन्दा तदर्थवादमा रमाउने प्रवृत्ति हावी छ ।**

■ विश्वमणि पोखरेल/काठमाडौं



समय

**प्रहरी महानिरीक्षकमा** नियुक्ति भएको भोलिपल्टै निर्देशन माग्न पुगेका दिलबहादुर (डिबी) लामालाई तत्कालीन गृहसचिव वीरबहादुर शाहीले भनेका थिए, 'मेरो निर्देशन केही छैन, केही सुझाव छन् । पुलिस फोर्स हो, यो यसको मान्छे, ऊ उसको मान्छे भन्ने चलन हटाइदिनु, सबैलाई समान अवसर, व्यवहार र न्याय दिनु, अभिभावकको जस्तो भूमिका निर्वाह गर्नु ।'

आजभन्दा २३ वर्षअघि अर्थात् २०४१ साल असार ३ गते त्यस्तो निर्देशन दिने शाही अहिले प्रहरी संगठनको लथालिंग स्थिति देखेर दुखित छन् । पंचायत कालका कुशल, निष्कलंक र विवादरहित प्रशासक मानिने २ दशकदेखि प्रहरी संगठनमा देखिएका समस्या प्रजातन्त्र पुनःस्थापना र अहिलेको लोकतान्त्रिक राजनीतिक व्यवस्थामा पनि सुध्रिनेभन्दा बिग्रँदो स्थितिमा पुगेकोमा चिन्तित देखिन्छन् । प्रहरीलाई राजनीतिबाट अलग गर्नेभन्दा राजनीतिक हतियारको रुपमा प्रयोग गर्ने अभ्यासबाट यो संगठन कमजोर बन्दै गएको उनको अनुभव छ । १३ वर्षअघि परिवर्तित राजनीतिक व्यवस्थामा प्रहरी संगठन कस्तो हुनुपर्छ, यसलाई कसरी व्यवसायिक बनाउन सकिन्छ भन्ने प्रश्नको उत्तर खोज्न काम शाहीले नै गरेका थिए ।

शाहीकै अध्यक्षतामा २०५० भदौमा गठित प्रहरी सुधार सुझाव आयोगको प्रतिवेदन अहिले कहाँ छ, अत्तोपत्तो छैन ।

शाहीले प्रतिवेदन बुझाएको केही समयमा सुरु भएको माओवादी सशस्त्र द्वन्द्वको प्रत्यक्ष मारमा परेको प्रहरी संगठनमा राजनीतिक चलखेलले पनि उत्तिकै प्रभाव पारिरहेको कुरालाई अवकाशप्राप्त प्रशासकको हैसियतले उनले नियालेका छन् । पछिल्लो समयमा लोकतान्त्रिक सरकारले गरेको प्रहरी बढुवा र सरुवामा आएको विवादले प्रहरी संगठलाई दूरगामी क्षति पुऱ्याएको उनको विश्लेषण छ । गृहमन्त्री कृष्ण सिटौलाको आदेशमा यसपटक प्रहरी बढुवामा धाँधली भएको आरोप लागिरहेको छ । प्रहरी संगठनमा प्रमुख आधार मानिने र वरिष्ठका आदेशलाई आदरका साथ कार्यान्वयन गर्ने संस्कार भत्किने खतरा उक्त बढुवाले निम्त्याएको विश्लेषण छ उनको । वरिष्ठलाई पन्छ्याएर कनिष्ठलाई पदोन्नति गरिएको मात्र विवाद छैन, सक्षम भनेर प्रहरी संगठन आफैंले अग्रपंक्तिमा राखेका अधिकारीहरूको ठाउँमा राजनीतिक प्रभाव र आस्थाका आधारमा कमजोरहरूले ठाउँ पाउनुले प्रहरी संयन्त्रमा राजनीति हावी भएको छ । शाही, यस्ता राजनीतिक हस्तक्षेपबाट आदेशको पालना गर्ने प्रहरी संयन्त्रभित्र बफादारिताको प्रश्न उठ्न सक्ने खतरा औंल्याउँछन् । उनी भन्छन्, 'प्रहरी महानिरीक्षक एकजना मात्र सरकार (गृहमन्त्रालय)प्रति बफादार हुनुपर्छ, अरू सबै प्रहरीहरू महानिरीक्षकप्रति बफादार हुनुपर्छ । प्रहरी अधिकारीहरू बढुवा र सरुवाका लागि राजनीतिक नेताहरूकोमा दौडन थाल्ने स्थिति आयो भने महानिरीक्षक कमजोर हुन्छ, कमजोर महानिरीक्षकबाट शान्तिसुरक्षाको जिम्मेवार लिएको संगठन प्रभावकारी रुपमा चल्न सक्तैन ।'

शाही मात्र होइन, प्रहरी सयन्त्र संचालन गरेका गृह प्रशासक र पूर्व प्रहरी महानिरीक्षकहरू समेत प्रहरी संगठन राजनीतिकर्मीको सिकार बनेको स्विकार्दै यो परम्पराबाट मुक्त गर्न तत्काल कदम चाल्नुपर्ने बताउँछन् । राजनीतिज्ञहरूमा प्रहरी संगठन र सशस्त्र संयन्त्र आफूखुसी प्रयोग गर्न पाउने लोभ छ भने राजनीतिक बलमा बढुवा र लाभका पदमा जान पाउने लालचमा रमेका प्रहरी अधिकारीहरूमा पनि पद्धति बसाल्नेभन्दा तदर्थवादमा रमाउने प्रवृत्ति हावी छ ।

पूर्व गृहसचिव भोजराज पोखरेल, प्रहरी संगठनको स्थापनाकालदेखि नै कुनै पद्धति बस्न नसकेको विश्लेषण गर्दै भन्छन्, 'प्रहरी संगठन सधैं प्रहरी नेतृत्वभन्दा बाहिरबाट संचालित हुँदै आयो, यो समस्याबाट मुक्त गर्ने काम २०४७ को राजनीतिक परिवर्तनपछिका सरकारले पनि गरेनन् ।' प्रहरी संगठनलाई व्यवसायिक बनाउने कुरा सरकारहरूको प्राथमिकतामा नपरेकाले नै बढुवा र सरुवाजस्ता विवाद आउने पोखरेलको पुरानो अनुभव छ । बढुवाका हकमा बदमास, भ्रष्ट र चतुराहरूले प्रभावमा पारेर लाभ लिन सक्ने अवस्थाहरू प्रहरी संगठनमा व्याप्त रहेको पोखरेल बताउँछन् ।

अर्का पूर्व गृहसचिव श्रीकान्त रेग्मी निजामती सेवा जस्तो प्रहरीमा पद्धति बस्न नसकेको बताउँछन् । प्रहरीको नेतृत्वले समेत गृहमन्त्रालयको थाप्लामा दोष थोपर्ने काम गर्ने गरेको अनुभव सुनाउँदै रेग्मीले भन्छन्, 'प्रहरी बढुवा र सरुवा निष्पक्ष ढंगले हुन्छ भन्ने धारणा छैन ।' यस्तो धारणाले राजनीतिक नेतृत्वमा दबाब आउने गरेको रेग्मी बताउँछन् । उनी प्रहरी नेतृत्वले आफ्नो कामको दोष गृहमन्त्रालयमाथि थोपर्ने परम्पराको रहेको अनुभव सुनाउँछन् । रेग्मी भन्छन्, 'सबै काम प्रहरी महानिरीक्षकबाटै हुन्छ, तर त्यसको दोष गृहमन्त्रालयलाई दिइन्छ ।'

लोकतान्त्रिक सरकारको पालामा बढुमा भएको व्यापक धाँधलीपछि एकपटक फेरि प्रहरी संगठनलाई कसरी व्यवसायिक बनाउने भन्ने प्रश्न उपस्थित भएको छ । माओवादी सशस्त्र द्वन्द्वमा अचानो बनेको प्रहरी संगठन राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासनका पछिल्ला चार वर्ष सेनाको चेपुवामा पऱ्यो ।

गृहसचिव, प्रहरी महानिरीक्षक, गृहमन्त्रालयको प्रहरी शाखा हेर्ने सहसचिव र प्रहरीको प्रशासन विभागको अतिरिक्त महानिरीक्षक रहने बढुवा समितिले आफूले चाहेको मानिसलाई ५० नम्बरसम्म थप्न सक्ने प्रावधान नै अहिलेको बढुवा विवादको जड हो, जुन राजनीतिक हतियारको रुपमा प्रयोग हुँदै आएको छ । पूर्व गृहसचिव पोखरेल र रेग्मी दुवै बोर्डले थप्न सक्ने नम्बर सबैभन्दा दुरुपयोग हुने गरेको अनुभव सुनाउँछन् । यसबाहेक पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकन नम्बर भर्ने व्यवस्थामा पनि सुधारको आवश्यकता छ, तर यी तपसिलका विवाद र संशोधनभन्दा एक दशकदेखि चर्चामा रहेको तर कहिल्यै अस्तित्वमा आउन नसकेको प्रहरीमा नियुक्ति, बढुवा र



**प्रहरी संयन्त्रलाई 'राजनीतिक हतियार'बाट व्यवसायिक र प्रभावकारी संगठन बनाउन अधिकृतस्तरमा सुरु भर्ना र बढुवा गर्ने काममा लोकसेवा आयोग संलग्न हुने संवैधानिक व्यवस्था गर्न आवश्यक छ । राजनीतिक हतियार बनेर दिनानुदिन खस्कँदै गएको प्रहरीलाई सुधार्ने काममा लोकसेवा आयोगले भूमिका खेल्न सक्छ ।**

वृत्तिविकासको काम हेर्ने काम बेग्लै निकायले गर्नुपर्छ भन्ने सोचले आकार लिन थालेको छ ।

२०५६ पछि पटक पटक प्रहरी ऐनमा संशोधन गर्ने प्रयास नभएका होइनन् । यसबीचमा विभिन्न खाले सरकारले प्रहरी ऐनमा संशोधन गर्न थरिथरिका विधेयकहरू तयार गरे, कुनैले पनि कानुनी हैसियत पाएनन्, ती विधेयकहरू गृहमन्त्रालयमा धुलो जमेर बसेका छन् ।

यी विधेयकको प्रमुख पहिलो प्राथमिक उद्देश्य नै प्रहरी सेवा आयोग गठन गर्नुपर्ने मागसँग सम्बन्धित छ भने ३२ वर्षे सेवा अवधिको प्रावधान हटाउनुपर्ने उत्तिकै चासोको विषय छ । ३२ वर्षे सेवा अवधि राख्ने कि हटाउने भन्ने विवाद उच्चस्तरीय प्रहरी अधिकारीहरूको व्यक्तिगत स्वार्थका कारण राजाको प्रत्यक्ष शासनकालमा पनि साम्य भएन । २०५० सालमा ३० वर्षे सेवा अवधिको प्रावधान थपेर तत्कालीन महानिरीक्षक रत्नशम्सेर जबराले अवकाश पाएपछि मोतीलाल बोहरा महानिरीक्षक बनेका थिए । २ वर्ष पुग्न नपाउँदै ३० मा २ वर्ष थप गर्न सक्ने प्रावधान थपियो र विवादका बाबजुद अहिलेसम्म ३२ वर्षे सेवा अवधि ज्यूका त्यू छ । सेना र सशस्त्र प्रहरीमा यस्तो प्रावधान छैन ।

सबैभन्दा महत्त्वपूर्ण प्रहरीमा नियुक्ति, बढुवा गर्ने काम बेग्लै निकायले गर्नुपर्छ भन्ने बारेमा सुरक्षाविज्ञहरू सहमत भए पनि कस्तो निकाय हुनुपर्छ भन्ने बारेमा मतभिन्नता छन् । शाही आयोगले सेवा आयोग बनाउनुपर्छ मात्र भनेको थियो, विस्तृतमा केही उल्लेख गरेको थिएन । सुरक्षाविज्ञ, पूर्व प्रशासक रहेको प्रहरी सेवा आयोग गठन गर्ने कि लोकसेवा आयोगलाई नियुक्ति र बढुवा गर्ने जिम्मेवारी सुम्पिने भन्ने बारेमा भिन्न भिन्न राय छ ।

पूर्वसचिव पोखरेल नियुक्ति र बढुवा हेर्ने स्वतन्त्र तेस्रो पक्ष हुनुपर्ने विचार राख्छन् । उनी प्रहरी सेवा आयोग गठन गर्ने वा लोकसेवा आयोगकै जिम्मा दिनुपर्ने कुरामा यकिन गर्दैनन्, तर अर्का पूर्व गृहसचिव रेग्मी भने प्रहरी सेवा आयोगको पक्षमा देखिन्छन् । उनी भन्छन्, 'प्रहरी सेवा आयोग चाहिन्छ, प्रहरी संगठनको प्रकृति बेग्लै हुन्छ, लोकसेवालाई दिएर हुँदैन ।'

पूर्व प्रहरी महानिरीक्षक मोतीलाल बोहरा अधिकृत र सोभन्दा माथिका अधिकारीमा नियुक्ति र बढुवा गर्ने जिम्मेवारी लोकसेवा आयोगले र अधिकृतमुनिकाको प्रहरी प्रधान कार्यालय आफैंले गर्नु व्यवहारिक हुने बताउँछन् । बोहरा भन्छन्, 'स्वतन्त्र आयोगले अधिकृत छनोट र अधिकृतस्तरमा बढुवा गर्नु पर्छ । यस्तो कानुन बनाउन सकियो भने राजनीतिक हस्तक्षेप आफैं समाप्त हुन्छ ।'

कानुनमा नभए पनि व्यवहारमा २०५० सालदेखि नै प्रहरी निरीक्षकको नियुक्ति लोकसेवा आयोगको सदस्यताको अध्यक्षताको समितिले गर्ने परम्परा बसालिएको छ । लोकसेवा आयोगका काम संविधानमा तोकिएबमोजिम हुने, तर संविधानमा प्रहरी प्रशासन उल्लेख नगरिएकाले संवैधानिक अप्ठेराबीच व्यवहारिक बाटो खोलिएको हो । तर, प्रस्तावित विधेयकहरूमा प्रहरी प्रधान कार्यालयले राज्यमन्त्रीस्तरको सुविधा प्राप्त गर्ने सुरक्षाविज्ञको अध्यक्षतामा प्रहरी सेवा आयोग गठन गर्ने, जसमा प्रहरी महानिरीक्षक र गृहसचिव रहने अवधारणा अघि सारिएको छ । महानिरीक्षक र गृहसचिव सदस्य रहने र अध्यक्ष समेत सरकारले मनोनीत गरेको व्यक्ति हुने भएकाले त्यस्तो आयोग राजनीतिबाट मुक्त हुन नसक्ने प्रहरी अधिकारीहरू नै बताउँछन् । नाम उल्लेख नचाहने एक अधिकारी भन्छन्, 'सरकारले गठन गर्ने, महानिरीक्षक र सचिव हुने आयोगमा मन्त्रीको छायाँ बन्न जान्छ, त्योभन्दा राम्रो लोकसेवा आयोग हुन्छ ।'

प्रहरी संयन्त्रभित्र लोकसेवा आयोगलाई नै सुरु छनोट र बढुवा गर्ने जिम्मेवारी दिनुपर्छ भन्ने आवाज बढ्दै गएको छ । अहिलेसम्म अनौपचारिक रुपमा लोकसेवा आयोग अधिकृतस्तरको छनोटमा मात्र त्यो पनि आंशिक रुपमा मात्र संलग्न छ । प्रहरी संयन्त्रलाई 'राजनीतिक हतियार'बाट व्यवसायिक र प्रभावकारी संगठन बनाउन अधिकृतस्तरमा सुरु भर्ना र बढुवा गर्ने काममा लोकसेवा आयोग संलग्न हुने संवैधानिक व्यवस्था गर्न आवश्यक छ । राजनीतिक हतियार बनेर दिनानुदिन खस्कँदै गएको प्रहरीलाई सुधार्ने काममा लोकसेवा आयोगले भूमिका खेल्न सक्छ । ■



महेन्द्रनगरको अस्पतालमा छट्पटाइरहेका जापानी इन्सेफ्लाइटिसका एक विरामी

# अपर्याप्त खोप

**गत वर्षजस्तो जापानी इन्सेफ्लाइटिसको महामारी नफैलिनुको मुख्य कारण पश्चिम नेपालमा लगाइएको खोपको प्रभावकारिता नै हो, तर त्यो खोप पूर्वी नेपालको मधेसमा उपलब्ध छैन भने पश्चिममा पनि पर्याप्त मात्रामा लगाइएको छैन ।**

**विगतमा झैं** यस वर्ष जापानी इन्सेफ्लाइटिसले महामारीको रुप नलिए पनि यसका कारण मृत्यु हुने क्रम रोकिएको छैन । प्राप्त तथ्यांकअनुसार यो वर्ष मधेसका बहत्तरजनाले अकाल मृत्यु भोग्नु पर्‍यो, तर केही जिल्लाबाट तथ्यांक नआएकाले मृत्यु हुनेको संख्या योभन्दा बढी हुन सक्ने अनुमान गरिएको छ ।

यो तथ्यांकले इन्सेफ्लाइटिसले महामारीको रुप नलिएको वर्षमा पनि गरिब नेपालीको ज्यान लिने एउटा मुख्य मौसमी रोग बनेको पुष्टि गरेको छ । जनस्वास्थ्य विशेषज्ञले यस रोगलाई 'गरिबमध्ये पनि अति गरिब'को रोगको रुपमा परिभाषित गरेका छन् । 'क्युलेक्स' प्रजातिको पोथी लामखुट्टेको टोकाइबाट सर्ने यो रोगबाट बच्नका लागि प्रयोग गरिने सामान्य झुल पनि किन्न नसक्ने गरिब यसको सिकार बनेका छन् । जापानी इन्सेफ्लाइटिसबाट प्रभावित तराई क्षेत्रका २४ जिल्लामध्ये बाँके, बर्दिया, कञ्चनपुर, दाङ, रूपन्देही, झापा,, मोरङ, सुनसरी र पर्सामा यसको प्रकोप अझ बढी छ । वैशाखदेखि भदौ महिनाभित्र विपी प्रतिष्ठान, धरानमा जापानी इन्सेफ्लाटिसका १ सय १९ जना विरामी उपचारार्थ भर्ना भएका थिए । तीमध्ये २६ जनाको मृत्यु भयो । कोशी अञ्चल अस्पतालमा चौधजनाको मृत्यु भयो । मध्यपश्चिम क्षेत्रको भेरी अञ्चल अस्पताल र शिक्षण अस्पतालमा जापानी इन्सेफ्लाइटिसका कारण बीसजनाको मृत्यु भएको छ । इन्सेफ्लाइटिसको उपचारार्थ त्रियासीजना भेरी अञ्चल अस्पताल पुगेका थिए । त्यसैगरी कञ्चनपुर र कैलाली जिल्लामा बाह्रजनाको मृत्यु भएको छ ।

गत वर्ष तराई तथा भित्री मधेसका गरिब बस्तीमा आतंक मचाएको यस रोगबाट २ सयभन्दा बढीको अकालमा ज्यान गएको थियो, तर यो वर्ष जापानी इन्सेफ्लाइटिसका कारण मृत्यु भएको संख्या गत वर्षको भन्दा कम रह्यो भनेर खुसी हुनु पर्ने अवस्था नभएको जनस्वास्थ्य विशेषज्ञहरू बताउँछन् ।

पूर्वी जिल्लाहरूको तुलनामा पश्चिमका खासगरी बाँके र त्यसपछि बर्दिया, कैलाली, कञ्चनपुर, दाङ, रूपन्देही र पर्सामा जापानी इन्सेफ्लाटिससम्बन्धी कार्यक्रम लगिएको र पूर्वी जिल्लाहरूले प्राथमिकता नपाएको गुनासो रहेको छ । 'सरकारले पूर्वको कुनै पनि जिल्लालाई प्राथमिकताको सूचीमा राखेको छैन, यसैले जापानी इन्सेफ्लाइटिसविरुद्धको खोप पनि पश्चिममा मात्रै सीमित राखेको छ', जिल्ला जनस्वास्थ्य कार्यालय, सुनसरीका प्रमुख राकेश ठाकुर भन्छन्, 'इन्सेफ्लाइटिसको खोप कस्तो हुन्छ, हामीले देख्न पनि पाएका छैनौं ।' 'खोप नआएकाले प्रतिवर्ष धेरै मान्छे मरिरहेका छन्', ठाकुर भन्छन्, 'यो समस्या मैले आफ्नो वार्षिक प्रतिवेदनमा पनि उल्लेख गरेको छु ।'

पूर्वको झापा, मोरङ र सुनसरीलाई पनि इन्सेफ्लाइटिस प्रभावित जिल्ला मानिँदै आए पनि इन्सेफ्लाइटिसविरुद्ध कुनै सरकारी कार्यक्रम नरहेको मोरङका जनस्वास्थ्य अधिकृत नवराज सुब्बा बताउँछन् ।

जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङले

वर्षायाममा दुईपटक 'साइपर मेट्रिन' नामक ग्याँसजन्य औषधी छर्कन्छ। खासगरी औंलो र कालाज्वरलाई लक्षित गरी प्रयोग गरिने 'साइपर मेट्रिन'लाई नै पूर्वमा इन्सेफ्लाइटिसविरुद्धको सरकारी कार्यक्रम मान्नुपर्ने दुर्दशा छ, तर जनस्वास्थ्य अधिकृत सुब्बा आफैं 'साइपर मेट्रिन' छर्किने कार्यक्रम औपचारिकतामात्रै रहेको बताउँछन्।

'औषधी छर्किंदा लामखुट्टे मर्छन् र रोग लाग्दैन भन्ने मान्छेलाई लाग्छ, तर यो मनोवैज्ञानिक उपचारजस्तो मात्रै हो', सुब्बा भन्छन्, 'वर्षमा दुईपटक औषधी छर्किंदैमा सबै लामखुट्टे मर्ने हैन।' महामारीको रुप नलिएको वर्ष पनि कयौं मानिसको ज्यान लिने इन्सेफ्लाइटिसका लागि पूर्वमा खोप कार्यक्रम जरुरी भइसकेको सुब्बा बताउँछन्।

त्यसैले औंलो र कालाज्वरप्रति लक्षित औषधी छर्किने कार्यक्रमबाट इन्सेफ्लाइटिस नियन्त्रणमा नआउने पक्का छ। तर, पूर्वमा इन्सेफ्लाइटिसको प्रकोप कतिसम्म छ भने यो कोशी अञ्चल अस्पतालले विरामीको औसत मृत्युदरको आधारमा तयार पारेको 'उच्च पाँच रोग'को सूचीभित्रै पर्छ। कोशी अञ्चल अस्पतालमा वार्षिक औसत सत्रजना विरामीको ज्यान लिने इन्सेफ्लाइटिस उच्च पाँच रोगको सूचीको चौथो स्थानमा पर्छ।

'अर्को वर्षचाहिँ आउला कि', जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङका प्रमुख सुब्बाको झिनो आशा छ। गत वर्ष खोप खरिदमा देखिएको सरकारी लापर्वाही आउँदो वर्ष खोप वितरणमा पनि दोहोरिएमा तराईका १ करोड २५ लाख नेपाली प्रभावित हुनसक्छन्। आउँदो वर्ष इन्सेफ्लाइटिसमात्र हैन, कालाज्वरले पनि महामारीको रुप लिने निश्चित चक्र पूरा गरिसकेको हुन्छ।

'क्युलेक्स' प्रजातिको पोथी लामखुट्टेले विशेष गरी हाँस, सुँगुर, बंगुर आदिलाई टोकेर फेरि त्यसले मानिसलाई टोक्यो भने यो रोग संक्रमण हुने हो, तर गरिब बस्तीमा यी पशुपक्षी नै जीविकोपार्जनका माध्यम हुन्। जापानी इन्सेफ्लाइटिसको 'भाइरस' हुने यी पशुपक्षीमा 'भाइरस'विरुद्धको खोप दिएमा पनि यसको संक्रमण रोक्न सकिने भए पनि यो अभ्यास नेपालमा भएको छैन।

जापानी इन्सेफ्लाइटिसको संक्रमणलाई भारतसँग पनि जोडेर हेर्नु पर्ने हुन्छ र त्यसअनुरुप यस रोग संक्रमणविरुद्ध योजना तयार गर्नु पर्ने आवश्यकता छ। भारतको विहार राज्य यस संक्रमणको केन्द्रविन्दु मानिएको छ। नेपाल र भारतबीचको खुला सीमा र आवतजावतका कारणले पनि भारतको सिमानामा जोडिएका तराईका जिल्ला जापानी इन्सफ्लाइटिसबाट बढी प्रभावित मानिन्छन्।

गरिब बस्तीमा फैलिएको यो रोगबाट तराई क्षेत्रका लाखौं व्यक्ति जोखिममा परेका छन्। सन् १९७८ यता जापानी इन्सेफ्लाइटिसको संक्रमणमा परेका झन्डै २७ हजार नेपालीमध्ये ५ हजार ५ सयभन्दा बढीको मृत्यु भएको छ।

## खोप बन्यो प्रभावकारी

जापानी इन्सेफ्लाइटिसको संक्रमण भएपछि समयमा उपचार पाएपछि विरामीलाई बचाउन सकिन्छ, तर सधैंका लागि भने होइन। रोगबाट बाँचेकामध्ये ७५ प्रतिशत विरामी शारीरिक अपांगपन, पक्षघात र मानसिक आघातबाट गुज्रनु पर्छ, जो पारिवारिक तथा सामाजिक भारको रुपमा जिन्दगी गुजार्नु पर्ने हुन्छ। यस रोगका कारण अपांग भएर बाँचेकाहरूको लेखाजोखा नेपालमा गरिएको छैन।

जापानी इन्सेफ्लाइटिसबाट बच्ने एकमात्र उपाय यसविरुद्धको खोप नै हो। गत वर्ष दातृनिकायले यस रोगविरुद्धको खोप खरिदका लागि १३ करोड रुपैयाँ उपलब्ध गराए पनि कमिसनको चक्कर नमिलेपछि उक्त खोप भित्रिन पाएन, तर यस वर्ष सरकार समयमै सचेत भई खोप खरिद गरी मध्य तथा सुदूरपश्चिमका जिल्लामा पठाएको छ।

मध्यपश्चिम क्षेत्रमा जापानी इन्सेफ्लाइटिस रोगको बारेमा यसपालि त्यति चर्चा भएन। खासगरी साउन र भदौमा अस्पताल भरिभराउ गराउने र स्वास्थ्यकर्मीलाई उपचार गर्न भ्याइनभ्याई हुने इन्सेफ्लाइटिसले यसपालि सामान्य रोगभन्दा बढी फैलन पाएन।

विगतका वर्षातहरूमा महामारीको रुप लिने जापानी इन्सेफ्लाइटिस यो वर्ष कसरी एकाएक घट्यो त ? स्वास्थ्य संस्थाहरूले यो वर्षामा जापानी इन्सेफ्लाइटिस महामारीको रुपमा नदेखिनुमा आ-आफ्नै तर्क अघि सारेका छन्।

जिल्ला जनस्वास्थ्य अधिकृत जयबहादुर कार्कीको अनुभवमा हरेक तेस्रो वर्ष इन्सेफ्लाइटिस रोगको प्रकोप कम हुने पहिलेदेखिकै अवस्था भएका कारण यो वर्ष इन्सेफ्लाइटिसले महामारीको रुप नलिएको हो। अर्को कारण यो वर्षातको सुरुमा खडेरी परेका कारण रोग सुरु हुन पाएन। वर्षातको अन्त्यतिर आएर भीषण वर्षा भए पनि इन्सेफ्लाइटिस रोग फैलन ढिलाइ भएको स्वास्थ्यकर्मीहरू बताउँछन्।

अब यस वर्षका लागि जापानी इन्सेफ्लाइटिसको महामारी टरेको स्वास्थ्यकर्मीहरू बताउँछन्। यति बेला वर्षातको अन्त्यमा परेको भीषण पानी पनि सुकिसकेको छ।

त्यसैगरी सरकारले बाँके र बर्दियामा यस वर्ष जापानी इन्सेफ्लाइटिस रोगविरुद्धको खोप विस्तार गरेका कारण अर्को वर्ष रोगको प्रकोप नदेखिने इपिडेमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. जिडी ठाकुर बताउँछन्। 'यस वर्ष बाँके र बर्दियामा भीषण रुपमा आएको बाढीले यस इन्सेफ्लाइटिसको प्रकोपलाई बढाउन सक्थ्यो', डा. ठाकुर भन्छन्, 'तर त्यसअघि नै हामीले यस रोगविरुद्धको खोप दिएकाले समस्याले उग्र रुप लिन पाएन।'

बाँकेमा दुई लाख सर्वसाधारणलाई जापानी इन्सेफ्लाइटिसविरुद्धको खोप लगाइएको छ। 'एकपटक लगाइएको खोपले जिन्दगीभर काम गर्ने भएका कारण जापानी इन्सेफ्लाइटिसको प्रकोपबाट छुटकारा पाउने आशा गरेका छौं', जनस्वास्थ्य अधिकृत कार्की भन्छन्, 'तर खोपले जापानी इन्सेफ्लाइटिसको विरुद्धमा मात्र काम गर्छ।'

गर्भवती महिलाबाहेक एक वर्षमाथिका दुई लाख सर्वसाधारणलाई लगाइएको उक्त खोप हरेक वर्ष नयाँलाई थप्दै जाने योजना सरकारले बनाएको छ। हरेक वर्ष प्रकोपको रुप लिंदै आए पनि रोकथामको लागि पहल नभएको गुनासो हुँदै आइरहेका बेला सरकारले चीनबाट जापानी इन्सेफ्लाइटिस रोगविरुद्धको खोप खरिद गरेको थियो। उक्त रोगबाट बच्ने उपाय लामखुट्टेलाई टोक्न नदिनु मुख्य माध्यम भए पनि कृषक र विपन्न सर्वसाधारणको लागि त्यो उपाय गाह्रो थियो।

त्यसैगरी पछिल्ला तीन वर्षमा कैलाली र कञ्चनपुरमा झन्डै एक सयजनाको मृत्युको कारक जापानी इन्सेफ्लाइटिस नै भएको छ। यस वर्ष यी जिल्लामा १५ वर्षमुनिका बच्चाहरूलाई जापानी इन्सेफ्लाइटिसविरुद्ध खोप लगाइएको थियो। जिल्लाभरका ८७ प्रतिशत बालबालिकालाई रोगविरुद्धको खोप दिइएपछि यस वर्ष कुनै पनि बालबालिका यो रोगको सिकार भएनन्, तर स्थानीय बासिन्दाले भने उक्त खोप १५ वर्षमाथिका व्यक्तिलाई पनि लगाउनुपर्ने माग राख्दै आएका छन्।

इन्सेफ्लाइटिसविरुद्ध सरकारले अपनाएका उपायमध्ये खोपलाई नै प्रभावकारी मानेकाले पनि स्थानीय बासिन्दाले यस्तो माग गरेका हुन्। खास गरी यस्ता लामखुट्टेविरुद्ध 'अल्फासाइपर मिथियन' औषधी छर्किने गरिन्छ भने वितरित झुलमा डेल्टामिथियन औषधी छर्किएको हुन्छ। सरकारद्वारा वितरण गरिने झुल र खोप समेत अपुग रहेको प्रस्ट नै छ। ४ लाख ४० हजार जनसंख्या रहेको कञ्चनपुरका १७ हजार स्कुल वितरण गरेर ८७ प्रतिशत बालबालिकालाई मात्र खोप दिएर समस्या समाधान नहुने निश्चित छ। यसपालि कञ्चनपुरमा झुल र खोप वितरण नगरिएको क्षेत्रमा पनि यसको प्रकोप देखिएको छ।

बेलैमा इन्सेफ्लाइटिसविरुद्ध सुरक्षाका उपाय नअपनाउनु पनि बढ्दो मृत्युको कारण बनेको छ। दुई दशकदेखि महाकाली अञ्चल अस्पतालमा कार्यरत परिचारिका किशोरी श्रेष्ठका अनुसार प्रकोप बढेपछि मात्र हल्ला हुने गर्छ। बेलैमा सचेत हुन र गराउनतिर कसैको ध्यान गएको पाइँदैन। श्रेष्ठका अनुभवमा बेलैमा सचेत हुन र गराउन सके मृत्युदर घट्न सक्छ। एक स्वास्थ्यकर्मीका अनुसार फागुनचैतमा लगाउनुपर्ने खोप यसपालि असारमा लगाइए, जुन चरम लापर्वाही हो।

सरकारले खोप खरिद गरी प्रभावित क्षेत्रका केही जिल्लामा यस वर्षदेखि लगाउन सुरु गरे पनि विगतका वर्षमा सहयोगस्वरुप आएका रोगविरुद्धका खोप प्रभावित क्षेत्रमा वितरण गरेको छ। दक्षिण कोरियाको बोराङ फर्मास्युटिकल कम्पनीले सात वर्षअघि नेपाललाई सहयोग स्वरुप उपलब्ध गराएको २ लाख २५ हजार 'लाइभ सिंगल डोज' बाँके, बर्दिया र कैलालीका १५ वर्षमुनिका केटाकेटीलाई लगाइएको थियो। त्यसपछि चीनले उपलब्ध गराएको २० लाख 'इनएक्टिभेटेड डोज' खोपमध्ये ५ लाख डोज बालबालिकालाई उपलब्ध गराइएको थियो। 'लाइभ डोज' एकपटक दिए पुग्छ भने 'इनएक्टिभेटेड डोज' ६ महिनाभित्र ३ पटकसम्म दिनु पर्छ। यस रोग संक्रमणका जोखिममा बालबालिका नै बढी पर्छन्।

जापानी इन्सेफ्लाइटिसले बर्सेनि आक्रमण गरे पनि यसको महामारीको चक्र छ, जसले २ देखि ५ वर्षमा उग्र रुप लिने गरेको पाइएको छ। त्यसैले आगामी वर्षमा देखा पर्ने चक्रमा खोपको अभावका कारण कुनै पनि नेपालीले यस रोगबाट ज्यान गुमाउनबाट बचाउनका लागि सरकार अहिलेदेखि नै संवेदनशील हुनु आवश्यक छ।

**■ ओमआस्था राई/धरान, रुद्र खड्का/ नेपालगन्ज र श्याम भट्ट/महेन्द्रनगरको सहयोगमा मनीष गौतम/काठमाडौं**







▲ फोटो पत्रकार राजेन्द्र मानन्धरले खिचेको दाबी गरेका भए पनि इन्सेकले विभिन्न सञ्चारमाध्यममा आफ्नो भनेर प्रयोग गरेको तस्बिर।

◄ *संयोग मात्र हो र ?:* कार्टुनिस्ट अविनको २०६२ साउन २० गते *'समय'*मा प्रकाशित कार्टुन (बायाँ) र कार्टुनिस्ट रमेश बिष्टको २०६३ भदौ २ गते *'विमर्श'*मा प्रकाशित कार्टुन (दायाँ)।

# बढ्दो बौद्धिक अपराध

**प्रतिलिपि अधिकारसम्बन्धी कानुन कार्यान्वयन गर्न सरकारी तत्परताको कमीले गर्दा बौद्धिक अपराधका घटना बढिरहेका छन्। कानुनी ज्ञानको अभाव र दण्ड र क्षतिपूर्ति दिने प्रक्रियामा तदारुकता नआएकाले यस्ता घटना दोहोरिरहेका छन्।**

■ **छत्र कार्की/काठमाडौं**

**२०२८ साल भदौको** रूपरेखामा प्रकाशित शंकर लामिछानेको 'आवागार्डको सौन्दर्यशास्त्र' नामक लेख अमेरिकी लेखक माइकल कर्भीको लेखबाट नक्कल गरिएको भन्ने आरोप छापिएपछि लामिछानेले उक्त आरोप स्वीकार गरेका थिए। कुमुदिनी नामक छद्मनामबाट प्रेषित पाठकपत्रको प्रस्टीकरणमा उनले २०२९ साल भदौको रुपरेखामा लेखेका थिए, 'नेपाली साहित्यलाई कुमुदिनी जस्ता सचेत पाठकको खाँचो छ, जसले गर्दा लेखकले बाटो बिराउन पाउँदैनन्।' आधुनिक नेपाली निबन्धका प्रखर स्रष्टा लामिछानेले भविष्यमा यस्ता गल्तीप्रति औंला ठड्याउने मौका नदिने प्रतिबद्धता जाहेर गर्दै ४ वर्षसम्म कुनै रचना सिर्जना नै गरेनन्।

लामिछानेले माइकलको लेखको अंश हुबहु अनुवाद गरेर नक्कल गरेका थिएनन्, न त त्यसमा अनुच्छेद नै सारिएको थियो, माइकलको लेखको भावबाट मात्र प्रभावित थियो। पाठकले लेखमाथि खोट देखाएपछि मनगढन्ते प्रतिक्रिया दिएर आफूलाई चोखो पार्नुको सट्टा तुरुन्तै आफ्नो गल्ती स्वीकार गरेर लामिछाने उदाहरणीय बनेका थिए। उनीपछि अहिलेसम्म सिर्जना चोरीको बात लागेका कुनै पनि लेखकले आफ्ना गल्ती स्वीकार गर्नुको सट्टा बेतुकका बहाना बनाएर बचाउको प्रयास गरेको देखिन्छ। लामिछाने नक्कल प्रकरणको ३ दशकपछि पनि सिर्जना चोरी गर्ने क्रम रफ्तारमा बढेको छ। अहिले कथा, कविता, गीत, संगीत, चित्रमात्र होइन, अखबारमा प्रकाशित लेखहरू वा इन्टरनेटका सामग्रीको अनुच्छेद नै सारेर किताब प्रकाशन गरी आफूलाई विज्ञको कोटीमा राख्न खोज्नेहरूको संख्या बढेको छ। चोरीको अभियोग लागेपछि अधिकांशले भूलवश गल्ती भएको र सिर्जना मिल्न जानु संयोगमात्र भएको टिप्पणी गरेर आफूलाई पानीमाथिको ओभानो बनाउन खोजेको देखिन्छ।

पछिल्लो समयमा लेखको भावमात्र होइन, पूर्वप्रकाशित लेख, किताब, जर्नलबाट अनुच्छेद नै जोडजाड गरेर किताब लेख्नेहरूको होडबाजी चलेको छ। विभिन्न पत्रपत्रिकामा स्वतन्त्र लेखन गर्दै आएका भीमप्रसाद भूर्तेल आफूलाई विज्ञको रुपमा प्रचारबाजी गरिरहेका व्यक्तिहरू पनि सिर्जनात्मक चोरीमा नांगोरूपले प्रस्तुत भएको बताउँछन्। २०६० साल मंसिर ७ गते कान्तिपुर दैनिकमा छापिएको भूर्तेलको 'द्वन्द्वको व्याकरण र अग्रगामी राजनीतिक छलाङ' शीर्षकको लेखबाट २०६० साल चैतमा डिएफआइडीको आर्थिक सहयोगमा इनएब्लिङ स्टेट प्रोग्रामअन्तर्गत प्रकाशित विष्णुराज उप्रेतीको 'द्वन्द्व व्यवस्थापनका सिद्धान्त र विधिहरू' नामक किताबमा कतै पनि सन्दर्भ सामग्रीमा नाम उल्लेख नगरीकन लेखको महत्त्वपूर्ण अंश बीचबीचमा सारिएको भूर्तेलको दाबी छ। भूर्तेलका अनुसार उप्रेतीले भूर्तेलको लेखबाट उक्त किताबको पृष्ठ ५ देखि ८ सम्म केही संशोधित अनुच्छेद, २/३ ठाउँमा शब्दलाई तलमाथि पारेर महत्त्वपूर्ण अंशहरू र ९२ पृष्ठमा एउटा अनुच्छेद जस्ताको तस्तै राखेर बौद्धिक चोरीको नमुना देखाएको भूर्तेलको आरोप छ।

आफ्नो सिर्जना चोरी भएपछि २०६१ साल असार २० गते भूर्तेलले सबुत प्रमाणसहित कान्तिपुरमा पाठकपत्र पठाएका थिए। भूर्तेल भन्छन्, 'पछि उप्रेतीले फेरि कान्तिपुरमा प्रस्टीकरण छपाएर सन्दर्भ सामग्रीमा भूलवश भूर्तेलजीको नाम राख्न छुटेको भनी बचाउ गरे।'

पछिल्लोपटक रचना नक्कल प्रकरणमा पद्मोदय माध्यमिक विद्यालयका प्रधानाध्यापक रमेशप्रसाद गौतमको पनि नाम थपिएको छ। गौतमले २०६३ साल असार ४ गतेको 'स्तरीय शिक्षा : नारामात्रै ?' शीर्षक दिएर नेपाल साप्ताहिकमा छापेको लेख विमलकुमार फुयालको पूर्वप्रकाशित लेखबाट अधिकांश वाक्य हुबहु सारिएको फुयालको दाबी छ। फुयालका अनुसार हिमाल पाक्षिकमा २०६१ साल फागुन १६-३० मा छापिएको 'सबैको लागि स्तरीय शिक्षा: खाँचो राष्ट्रिय अठोट र प्रतिबद्धताको' भन्ने आफ्नो लेखबाट गौतमले चोरी गरेका हुन्। फुयाल भन्छन्, 'अर्काको रचनाको अंश छपाएर लेखक बन्न खोज्नु अपराधको पराकाष्ठा हो।' गौतम भने फुयालको लेखको अंश भुलवश आफ्नो लेखमा पर्न गएको र आफ्नो चोरी गर्ने नियत नभएको जनाउँदै बचाउ गर्छन्।

२०५२ सालमा प्रकाशित राजेश गौतमको 'मानवअधिकारको दृष्टिकोण'मा २०५० सालमा नेपाल कानुन समाजले छापेको काशीराज दाहालको 'मानवअधिकार विधिशास्त्र'बाट ३/४ अनुच्छेद

हुबहु राखेपछि गौतम पनि सिर्जना चोरी प्रकरणमा मुछिएका थिए। त्यस बेला गोरखापत्रमा 'किताब चोर महाचोर !' शीर्षकको समाचार छापिएपछि गौतमको नियत उदांगो भएको थियो। हामीकहाँ हुबहु लेख चोरी गरिएका यी त केही प्रतिनिधि उदाहरण मात्र हुन्। प्रतिलिपि अधिकारप्रति सबैको चासो नरहेको अवस्था सिर्जना चोरी गर्नेहरूको संख्या यकिन हुन सजिलो छैन।

पछिल्लो समयमा अरूको तस्बिर आफ्नो नाममा छाप्ने चोरीको नयाँ आयाम पनि थपिएको छ। जनआन्दोलन- २ का बेला २०६३ साल वैशाख ७ गते क्रूर प्रहरी दमनका कारण कलंकीमा हताहत र घाइते हुने आन्दोलनकारीको संख्या अघिल्ला दिनभन्दा धेरै थियो। त्यस दिन फोटो पत्रकारहरूले ज्यानको बाजी मारेर क्यामेरामा नृशंस दमनको दृश्य कैद गरेका थिए। 'समाचार पठाउन ढिलो भयो, तुरुन्त फोटो चाहियो', कार्यालयबाट ताकेता आए पनि रणभूमि बनेको उक्त स्थानबाट फोटो पठाउने कुनै उपाय थिएन फोटो पत्रकार राजेन्द्र मानन्धरसँग।

घटनास्थलमा रहेका इन्सेक प्रतिनिधिले आफ्नो कार्यालयमा इमेल सुविधा रहेको जनाएपछि इन्सेक कार्यालय गई फोटो पठाएको मानन्धर बताउँछन्। वैशाख ८ गते विभिन्न राष्ट्रिय अखबारमा इन्सेक र कोक्यापको सौजन्य भन्दै आफूले खिचेका तस्बिर छापिएपछि मात्र राजेन्द्रले चलाखीपूर्ण तरिकाले चोरिएको पत्तो पाए। उनी भन्छन्, 'मेरा तीनवटा फोटो उनीहरूले आफ्नो नाम राखेर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा दिएका छन्, त्यसको प्रमाण मसँग छ।' मानन्धरले काठमाडौं जिल्ला अदालतमा प्रतिलिपि अधिकार ऐन- २०५९ अनुसार इन्सेक र कोक्यापविरुद्ध रचना चोरीको मुद्दा दायर गरेका छन्।

कार्टुन नक्कल गरेर छपाउने कार्य पनि पछिल्लो चरणमा बढेको देखिन्छ। कार्टुनमा केही थिम मिल्नुलाई अन्यथा लिन नसकिएला, तर फरक मितिमा छापिएका फरक कलाकारको उस्तै सिर्जनालाई संयोग मात्र भन्न मिल्दैन। २०६२ साल साउनमा समय साप्ताहिकमा छापिएको अविनको कार्टुन र २०६३ साल भदौमा विमर्शमा छापिएको रमेश विष्टको कार्टुनले विवादको रुप लिएको छ। (हेरौं, तस्बिर) अविनले आफ्नो कार्टुनको हुबहु नक्कल गरिएको आरोप लगाएका छन्। उता, विष्ट आफूले कहिल्यै अविनको कार्टुन नहेरेको र त्यसरी मिल्नु संयोग मात्र भएको बताउँछन्।

धेरै नेपाली सर्जकका रचना अरूबाट नक्कल गरिएको आरोप लागेको छ। अशेष मल्लको 'हामी वसन्त खोजिरहेछौं' बंगाली नाटककार बादल सरकारको 'मिथिल'को ठाडो प्रभाव रहेको २०४० भनी सालमै पाठक प्रतिक्रियामार्फत प्रताप अधिकारीले आरोप लगाएका थिए। कवि दिनेश अधिकारीको हर्के उर्फ हर्कबहादुर कविता कवि विमल कोइरालाको ध्रुवे उर्फ ध्रुवबहादुरबाट प्रभावित रहेको आरोप छ भने ध्रुवचन्द्र गौतमको 'निमित्त नायक' स्पेनिस लेखक गोर्मेच सेर्नाको 'प्रक्सी'बाट प्रभावित भएको भनी २०४४ सालमा दिनेश सत्याल 'सौरभ'ले मिमिरिमा प्रतिक्रिया लेखेका थिए। रमेश विकलको लाहुरी भैंसी चिनियाँ कथाबाट, विपीको दोषी चस्मा चेखवको डेथ अफ क्लार्कबाट, पारिजातको शिरिषको फूल ओसोमा दोजाईको द सेटिङ सन, मोहनराज शर्माको यमा मनोरञ्जन दासको शब्दलिपिबाट प्रभावित छन् भन्ने आरोप छ। सन् १९९७ मा नेपाल विश्व बौद्धिक सम्पत्ति संगठनको सदस्य भएपछि प्रतिलिपि अधिकारप्रतिको चासो बढेको देखिन्छ। २०५९ सालमा प्रतिलिपिअधिकार ऐन आएपछि सिर्जनालाई बौद्धिक सम्पत्तिको रुपमा स्वीकार गरेको देखिन्छ। २०६१ सालमा प्रतिलिपि अधिकार नियमावली लागू भएपछि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्रतिलिपि अधिकार शाखा गठन गरी एकजना रजिस्ट्रारसमेत तोकेको छ। उक्त शाखामा अहिले दैनिक ३/४ वटा सिर्जना चोरीका उजुरी आउने गरेको निमित्त रजिस्ट्रार दीपक खनाल बताउँछन्।

कसैले सिर्जना चोरीको मुद्दा सरकारवादी भएकोले प्रहरीमार्फत नै जानुपर्ने हुन्छ, त्यसैले पनि सर्जकहरूले रचना चोरी भएको थाहा हुँदा हुँदै पनि उजुरी गरेको पाइँदैन। निमित्त रजिस्ट्रार खनाल यो प्रक्रियालाई सरलीकृत गर्नेबारे छलफल भइरहेको बताउँछन्। प्रतिलिपि अधिकार संरक्षण नियमावलीको दफा २७ अनुसार सिर्जना चोरी गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरेर १० हजारदेखि १ लाखसम्म जरिवाना वा ६ महिना कैद वा दुवै सजाय हुने प्रावधान छ।

अदालतले चोरीविरुद्ध केही सर्जकको पक्षमा फैसला गरेको छ। मिहिरकुमार ठाकुर कानुनको किताब अंग्रेजीमा अनुवाद गरेर छाप्ने भेषजंग बादललाई जिल्ला अदालत काठमाडौंले २०६० साल माघमा ७ लाख रुपैयाँ क्षतिपूर्ति र ५० हजार रुपैयाँ जरिवाना तोकेको छ। त्यस्तै राम थापाद्वारा संगीतबद्ध 'मै छोरी सुन्दरी....'को रिमिक्स निकाल्ने ओपेल कम्पनीलाई पनि जरिवाना तोकेको छ। प्रतिलिपि शाखाले केही मुद्दा भने दुवै पक्षको सहमतिमा मिलाउने काम पनि गरेको छ। दिवाकर चन्दको 'रोडम्याप अफ नेपाल' नामक किताबमा विनाअनुमति आरके मानन्धरको तस्बिर राखेको मुद्दामा मानन्धरलाई १० हजार रुपैयाँ क्षतिपूर्ति दिएर मिलाइएको छ।

प्रतिलिपि अधिकार कानुन कार्यान्वयन गर्न सरकारी बेवास्ताले गर्दा बौद्धिक अपराधका घटना बढिरहेका छन्। कानुनी ज्ञानको अभाव र दण्ड र क्षतिपूर्ति दिने प्रक्रियामा तदारुकता नआएकाले यस्ता घटना दोहोरिरहेका छन्। त्यसो त पाठकको चनाखोपनको समेत कमी रहेको पाइन्छ। नेपाल प्रतिलिपि अधिकार संरक्षण समाजका महासचिव सन्तोष शर्मा भन्छन्, 'प्रतिलिपि अधिकार आर्थिक र नैतिक दुवै अधिकार भएकाले सबै पक्ष गम्भीर हुनुपर्छ अनि मात्र स्रष्टाको हक सुरक्षित गर्न सकिन्छ।'

सिर्जना चोरी गरेर कथित लेखकको उपाधि भिर्न अघि सर्ने व्यक्तिहरू वा अनुमति नलिईकन कसैका सिर्जना छाप्ने संस्थालाई कानुनी ढंगबाट सजायको भागीदार बनाउनुपर्छ। यसका लागि प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालयले पनि अरू सरकारी निकायसँग समन्वय गरी स्रष्टाको हक जागाउन तदारुकतासाथ काम गर्नु आवश्यक देखिन्छ। यसो गरेको खण्डमा रचना चोरी गरेर नाम र दाम कमाउन पल्केकाहरू नांगिने निश्चित छ। ■

# व्यवहारिक प्रतिबद्धता चाहिन्छ



■ **सन्तोष शर्मा, महासचिव, नेपाल प्रतिलिपि अधिकार संरक्षण समाज**

**अहिले सिर्जना चोरीको अवस्था कस्तो छ ?**

- प्रतिलिपि अधिकार नियमावली आएपछि प्रतिलिपि अधिकारप्रति चेतना अभिवृद्धि भएको छ। तर, सिर्जना चोरी गर्ने क्रम भने घटेको छैन, झन् बढिरहेको छ। अर्को कुरा बौद्धिक सम्पत्तिलाई सम्पत्तिको रुपमा स्वीकार गर्ने परिपाटी बसेको छैन। अहिले पनि सर्जकको अनुमतिविना पाइरेसी गरेर किताब छाप्ने, गाइड निकाल्ने, गीतको रिमिक्स गर्ने मात्र होइन, नियतवश नै कविता, कथा, चित्र, कार्टुनलगायत सिर्जना हुबहु नक्कलका साथै अरू लेखकका लेखको अंश जोडेर किताब निकाल्ने क्रम पनि बढिरहेको छ।

**प्रतिलिपि अधिकार नियमावली आएपछि किन सिर्जना चोरी गर्नेहरू दण्डित हुन नसकेका त ?**

सरकारले प्रतिलिपि अधिकार शाखाअन्तर्गत रजिस्ट्रार कार्यालय स्थापना गरेपछि उक्त कार्यालयबाट मध्यस्थताको रूपमा उल्लेखनीय काम नभएका होइनन्, तर रजिस्ट्रार कार्यालयले अरू निकायसँग समन्वय कायम गरेर जसरी काम गर्नुपर्ने हो, त्यो भएजस्तो लाग्दैन। त्यसकारण सर्जकहरूमा उजुरी गरेर पनि के गर्ने न्याय पाइन्न भन्ने भावना रहेको पाइन्छ। कानुनले सिर्जना चोरी गर्नेलाई सजायको व्यवस्था गरेको छ। यसको कार्यान्वयनका लागि व्यवहारिक प्रतिबद्धता चाहिन्छ।

**स्रष्टाहरूको हितमा प्रतिलिपि अधिकार समाजले के गरिरहेको छ ?**

सिर्जना चोरी भएर अन्यायमा परेका सर्जकहरूलाई मुद्दा प्रक्रियामा जान समाजले आवश्यक परामर्श दिने काम गरेको छ। प्रतिलिपि अधिकारसम्बन्धी मुद्दा सरकारवादी भए पनि कानुनी उपचारको लागिसमेत हामीले मद्दत गरेका छौं। अर्को कुरा, कुनै प्रसारण संस्थाले स्रष्टाहरू गीत संगीत बजाएबापत रोयल्टी दिनुपर्ने परम्परा स्थापित गर्न लागी परेका छौं। ■




बालुबाटारमा सात दलका नेताहरूका साथमा माओवादी नेताहरू

तस्वीरहरू : भास्वर ओझा

# दोहोरो खेलको सिकार

**सात दल र माओवादीबीच दसैंअघि नै शीर्षवार्ता गर्ने तयारी भए पनि सरकार र माओवादी दोहोरो खेलमा रहेका कारण शान्तिवार्ता अझै सहजरूपमा अघि बढ्नेमा विश्वस्त हुने स्थिति छैन ।**

■ **सुवास देवकोटा/काठमाडौं**

प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला र माओवादी अध्यक्ष प्रचण्डबीच असोज १ गते भएको २ घन्टा लामो वार्तापछि सात दल-माओवादीबीच शीर्षवार्ता हुने वातावरण बनेको सरकार पक्षले बताएको छ । अर्को साता निश्चित हुने भनिएको शिखरवार्ताले अन्तरिम संविधानमा विवाद रहेका विषय टुंगो लगाउने, हतियार व्यवस्थापनको थालनीसँगै अन्तरिम संविधान जारी हुने मिति घोषणा गर्ने तथा अन्तरिम सरकार गठन र संविधानसभा निर्वाचनको अनुमानित मिति तोक्ने पर्यटनमन्त्री तथा सरकारी वार्ताटोली सदस्य प्रदीप ज्ञवाली बताउँछन् । मन्त्री ज्ञवालीको विश्वास छ, सरकार र माओवादी वार्ताटोलीले गरिरहेको गृहकार्य र अन्तरक्रियाले शान्तिवार्तालाई सकारात्मक दिशामा लान सफलता पाउनेछ ।

तर आगामी शीर्षवार्तामा पनि असार २ गते भएको सात दल र माओवादीबीचको आठबुँदे सहमतिमा जस्तै सरकार प्रत्यक्ष संलग्न नहुने निश्चित भएकाले वैधानिकताको समस्या आउने सम्भावना कायमै छ । यसैगरी नेपाल सरकार प्रत्यक्ष संलग्न नरहने शीर्षवार्ताले सरकार र माओवादीबीच युद्धविराम तथा मानवअधिकार सम्झौता गर्ने सम्भावना पनि कम छ । शान्तिवार्ता प्रक्रिया सघाउन नेपाल आएको संयुक्त राष्ट्रसंघीय टोलीका नेता इयान मार्टिनले सरकार र माओवादीलाई तत्काल युद्धविराम तथा मानवअधिकार सम्झौता गर्न आह्वान गरेको सन्दर्भमा यी सम्झौतामा हुने ढिलाइले शान्ति प्रक्रियामा राष्ट्रसंघीय सहभागिता शंकामा पर्ने त छँदै छ, समग्र शान्ति प्रक्रियामा पनि जटिलता थपिने निश्चित छ । सरकार र माओवादीको पाँचबुँदे सहमतिपत्रका आधारमा नेपाल आएको राष्ट्रसंघीय टोली अहिले नै बेरोजगार अवस्थामा पुगेको छ ।

तर मन्त्री ज्ञवाली भने असार २ गतेजस्तो अब हुने राजनीतिक सहमतिमा वैधानिक समस्या नआउने तथा आगामी शिखरवार्तामै सरकार र माओवादीबीच युद्धविराम तथा मानवअधिकार

**माओवादी पनि वार्तासँगै सहरी विद्रोहको दोहोरो खेलमा लागेको देखिएको छ । राजधानीमा सक्रिय माओवादी सैन्यका डेपुटी कमान्डर वर्षमान पुन 'अनन्त'ले पत्रपत्रिकाहरूमा वार्तामार्फत राजनीतिक समाधान नभए तिहारपछि आन्दोलन गर्ने र त्यो विद्रोहमा परिणत हुने सार्वजनिक चेतावनी दिएका छन् ।**



सम्झौता हुने सम्भावना अत्यधिक रहेको दाबी गर्छन् । दसैंपछि सरकार र माओवादीबीच पनि शीर्षवार्ता हुने तथा त्यसले शान्तिवार्तामा अहिले देखिएका सबै समस्या समाधान गर्ने ज्ञवालीको विश्वास छ ।

यद्यपि प्रधानमन्त्री कोइराला र प्रचण्डबीचको पछिल्लो वार्तापछि माओवादी सरकारविरुद्ध कम आक्रमक भए पनि अझै आश्वस्त बनेको देखिँदैन । माओवादीले प्रधानमन्त्री र प्रचण्डबीचको बालुवाटार वार्तापछि शिखरवार्ताका निम्ति थप प्रक्रिया अघि बढेको स्विकारेको छैन । माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्मा भन्छन्, 'सात दल र सरकारले शिखरवार्ताको तयारीलाई अघि बढाएका छैनन् । हामी सात दल र सरकारले वार्ताको तयारी र शिखरवार्ताका लागि आमन्त्रण गर्ने प्रतीक्षा गरिरहेका छौं ।'

प्रचण्डसँगको वार्तामा प्रधानमन्त्री कोइरालाले सात दलको बैठकले शिखरवार्ताको एजेन्डा तय गर्ने र वार्ता गर्ने भने पनि सात दलको बैठक बस्ने मिति अझै टुंगो भएको छैन । यद्यपि, सात दलको बैठक छिट्टै गर्ने तयारी भइरहेको सात दलको कार्यदलमा रहेको नेताहरूको दाबी छ । यता, सरकारी वार्ताटोलीमा रहेका मन्त्रीका दल नेपाली कांग्रेस, एमाले र प्रजातान्त्रिक कांग्रेसबीच माओवादीसँगको आगामी शिखरवार्ताको एजेन्डाबारे सहमति बनेको दाबी सरकारी वार्ताटोली स्रोतको छ ।

## दोहोरो खेल

माओवादी र सात दलबीच शिखरवार्ताको तयारी तीव्र गतिमा भइरहेको सरकारी पक्षले दाबी गरे पनि प्रधानमन्त्री कोइराला नै वार्ता सफल पार्न गम्भीर नरहेको स्रोत दाबी गर्छ ।

माओवादीसँगको वार्ता असफल हुने सम्भावना विचार गरेर सरकारले सुरक्षाकर्मीहरूको मनोबल 'उच्च राख्न' प्रयत्न गरिरहेको स्रोतको दाबी छ भने प्रधानमन्त्री कोइराला शान्तिवार्ता सफल पार्नभन्दा सात दल गठबन्धनका अन्य ठूला दल एमाले र प्रजातान्त्रिक कांग्रेसलाई पछार्न माओवादीसँगको सम्बन्ध प्रयोग गर्ने पक्षमा रहेको पनि केहीको आरोप छ । प्रधानमन्त्री कोइरालाले प्रचण्डसँगको वार्ताका माध्यमबाट एमाले महासचिव माधवकुमार नेपाल र कांग्रेस प्रजातान्त्रिक सभापति शेरबहादुर देउवालाई तेजोबध गर्ने प्रयास गरेको स्रोत बताउँछ । माओवादीसँगको सम्बन्धलाई आधार बनाएर प्रधानमन्त्रीले सम्भावित कांग्रेस एकतामा आफ्नो सौदाबाजीको ताकतलाई बढाउन खोजेको पनि प्रधानमन्त्री कोइरालाका विपक्षी बताउँछन् ।

प्रधानमन्त्री कोइराला प्रचण्डसँगको वार्ताका निम्ति आफ्नो इच्छाभन्दा दबाबका कारण तयार भएको एमाले महासचिव माधवकुमार नेपालसँग अघिल्लो दिन उनले गरेको भेटले पुष्टि पनि गर्छ । एमाले महासचिव नेपालले भदौ ३१ गते शान्तिवार्ता निर्णायक ढंगले अघि बढाउन तथा सरकारलाई एकलौटी नचलाउन कोइरालालाई भेटेरै दबाब दिएका थिए । प्रधानमन्त्री कोइराला र नेपालबीचको भेटचाहिँ भदौ २९ गते सरकारको कार्यशैलीले निरन्तरता पाए एमाले सरकारबाट बाहिरिने नेपालको चेतावनीका कारण सम्भव भएको थियो ।

यता, माओवादी पनि वार्तासँगै सहरी विद्रोहको दोहोरो खेलमा लागेको देखिएको छ । राजधानीमा सक्रिय माओवादी सैन्यका डेपुटी कमान्डर वर्षमान पुन 'अनन्त'ले पत्रपत्रिकाहरूमा वार्तामार्फत राजनीतिक समाधान नभए तिहारपछि आन्दोलन गर्ने र त्यो विद्रोहमा परिणत हुने सार्वजनिक चेतावनी दिएका छन् । यसैगरी असोज ३ गते प्रचण्डले माओवादीको भातृ संगठन अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलनको बन्द सत्रमा दिएको वक्तव्य पनि अनन्तको चेतावनीभन्दा भिन्न छैन । तीन साताअघि काभ्रे कामीडाँडामा भएको पार्टी केन्द्रीय समिति बैठकको निष्कर्ष सुनाउँदै प्रचण्डले सरकारसँगको



पहिलो वार्ताका क्रममा सात दलका नेताहरूका साथमा माओवादी नेताहरू

## ६ साता खतरापूर्ण

अखिल क्रान्तिकारीको राष्ट्रिय सम्मेलन उद्घाटन समारोहलाई असोज २ गते सम्बोधन गर्दै माओवादी वार्ताटोली सदस्य देव गुरुङले अमेरिकाले काठमाडौंमा बनाउँदै गरेको राजदूतावास भवन परिसरमा सैनिक शिविर पनि बनाउने तयारी गरिरहेको बताएर सनसनी मचाए। गुरुङले कार्यक्रममा निर्माणाधीन राजदूतावासमा अमेरिकाले सात हजार अमेरिकी सैनिक राख्न लागेको पनि बताएका थिए।

माओवादीको उग्र आलोचक रहँदै आएको अमेरिकी दूतावास भने माओवादी नेताको दाबीलाई हास्यास्पद मान्छ। स्रोतले माओवादीले राजधानीमा विद्रोहको नाममा सत्ता कब्जा गर्ने तयारी गरिरहेको विश्लेषणमा दूतावास रहेको पनि पनि उल्लेख गरेको छ। अमेरिकी दूतावास आगामी ६ साता राजधानीको सुरक्षाका निम्ति खतरापूर्ण रहेको निष्कर्षमा समेत पुगेको स्रोतको दाबी छ।

अमेरिकी निष्कर्षको आधार माओवादीले भन्न थालेको तिहारपछिको सशक्त आन्दोलन भएको पनि स्रोत जानकारी दिन्छ।

वार्ता ठिक दिशामा नगइरहेको बताएका थिए। करिब ४५ मिनेट लामो सम्बोधनमा प्रचण्डले निर्णायक विद्रोहको नेतृत्व गर्नका लागि तयार रहन विद्यार्थीहरूलाई निर्देशन दिएका थिए। यद्यपि, जुनसुकै परिस्थितिमा आफ्नो पार्टीले पहिले युद्धविराम भंग नगर्ने कुरा भने संचारकर्मीलाई प्रवेश नदिइएको विद्यार्थीको बन्द कार्यक्रममा समेत प्रचण्डले दोहोर्‍याएका थिए। 'दुई मोर्चालाई एउटै घोडामा सँगसँगै कुदाउनुपर्छ' वार्ता र सडक संघर्षलाई सँगै अघि बढाउने पार्टीको रणनीति व्याख्या गर्ने क्रममा प्रचण्डले प्रस्तुत गरेको निष्कर्ष थियो। माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईसमेत उपस्थित उक्त कार्यक्रममा माओवादीको जनवर्गीय र मोर्चा संगठनका इन्चार्ज तथा वार्ताटोलीका सदस्य देव गुरुङले पनि बोलेका थिए।

### आशंका कायमै

अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले मध्यपश्चिमको भ्रमणपछि माओवादीको चरित्र नफेरिएको तथा हतियारको बलमा माओवादीले ज्यादती कायम राखेको निष्कर्ष सार्वजनिक गरेका छन्। यसले पनि माओवादीलाई हतियारबाट अलग नगरी ऊसँग थप राजनीतिक सहमति नगर्न सरकारलाई अमेरिकालगायत अन्तर्राष्ट्रिय समुदायबाट तीव्र दबाब पर्ने निश्चित छ। दसैं अघि नै हुने भनिएको सात दल र माओवादीबीचको वार्तामा हतियार व्यवस्थापन अघि बढाउन सात दल र माओवादीबाट कस्ता अडान आउनेछन् भन्ने विषयले पनि शान्तिवार्ता सहजरुपमा अघि बढ्ने वा नबढ्ने निर्धारण गर्नेछ। सरकार र माओवादीले राष्ट्रसंघलाई पठाएको पाँचबुँदे सहमति पत्रमा नेपाली सेनालाई ब्यारेक र माओवादी सेनालाई अस्थायी छाउनीमा राख्ने उल्लेख भए पनि प्रधानमन्त्री कोइराला माओवादी सेना र हतियार अलग हुनुपर्ने अडानमा दृढ रहेको स्रोत बताउँछ। उता, माओवादीले आफ्नो सेना र हतियारलाई कुनै हालतमा नअलग्याउने बताउँदै आएको छ।

माओवादीले स्वेच्छिक चन्दा अभियानका नाममा फैलाएको चन्दा भयले पनि माओवादीको शान्तिप्रतिको प्रतिबद्धतामा अन्तर्राष्ट्रिय आशंका बढेको बताइन्छ। पछिल्लो समय माओवादीले होटलहरूमा थालेको चन्दा अभियानकै कारण धेरै उद्योगपतिहरू पलायनको मनस्थितिमा छन्। त्यसको ताजा उदाहरण बनेकी छन्, होटल हायातकी भारतीय मूलकी प्रबन्ध निर्देशक। उनी पद त्याग गरेर स्वेदश फर्किएको स्रोत बताउँछ। यसैगरी विद्यार्थी सम्मेलनमा निजी विद्यालयका विद्यार्थीहरूको ठूलो संख्या उतारेर माओवादीले अझै जबरजस्ती राजनीति जारी राख्न खोजेको देखाएको छ। यसलाई सहरी मध्यम वर्ग र अन्तर्राष्ट्रिय समुदायले माओवादीले पुरानो शैली त्याग्न नखोजेको रूपमै बुझेका छन्।

माओवादीसँगको वार्तामा राख्ने एजेन्डाबारे सात दल र सरकार नै अन्योलमा रहेकाले पनि वार्ता र सहमतिमा समस्या आउने सात दल र माओवादीका पछिल्ला वार्ता अध्ययन गर्नेहरू बताउँछन्। माओवादीसँगको वार्ता सहज पार्ने नाममा सरकारले सुरक्षा व्यवस्था खुकुलो पारेर शान्ति सुरक्षा कमजोर बनाएको छ भने सरकारको यही रणनीतिका कारण माओवादीलाई आक्रामक बन्न सहयोग पुगेको छ। यसैगरी शान्ति सुरक्षा हेर्ने गृहमन्त्री र सरकारी वार्ताटोली प्रमुख एकैजना रहेकाले पनि शान्तिवार्तामा समस्या देखिएको मान्नेहरू पनि छन्। एमाले महासचिव माधव नेपालले प्रधानमन्त्री कोइरालासँगको भेटमा शान्ति मन्त्रालय गठन गर्न जोड दिएर यसै मान्यतालाई बल पुर्‍याएका थिए। विभिन्न मुलुकका नेपालस्थित राजदूतहरूले पनि सरकारलाई गृहमन्त्री र वार्तासमितिको प्रमुखमा एकै व्यक्ति राख्न नहुने सुझाव दिएको स्रोतहरू उल्लेख गर्छन्। ■

# दोषी सरकार

**सुरक्षानिकायबाट** हुने मनपरी बल प्रयोगलाई फौजदारी अभियोग मानी कारबाही चलाउनुपर्ने सुझावसहितको मानवअधिकारसम्बन्धी प्रतिवेदन नेपालस्थित संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालयले असोज ५ गते सार्वजनिक गरेको छ।

१९ दिनसम्म चलेको जनआन्दोलन-२ मा सुरक्षाकर्मीद्वारा बल प्रयोग गर्दा भएको मानवअधिकार हननसम्बन्धी स्थलगत अध्ययन प्रतिवेदनले तीनवटै सुरक्षानिकाय (सेना, जनपद प्रहरी र सशस्त्र प्रहरीबल)बाट प्रशस्त मात्रामा उल्लघंन हुनुका साथै निहत्था आन्दोलनकारीको मृत्यु समेत भएको औंल्याएको छ।

संघर्षको मैदानमा सहादत प्राप्त पन्ध्रजना सहिद र देशभरका १ सय ४० वटा विरोध प्रदर्शनको अनुगमन, अनुसन्धान, अध्ययन गरेर प्रकाशित उक्त प्रतिवेदनले आन्दोलन अहिंसात्मक बनाउन प्रदर्शनकारीले पनि उत्तरदायीपूर्ण ढंगले कार्यक्रम चलाउनुपर्ने बताएको छ।

खतरापूर्ण स्थानमा आन्दोलनका कार्यक्रम राख्न नहुने, राजनीतिक दलले आचारसंहिता बनाएर बालबालिकाको प्रयोग नगर्ने जस्ता महत्त्वपूर्ण विषयमा प्रतिबद्धता जनाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ। राज्य र आन्दोलनकारीका तर्फबाट भएका मानवअधिकार उल्लघंनका घटनालाई लिपिबद्ध गरेको ८३ पृष्ठ लामो प्रतिवेदन मानवअधिकार उच्चायुक्तको प्रधान कार्यालयमा पनि पठाइनेछ।

सुदूरपश्चिमाञ्चल बाहेक चार विकास क्षेत्रका सदरमुकाम नेपालगन्ज, पोखरा, काठमाडौं र विराटनगरमा मुकाम बनाएर त्यस क्षेत्रको आन्दोलनको अनुगमन गरेर तयार पारिएको प्रतिवेदनले तत्कालीन अधिकारीहरूले अपवादबाहेक सहयोगी व्यवहार प्रदर्शन गरेको उल्लेख छ।

तुलनात्मक रूपमा सशस्त्र प्रहरीमा बन्दीको रूपमा रहेका प्रदर्शनकारीहरूको अनुगमन गर्न कार्यालयलाई धौ धौ परेको थियो। सेनाले सैनिक अदालतको कारबाहीबारे भने जानकारी दिन नमानेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार धेरैजसो प्रदर्शन शान्तिपूर्ण भए पनि केही ध्वंसात्मक र उत्तेजक देखिएका थिए। अध्ययनले सुरक्षाबललाई प्रदर्शनकारीले उक्साएका प्रशस्त घटनाको फेहरिस्त पनि प्रस्तुत गरेको छ। प्रदर्शनका क्रममा राजाको सालिक, संकेतपाटी र अनुहारअंकित अन्य संरचनाहरू तारो बनेका थिए।

प्रतिवेदनअनुसार जनआन्दोलनको क्रममा मानवअधिकारकर्मीहरूले अहं भूमिका खेलेको देखिएको छ। प्रदर्शनकारी र प्रहरीलाई उद्धार गर्ने र अस्पताल पुऱ्याउने काममा मानवअधिकारकर्मीहरूको योगदान अझ स्मरणीय छ।

१९ दिनको आन्दोलनमा १ हजारभन्दा बढीलाई अस्थायी बन्दीगृहमा थुनेको र सयौं कार्यकर्तालाई सार्वजनिक सुरक्षा ऐन लगाएर गिरफ्तार गरिएको भेटिएको प्रतिवेदनमा उल्लेख छ। रेडक्रस सोसाइटी र प्रमुख अस्पतालले जनाएअनुसार आन्दोलनका क्रममा काठमाडौं उपत्यकामा मात्र ४ हजार ३ सयभन्दा बढी घाइते भए। तीमध्ये १ सय ९५ जना गम्भीर घाइते भई अस्पतालमा भर्ना भएका छन्।

संसारका अधिकांश मुलुकमा प्रतिबन्धित रबर गोलीको अनुचित प्रयोग भएको अनुसन्धानले देखाएको छ। काभ्रेपलाञ्चोकको बनेपामा केही घाइतेले आँखामा रबर गोलीकै प्रहारबाट ज्योति गुमाएका छन्।

युनिसेफ र बालअधिकारकर्मी संस्थाहरूले आन्दोलनमा १८ वर्षमुनिका बालकहरू प्रशस्त प्रयोग भएको उल्लेख गरेका छन्। जनआन्दोलनमा २ सय २४ जना बालबालिका घाइते भएका छन्। तीमध्ये छात्राको संख्या १५ छ। दण्डहीनताको चरित्र देखिएकाले घटनाप्रति को जिम्मेवार हो भनी ठम्याएर दण्डको परिपाटी सुरुवात गर्ने सहमति भएको छ।

रायमाझी आयोग गठन हुनेबित्तिकै छानबिन शैलीबारे अवगत गराउन उच्चायुक्तको कार्यालयले केही दस्तावेज उपलब्ध गराएको पनि प्रतिवेदनमा छ। आन्दोलनका सुरक्षाका जुनसुकै निकाय परिचलित भए पनि ती सबैको नेतृत्व सेनाले गरेको उच्चायुक्तको कार्यालयले जनाएको छ।

■ किरण भण्डारी/काठमाडौं






# सुध्रिएन संस्कार

■ गोविन्द परियार/काठमाडौं



**माओवादीले हत्या,** जबरजस्ती चन्दा, अपहरणजस्ता कार्यलाई निरन्तर राखेको र सरकारले आपराधिक क्रियाकलाप नियन्त्रण गर्न नसकेकाले मुलुक अराजकतातर्फ धकेलिएको छ ।

माओवादी खुला राजनीतिमा आएको चार महिना बितिसक्दा पनि उनीहरूको डर अझै पनि सर्वसाधारणको मनबाट हट्न सकेको छैन । सरकार र माओवादीबीच युद्धविराम भएर शान्तिवार्ताको थालनी भएपछि सर्वसाधारणले राज्य र माओवादी दुवैको मार अझै खेप्दै आएका छन् ।

वैशाख १२ गतेपछि माओवादीबाट १९ जनाको हत्या भएको छ भने राज्यबाट नौजना सर्वसाधारणले ज्यान गुमाएका छन् । शान्तिवार्ताको प्रक्रियासँगै राज्य र माओवादी दुवैको तारोबाट उन्मुक्त हुने आशा गरेका नेपाली जनताको पीडा उस्तै छ । त्यससँगै सरकार र माओवादीको पछिल्लो कार्यशैलीले युद्धविराम आचारसंहिताको पूर्णरूपमा उल्लंघन गरेको मानवअधिकारवादीहरूले पनि बताएका छन् ।

मानवअधिकारवादी कृष्ण पहाडी भन्छन्, 'माओवादी खुला राजनीतिमा आए पनि उनीहरूको पहिलेको चरित्र परिवर्तन भएन र यसलाई रोक्ने प्रयत्न सरकारले पनि गरेन, जसले गर्दा अराजकता बढ्दै गएको छ ।' माओवादीको जबरजस्ती चन्दा, अपहरण, यातना, धम्की, कुटपिटजस्ता मानवअधिकार उल्लंघनका बढ्दा घटनाले आमनागरिकको बाँच्न पाउने अधिकारको समेत उल्लंघन गरेका छन् । पहाडी भन्छन्, 'माओवादी र सरकारको पछिल्लो कार्यशैलीले अराजकताको दलदलमा राज्य फसेको संकेत गरेको छ ।'

दसवर्षे द्वन्द्वका कारण विश्वमै मानवअधिकार उल्लंघनमा अग्रस्थानमा परेको नेपालमा द्वन्द्वरत पक्षबीच युद्धविरामपछि पनि अवस्थामा सुधार भएको छैन । मानवअधिकारवादीहरू मानवअधिकार उल्लंघनका स्वरुप झनै फेरिँदै गएको बताउँछन् । इन्सेकका अध्यक्ष सुबोध प्याकुरेल भन्छन्, 'राज्य जनताप्रति संवेदनाशून्य भएको २००७ सालपछिको राजनीतिक इतिहासमा अहिले नै हो ।'

जनताको ऐतिहासिक जनआन्दोलनको बलमा बनेको वर्तमान सरकारले जनताका यावत् समस्या सम्बोधन गर्नुपर्नेमा सामान्य सुरक्षाको समेत प्रबन्ध मिलाउन नसकेको आरोप प्याकुरेलको छ । प्याकुरेल भन्छन्, 'माओवादीले विधवा महिलाले अर्को विवाह गरेका कारण देखाएर समेत हत्या गरेका छन् । यसलाई कसरी युद्धविरामको पालना भएको भन्ने ?' सरकार र माओवादीले युद्धविराम सम्झौता गरेर शान्तिप्रक्रियाको थालनी र मानवअधिकारको अवस्थामा सुधार गर्नु पर्ने विज्ञहरू बताउँछन् । युद्धविराम आचारसंहिता अनुगमन समितिका संयोजक डा. वीरेन्द्रप्रसाद मिश्र भन्छन्, 'सात दल र माओवादीले तुरुन्त युद्धविराम सम्झौतामा हस्ताक्षर गरेर मानवअधिकारको अवस्थामा सुधार गर्नुपर्छ ।' कसैले अनुगमन गर्छ भनेर भन्दा पनि दुवै पक्षले समग्र मुलुकको हितलाई ध्यानमा राखी आफ्ना कार्यशैली परिवर्तन गनुपर्ने डा. मिश्रको

## कारबाही : देखाउने दाँतमात्र

**कुखुरा चोरेको भन्दै** समातिएका सन्तबहादुर विकलाई आफ्ना मिलिसियाले कुटीकुटी मारेपछि माओवादीको लमजुङ-मनाङ संयुक्त जिल्ला समितिले माफी माग्यो । २४ वर्षीय गोरे भनिने सन्तबहादुरलाई कुट्ने आफ्ना कमरेडहरूलाई कारबाही गर्ने प्रतिबद्धता पनि सँगसँगै गरेको थियो माओवादीले, तर माओवादीले त्यसरी गल्ती महसुस गर्दै खाएको कसम सार्वजनिक भइरहेकै दिन भदौ २६ गते उता अर्को अपराध भएको रहस्य त्यसको ३ दिनपछि खुल्यो । हत्या गरेको भनेर माओवादीले कारबाही गरिरहेका छौं भनिएका कमरेड मोहन त्यही दिन अर्को एकजनाको ज्यान लिँदै थिए ।

भदौ २१ गते राति गोरेको हत्या भएकोमा २६ गते माओवादीले क्षमा मागेका थिए, तर त्यही दिन फेरि मोहन नाइके भएको माओवादी मिलिसिया टोलीले १६ वर्षे बालक कुमार परियारको ज्यान लिएको खुलासा भएको हो । 'माओवादीले कारबाही गरेका छौं भनेका मोहनलाई नै कुमारको जिम्मा लगाएका रहेछन् अनि उनकै टोलीले हत्या गरेको पाइयो', घटनास्थलको अध्ययन गरेका मानवअधिकारकर्मी लक्ष्मणदत्त पन्त भन्छन् । गोरेकै समूहमा सहभागी भएर गाउँमा चोरी गरेको आरोप लगाएको छ, कुमारमाथि माओवादीले । कयौं निर्दोष मानिसको ज्यान गोलाबारुदले उडाइदिने अपराध गर्दै आएका माओवादीले सामान्य चोरी गरेको अभियोग लागेका बालकलाई मृत्युदण्ड नै दिनुपर्ने कारण के थियो, उनीहरूसँग जवाफ नभए पनि मानवअधिकारवादी अर्का कार्यकर्ता खगराज आचार्य माओवादी सैनिकहरूमा लोकतन्त्रअघिका शाही सेनाकै जस्तो अहं हावी भएको विश्लेषण गर्छन् ।

गोरे हत्यामा गाउँलेको दबाबका कारण माफी माग्नैपर्ने बाध्यतामा बाँधिएको माओवादी पार्टीले कुमारको हत्या पनि लुकाउने कोसिस नगरेको होइन । घटना भएको श्रीमञ्ज्याङ गाउँबाट एकजनाले सदरमुकाममा सुइँको दिएपछि फेरि बेइज्जत हुने भयो भन्ने ठानेर तीन दिनपछि फेरि मृत्युको पुष्टि गरिएको थियो ।

कास्कीको भाचोक गाविसको सुकुमवासी परिवारका एक मात्र छोरा कुमार वास्तवमा माओवादी कार्यकर्ता नै थिए, तर उनीमाथि चोरीको आरोप लाग्यो अनि पार्टीकै कब्जामा रहे । गोरेसँगै कुटाइ खाएका उनी गोरेहत्याको एक मात्रै प्रत्यक्ष साक्षी थिए । गोरेको हत्याविरुद्ध गाउँलेहरू खनिएपछि नाकका चालले गल्ती स्विकार्न बाध्य भएको माओवादी जिल्ला नेतृत्वले कुमारलाई भने मानसिक यातनासम्म मात्रै दिएको स्विकारेको



▲ कुखुरा चोरेको आरोपमा माओवादीद्वारा मारिएका सन्तबहादुर विकका परिवारजन

**२०६३ वैशाख १२ पछिका घटनाहरू**

| | राज्य | माओवादी |
|---|---|---|
| हत्या | ९ | १९ |
| गिरफ्तार/अपहरण | २५ | ३६२ |
| धम्की | ७ | ३० |
| कुटपिट | ९ | ७४ |
| जबरजस्ती चन्दा असुली | | ५९ |
| बलात्कार | ७ | |
| घाइते | ९ | ५ |

जोड छ। सरकारको लापर्वाहीका कारण राजधानीको शान्ति सुरक्षा खस्कँदै गएकोमा सांसदहरूले गृहमन्त्रीको राजीनामा समेत मागेका छन्।

माओवादीको ज्यादतीको पछिल्लो सिकार भएका छन्, डेरी क्षेत्रका प्रख्यात व्यापारी अरनिको राजभण्डारी। नेपाल डेरीका संचालक राजभण्डारीलाई माओवादी समर्थित अखिल नेपाल ट्रेड युनियन महासंघका कार्यकर्ताहरूले लछारपछार समेत गरेका थिए, तर अखिल नेपाल ट्रेड युनियन महासंघका अध्यक्ष शालिकराम जमरकट्टेल भने कारखानामा काम गर्ने कामदारहरूको युनियन खोल्न पाउने स्वतन्त्रतालाई राजभण्डारीले लिखितरूपमै बन्देज गरेका कारण विवाद चर्किएको बताएका छन्। जमरकट्टेल भन्छन्, 'हाम्रा प्रतिनिधिसहित दुवै पक्ष वार्तामा बसिरहेको समयमा राजभण्डारीले आफ्ना कामदारलाई हात हालेपछि डेरीकै कामदारले लछारपछार गरेका हुन्।' कामदारहरूले ट्रेड युनियन अधिकारको उपभोग गर्न पाउनु पर्छ, तर अधिकार दिलाउने माओवादीको यस्तो शैलीले समस्या समाधानभन्दा पनि झनै विवाद चर्काउने राजनीतिक विश्लेषकहरू बताउँछन्। ■

छ। मानसिक यातनाकै कारण कुमारले भीरबाट हाम फालेको बताउँछन्, माओवादी लमजुङ-मनाङ जिल्ला सचिवालय सदस्य देवेन्द्र पौडेल। मारिनुभन्दा ३ दिनअघि मात्रै स्वयं कुमारलाई नै प्रत्यक्ष भेटेका मानवअधिकारकर्मी पन्तका अनुसार कुमार चरम शारीरिक यातनाका कारण सोझोसँग उभिएर हिँड्नै नसक्ने अवस्थामा थिए। 'कुमारलाई जनमिलिसियाका सेक्सन कमान्डर मोहनसहितले मुखमा थुक्दै, लाठीले गोरुलाई झैं कुटेर लखेट्दै भीरबाट खसालेका हुन्', प्रत्यक्षदर्शीहरूलाई उद्धृत गर्दै पन्त भन्छन्, 'सय मिटरको भीरबाट खसेर छटपटिएपछि फेरि कुटेर मारेको घटनास्थलको अध्ययनले देखायो।'

माओवादीहरूले बाहिर दोषीलाई कारबाही गर्छौं भन्दै गर्ने प्रतिबद्धता उनीहरूको देखाउने दाँत मात्रै हो भन्ने कुमार हत्याकाण्डले पुष्टि गरेको छ। त्यसो त सर्वाधिक आलोचनायोग्य माडीकाण्डका नाइके कमरेड अविनाशले त्यतिविघ्न विनाश गर्दा पनि कारबाही भएको होइन। कुमार मारिएको ठाउँ लमजुङ सदरमुकामबाट खास टाढा होइन, तर राज्यतर्फको प्रशासनले उनको पोस्टमार्टम गर्नुपर्ने खाँचो ठानेन। मानवाधिकारकर्मी पन्त राज्यले घटनाको वास्तविकता बुझ्न नखोज्नु निरीहपना हो भन्छन्। त्यसो त कारबाही गर्नुपर्ने कार्यकर्ताको जिम्मा माओवादीले प्रशासनलाई दिनुपर्ने उनको सुझाव छ।

त्यसो त १८ वर्षमुनिकालाई सशस्त्रयुद्धमा प्रयोग गर्न नमिल्ने बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ को धारा ३८ को उल्लंघन पनि माओवादीले गरेका थिए, कुमारलाई माओवादीको सशस्त्र युद्धमा संलग्न बनाएर। पोहोर दसैंपछि माओवादी बनेका कुमार लोकतान्त्रिक आन्दोलनका बेला पोखरामा पक्राउ परेर पछि छुटेका थिए। 'घर आएपछि अब जान्नँ भनेर बसेको थियो', उनकी दिदी लक्ष्मीले भनिन्, 'तर हली लगाएको घरमा बसेका बेला माओवादीले त्यहीबाट लगेछन्।' त्यसपछि पार्टी छोडेर आएका थिए कुमार र केही नराम्रा घटनामा संलग्न भएका थिए, गाउँकै सुजन गुरुङको दबाबमा।

गोरे र त्यसपछि फेरि कुमारको हत्या भइसकेको घटनाबाट अझै अर्को घटना हुने संकेत गरेको ठहर मानवअधिकारकर्मीहरूले गरेका छन्। कुमारलाई चोरी काममा लगाउने उनका नाइके सुजन र अरू साथीहरू पनि फेरि माओवादीको हातबाट मारिनसक्ने खतरा भएको बताउँछन्, मानवअधिकारकर्मी भूपेन्द्र खनाल र सचिन घिमिरे। उनीहरू भन्छन्, 'माओवादीले गल्ती गर्नेहरूलाई कारबाही नगर्ने हो भने मनोबल बढ्छ र अरू पनि मर्नुपर्ने दिन आउँछ।'

उता, ६५ वर्षीय धनबहादुर परियार आफ्नो एकमात्रै छोराको हत्याले भक्कानिएका छन्। कुमारका दिदीहरूलाई पनि कम्ता पीर परेको छैन। आफ्नी सौतेनी आमाले सुत्केरी भएपछि माइतीमै छोडेर गएको भाइलाई ल्याएर हुर्काई बढाई गरेकी दिदी लक्ष्मी माओवादीसँग मुरमुरिएकी छन्। उनी भन्छिन्, 'जेल पर्दा पनि पार्टीका लागि जेल परेँ दिदी भन्थ्यो। जेलमा पनि पिटाइ खायो पार्टीकै लागि, तर अहिले त्यही पार्टीले भाइलाई मार्‍यो भनेर कसरी पत्याउने ?'

■ **केशव लामिछाने/भाचोक, कास्की**

# बलजफ्ती जुलुसमा

**माध्यमिक तहमा पढ्ने विद्यार्थीलाई पनि पार्टीगत राजनीतिक कार्यक्रममा सामेल गराउँदा अभिभावकको स्वीकृति लिनुपर्ने राष्ट्रिय अभिभावक संघको धारणा छ ।**

■ छत्र कार्की/काठमाडौं (तस्वीरः तेज बस्नेत)

**माओवादीको भ्रातृ** संगठन अखिल (क्रान्तिकारी)ले असोज २ गते राजधानीमा सुरु भएको राष्ट्रिय सम्मेलनमा शक्ति प्रदर्शनका क्रममा स्कुले बालबालिकालाई हतियारको रूपमा प्रयोग गरेको छ । पार्टी राजनीतिसँग बिल्कुलै सरोकार नराख्ने निजी र सरकारी विद्यालयमा अध्ययनरत हजारौं विद्यार्थीलाई बलपूर्वक कार्यक्रमस्थल खुलामञ्चमा उपस्थित गराएपछि यो कदमको सबैतिरबाट आलोचना भएको छ ।

क्रान्तिकारीबाट प्रत्येक निजी र सरकारी विद्यालयलाई कम्तीमा पनि सयजना विद्यार्थी पठाउन उर्दी जारी भएपछि बसभित्र नअटाएका विद्यार्थी छतमा समेत बसेर जोखिमपूर्ण तरीकाले यात्रा गरी खुलामञ्च पुगेका थिए । विद्यार्थीहरूलाई तारा अंकित स्कार्फ टाउकोमा बाँध्न लगाएर प्रत्येक बसमा क्रान्तिकारीको झन्डा राखी नारा घन्काउँदै राजधानी बाहिरका नुवाकोट, काभ्रे, धादिङ र रसुवालगायत जिल्लाबाट पनि विद्यार्थी कार्यक्रमस्थल ल्याइएको थियो । खुलामञ्चभित्र बसेर कार्यक्रम सुन्ने जति विद्यार्थी थिए, त्यत्तिकै संख्यामा बाहिर घुमिरहेका विद्यार्थीको संख्याले पनि उनीहरूलाई इच्छाविपरीत ल्याइएको भन्ने प्रस्ट देखिन्थ्यो । तर, अखिल (क्रान्तिकारी)ले प्रत्येक विद्यालयमा आफ्नो संगठनको एकाइ भएको र एकाइकै पहलमा विद्यार्थी सहभागी भएको जनाएको छ, तर, क्रान्तिकारीको सांगठनिक एकाइ नै नभएका निजी विद्यालयबाट आएका विद्यार्थीको संख्याले उनीहरूको दाबी मिथ्या साबित भएको छ ।

सम्मेलनमा अनिवार्यरुपमा विद्यार्थी सहभागी गराउनुपर्ने उर्दी जारी भएपछि केही निजी विद्यालयले चलाखीपूर्ण तरिकाले विद्यालय बिदा गरेका थिए । कसैले अघिल्लो दिन खेलकुदलगायत विभिन्न कार्यक्रम आयोजना गरेर, कसैले परीक्षा तयारीको बहाना बनाएर उक्त दिन बिदाको घोषणा गरेका थिए । विद्यालय पठाउने कि नपठाउने भन्ने विषयमा निजी विद्यालयको छाता संगठन प्याब्सन र एन प्याब्सनले मौनता साँधेपछि स्कुल सञ्चालकहरूले खतरा मोल्न नचाहेर उक्त दिन बिदा दिएको एक निजी विद्यालयका सञ्चालक बताउँछन् ।

अखिल (क्रान्तिकारी)का कार्यकर्ताले निजी विद्यालयमा गएर विद्यार्थी ओसार्न बसको व्यवस्था वा बसभाडाबापत रकम मागेपछि केही विद्यालयले आफ्नै बसमा विद्यार्थी ल्याएका थिए । त्यस दिन विद्यार्थी ओसार्न प्रयोग गरिएका स्कुल र भाडाका गरी ३ सयजति बस टुँडिखेलमा पार्किङ गरेर राखिएको दृश्यले पनि भीड जुटाउन अखिल (क्रान्तिकारी) ले अरू विद्यार्थी संगठनलाई उछिनेको जस्तो देखिएको थियो ।

उक्त दिन राजधानीका अधिकांश विद्यालयमा पठनपाठन सुचारु बन्न नसकेको प्याब्सनका अधिकारी बताउँछन् । प्याब्सनका मध्यमाञ्चल उपाध्यक्ष बिएन शर्मा कार्यक्रममाअनिवार्य सहभागी गराउनुपर्ने उर्दी केही दिनअघि नै आएकाले उक्त दिन बोर्डिङ स्कुलमा पढ्ने विद्यार्थीका अभिभावकले आफ्ना छोराछोरी स्कुल नपठाएको बताउँछन् । केही विद्यालयमा माध्यमिक तहका विद्यार्थी स्कुल नआएपछि अखिल (क्रान्तिकारी)कार्यकर्ताले कक्षा ७ भन्दा मुनिका विद्यार्थीलाई समेत कार्यक्रमस्थलमा जान बाध्य पारेको विद्यालय सञ्चालकहरूको गुनासो छ । अखिल (क्रान्तिकारी) बाट पटकपटक कडा उर्दी पाएका केही बोर्डिङ स्कुलका सञ्चालकहरू पनि विद्यार्थीको जुलुसमा आएको एक प्रिन्सिपल बताउँछन् ।

सम्मेलनको पूर्वसन्ध्यामा चन्दा संकलन गर्ने क्रममा अखिल (क्रान्तिकारी)ले बोर्डिङ स्कुल सञ्चालकसँग मोटो रकम चन्दा मागेको सञ्चालकहरूले जानकारी दिए पनि उनीहरू चन्दा रकम र आफ्नो नाम भने खुलाएर खतरा मोल्न नचाहने बताउँछन् । सञ्चालकहरूकाअनुसार विद्यार्थी ओसार्नको लागि क्रानितकारीले बस भएका निजी विद्यालयसँग बस र बस नभए दुईवटा बस रिजर्भ गर्दा लाग्ने रकम मागेका थिए, र, अधिकांश निजी विद्यालयले यो माग पुरा गरेका थिए । मोडर्न इन्डियन, ग्यालेक्सी, ड्याफोडिल, बेबीलोनलगायत दर्जनौं निजी विद्यालयले आफ्नै गाडीमा राखेर विद्यार्थी कार्यक्रमस्थलसम्म ल्याएका थिए । क्रान्तिकारीको दबाबमा कलिला बालबालिकालाई कार्यक्रममा सहभागी गराएर विद्यालय सञ्चालकले द्वैध चरित्र देखाएको अधिकारवादीहरुले बताएका छन् । आफ्नो शैक्षिक व्यवसायमा खतरा नहोस् भनेर सञ्चालकहरूले विद्यार्थी प्रयोग गरेको उनीहरूको आरोप छ ।

अखिल (क्रान्तिकारी)ले सम्मेलनपूर्व संगठनको



बसको छतमा जोखिमसाथ बसेर सम्मेलनमा आउँदै गरेका विद्यार्थीहरू



अखिल (क्रान्तिकारी)को जुलुसमा सहभागी विद्यार्थीहरू

सदस्य संख्या १२ लाखबाट २२ लाख पुऱ्याउने अभियानको नाममा खासगरी सरकारी स्कुलमा अध्ययनरत सबै विद्यार्थीलाई जबजरस्ती सदस्यता भिडाएको आरोप छ। पञ्चायतकालमा राजा महेन्द्रले ल्याएको 'सबै नेपाली पञ्च' भन्ने नाराझैं जनताका छोराछोरी सबै अखिल क्रान्तिकारी भन्ने अव्यवहारिक अवधारणा अघि सारेको बताउनेहरूको संख्या ठूलो छ। दरबार हाइस्कुलमा कक्षा १० पढ्ने एक विद्यार्थी भन्छन्, 'मलाई क्रान्तिकारी के हो भन्ने थाहा छैन। यसप्रति चासो पनि छैन, तर रसिद कटाएर जबरजस्ती क्रान्तिकारीको सदस्य बनाए।' नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष हीरा नेपाल दबाबको भरमा कसैलाई पनि सदस्य बनाउन नहुने विचार राख्छन्। उनी भन्छन्, 'आफ्नो संगठनबारे जानकारी दिन पाइन्छ, तर सदस्य बन्ने कि नबन्ने भनी निर्णय गर्ने अधिकार सम्बन्धित व्यक्तिलाई दिइनुपर्छ।' स्कुल तहमा पढ्ने विद्यार्थीमा राजनीतिक चेतना विकास नभएकाले पार्टीगत संगठनको सदस्य बनाउनु नहुने विज्ञहरूको विचार छ।

कलिला उमेरका विद्यार्थीलाई कार्यक्रममा जबरजस्ती सहभागी गराउँदा उनीहरूमा मानसिक र सामाजिक दबाब सिर्जना हुने विज्ञहरूको धारणा छ। बूढानीलकण्ठ स्कुलका काउन्सिलर होम आचार्य भन्छन्, 'स्कुल तहमा पढ्ने विद्यार्थीमा कुनै पनि विषयको बारेमा विश्लेषण गर्ने क्षमता विकास भएको हुँदैन। त्यसैले उनीहरूमाथि वैचारिक कुरा लाद्नु हुँदैन।' सांस्कृतिक कार्यक्रमको नाममा देखाइने द्वन्द्वका भयानक दृश्यले बालबालिकाको मनोविज्ञान गलत मोडतिर जानेतर्फ सचेत हुनुपर्ने आचार्यको विचार छ। उनी भन्छन्, 'यसबाट बालबालिकामा शान्ति, मेलमिलापको सट्टा युद्धलाई नै शक्तिशाली ठान्ने सोच विकास हुन्छ र आखिरमा उनीहरूको बानी व्यहोरामा प्रतिकूल प्रभाव गरी साथै समग्र व्यक्तित्व विकासमा समेत असर पर्छ।'

स्कुल तहमा पढ्ने विद्यार्थीहरू किशोरावस्थाको चरणबाट गुज्रने हुनाले मनोविज्ञानले यो अवस्थालाई संवेदनशील रूपमा चित्रण गरेको छ। यो अवस्थामा अरूले भनेको कुरा सजिलै ग्रहण गर्ने बानी विकास भएको हुन्छ। भविष्यमा पर्ने असरलाई समेत ख्याल नगरी नयाँ ठाउँ जान चाहने र घुलमिल हुन चाहने स्वभावले गर्दा पनि विद्यार्थीहरू नयाँ कार्यक्रममा सहभागी हुने विज्ञहरूको तर्क छ। मनोविज्ञ प्रा. डा. अयनबहादुर श्रेष्ठ भन्छन्, 'यो उमेरका विद्यार्थीमा अरूको कुरामा चाँडै कन्भिन्स हुने बानीले गर्दा संगठनले कार्यक्रममा सामेल गराउने रणनीति अख्तियार गर्नु अस्वभाविक होइन।' प्रा. श्रेष्ठ यो उमेरका विद्यार्थीमा हिंसात्मक विचार स्थापित भएमा पछि त्यसलाई हटाएर नयाँ चिन्तन विकास गर्न सजिलो नहुने विचार राख्छन्।

अखिल (क्रान्तिकारी)ले आफ्नो सम्मेलनमा जबरजस्ती विद्यार्थी सहभागी गराएको विषयप्रति अभिभावकहरूले चिन्ता व्यक्त गरेका छन्। नेपाल राष्ट्रिय अभिभावक संघका अध्यक्ष वाङ्छे शेर्पा भन्छन्, 'कुनै पनि संगठनले विद्यार्थीलाई उनीहरूको इच्छाविपरीत कार्यक्रममा सामेल गराउनु हुँदैन।' अध्यक्ष शेर्पाका अनुसार राष्ट्रिय अभिभावक संघले कक्षा आठसम्म पढ्ने विद्यार्थीलाई कुनै पनि ऱ्याली, सभा, जुलुसमा सहभागी गराउन नहुने निर्णय गरिसकेको छ। माध्यमिक तहमा पढ्ने विद्यार्थीलाई पनि पार्टीगत राजनीतिक कार्यक्रममा सामेल गर्दा अभिभावकको स्वीकृति लिनुपर्ने राष्ट्रिय अभिभावक संघको धारणा छ। यसपटक क्रान्तिकारीले भने अभिभावकको प्रतिनिधिमूलक कुनै पनि संस्थासँग केही सरसल्लाह नगरेको ती संस्थाले जनाएका छन्।

बाल गैरसरकारी संस्था महासंघका अध्यक्ष उपेन्द्रकेशरी न्यौपाने राजनीतिक पार्टी र उसका भ्रातृ संगठनले बालबालिकालाई अघि सारेर राजनीति गर्ने पद्धति छोड्नुपर्ने विचार राख्छन्। उनी भन्छन्, 'बालबालिकालाई सजिलो माध्यम ठानेर प्रयोग गर्ने परिपाटीले नेताहरूको गलत र अपरिपक्व सोचलाई उजागर गरेको छ।'

बाल गैरसरकारी संस्था महासंघको सक्रियतामा दुइवर्ष अघि ल्याइएको बालबालिका शान्ति क्षेत्रसम्बन्धी प्रस्तावलाई अहिलेसम्म माओवादी, नेमकिपा र जनमोर्चाले स्वीकार गरेका छैनन्। यिनीहरूले आन्दोलन फिका पार्न यो विषय उठान गरेको भन्ने आरोप लगाएर उक्त प्रस्ताव इन्कार गरेका थिए। त्यसबेला कांग्रेस, एमाले, सद्भावना (आनन्ददेवी), राप्रपालगायत पार्टीले समर्थन जनाएका थिए। दसवर्षे भूमिगत राजनीतिपछि खुला भएको माओवादीले राजनीतिक समस्या समाधान नभई यो विषयमा प्रवेश गर्न नमिल्ने जनाउँदै आफ्नो पक्षबाट बलपूर्वक भएका घटनालाई अनुमोदन गर्न खोजिरहेको छ। त्यसले गर्दा पनि क्रान्तिकारी पनि माउ पार्टीकै पथलाई अनुसरण गरी भीड जम्मा गरेर सबभन्दा ठूलो विद्यार्थी बन्न लागेको विचार राख्नेहरू पनि धेरै छन्।

एक महनिाअघि अखिल (क्रान्तिकारी)ले सैनिक मुख्यालय घेराउ कार्यक्रममा राजधानीमा विभिन्न विद्यालयबाट विद्यार्थी ओसार्दा चुप लाग्ने बालअधिकारवादी संस्थाले यसपटक भने मुख फोरेका छन्। बालबालिका शान्ति क्षेत्र अभियानले विज्ञप्ति प्रकाशित गर्दै राजनीतिक उद्देश्यबाट अभिप्रेरित भएको कार्यक्रममा स्कुले विद्यार्थी प्रयोग गरिएकोमा चिन्ता जाहेर गरेको छ। विज्ञप्तिमा भनिएको छ, 'स्कुले बच्चालाई शक्ति प्रदर्शनको लागि प्रयोग गर्नु संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिको विपरीत हो।' त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगले पनि प्रदर्शनमा स्कुले विद्यार्थी प्रयोग गरिनु नाजायज ठहऱ्याउँदै सबै राजनीतिक दललाई विद्यार्थीलाई हतियार नबनाउन आग्रह गरेको छ। ■

# दिनगन्ती सुरु

■ किरण भण्डारी/काठमाडौं

**चार दशकभन्दा** लामो अवधि कम्युनिष्ट राजनीतिमा होमिएको व्यक्तित्व सत्ता, शक्तिको सान र पैसाको मोहले कसरी स्खलित हुन्छ भन्ने उदाहरण भूमिसुधार तथा व्यवस्थामन्त्री प्रभुनारायण चौधरी भएका छन् । श्रमजीवी किसान, मजदुर र सर्वहारा वर्गको नाम जपेर कम्युनिष्ट बनेका चौधरी नेकपा मार्क्सवादी, नेकपा १५ सेप्टेम्बर, नेकपा मार्क्सवादी, नेकपा संयुक्त मार्क्सवादीका नाममा राजनीतिक रंगमञ्चमा सानो ठूलो भूमिकामा रहिरहे ।

जनआन्दोलनका क्रममा उनले सात दल गठबन्धनको कान्छो घटक संयुक्त वाममोर्चाको अध्यक्षको हैसियतमा गच्छेअनुसारको योगदान पुर्‍याए । राजाको असोज १८ को शाही कदमविरुद्ध संघर्षको क्रममा सिपी मैनालीको नेकपा माले, विष्णुबहादुर मानन्धर र चौधरीको नेकपा संयुक्त मार्क्सवादी र कृष्णदास श्रेष्ठले नेतृत्व गरेको नेकपा मालेमा केन्द्रले गठन गरेको वाममोर्चा अझैसम्म क्रियाशील छ ।

जनआन्दोलनको अगुवाइ गरेको सात दलमध्येको घटक वाममोर्चाबाट वर्तमान सरकारमा मन्त्री भएका चौधरीको कार्यसम्पादन अपेक्षाभन्दा निकै कमजोर रहेको निष्कर्ष कृषि मजदुरको उत्थान, भूमिसुधार, जग्गाको समान वितरण, भूमिहीन, सुकुमवासीको मुद्दामा राजनीतिमा अस्तित्व देखाइरहेका चौधरी यिनै क्षेत्र हेर्ने मन्त्री बन्दा स्वभाविक रूपमा सकारात्मक परिवर्तन र सुधारको अपेक्षा गरिएको थियो ।

तर चौधरीको कार्यशैलीमा कुनै पनि सुधारको संकेत समेत देखिएन । बरु उनी अवसरवादी कर्मचारीको गोलोमा मिसिएर निहित स्वार्थ सिद्ध गर्न लिप्त देखिए । उनको पार्टी र वाममोर्चाका केही नेताको मूल्यांकनमा चौधरी ‘बुर्जुवा वा प्रतिक्रियावादी मन्त्री’भन्दा फरक छवि बनाउन असफल भए ।

पुनर्वास, विस्थापित, ब्लक जग्गा, बिर्ता उन्मूलन जस्ता लामो समयदेखिको विवाद सल्टाउनेभन्दा पनि मन्त्री चौधरी प्रशासनिक चलखेलद्वारा आर्थिक वा अन्य लाभ लिन उद्यत देखिएका छन् । मालपोत, भूमिसुधार र नापीको कमाउ अड्डामा सरुवा, नियुक्ति, पदस्थापन लगायतको स्थापित मान्यता-परम्परा तहस नहस गरेको आरोप चौधरीमाथि लागेको छ ।

यस्तै विवादास्पद र गैरजिम्मेवारपूर्ण क्रियाकलापका कारण मन्त्री नियुक्त भएको चार महिनाको अवधिमा उनले प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, वाममोर्चाको उच्च नेतृत्व तह, आफ्नै पार्टी र परिवारका सदस्यहरूको समेत खप्की खानुपरेको छ ।

मजदुर, किसान, श्रमजीवी जनतालाई जनाधार मान्ने कम्युनिष्ट नेता चौधरीले भूमिसुधार मन्त्रालयको कार्यभार सम्हालेको केही महिनामा ती मान्यतालाई तिलाञ्जली दिँदै भ्रष्टहरूसँग लगनगाँठो कसेको आरोप पनि सहनुपरेको छ । सेवाग्राही कर्मचारी वा विपक्षीहरूभन्दा पनि आफ्नै पार्टी र वाममोर्चाले चौधरीमाथि भ्रष्टाचारको चर्को आरोप लगाएका छन् ।

नवलपरासी जिल्ला शिवमन्दिर गाविस-६ की रमिला भुजेल जस्ता पचासौं पीडितहरू लालपुर्जाको आसमा अहिले पनि पहिले जस्तै मन्त्रालय धाइरहनुपर्ने बाध्यताले यथास्थितिवाद हावी भएको पुष्टि हुन्छ । उच्चस्तरीय वन सुदृढीकरण आयोजनाले नवलपरासीका भुजेल सहितका ५० भन्दा बढीलाई १०-१० कट्ठाका दरले पंचायतकालमै जग्गा वितरण गरेको थियो, तर ती ५० जनाको नै अहिलेसम्म संयुक्त पुर्जा छ । अलग अलग पुर्जाको लागि डेढ दशक पहिलेदेखि राजधानी धाइरहँदा उनीहरूको हात रित्ताको रित्तै छ ।

मध्यपश्चिम र सुदूरमध्यपश्चिमका तराईका ५ जिल्लामा भूमिहीनहरूको आन्दोलन १९ दिन लगातार चल्दा पनि मन्त्रालय गम्भीर नहुनुले मन्त्रीको प्राथमिकता के हो भन्ने अन्योल सृजना भएको छ ।

वाममोर्चा गठबन्धनको सचिवालय तथा नेकपा संयुक्त मार्क्सवादीले चौधरीले व्यापक प्रशासनिक अनियमितता गरी आर्थिक लाभ लिएको आरोप लगाएका छन् । मुख्यतः कर्मचारी सरुवामा ‘चोरलाई चौतारी र साधुलाई शूली’को उखान भूमिसुधार मन्त्रालय र मातहतमा चरितार्थ भएको छ ।



भास्कर ओझा

प्रभुनारायण चौधरी

मन्त्रीमाथि लागेका आरोपहरूको फेहरिस्त नै तयार गरी पार्टीको पोलिटब्युरोले छानबिन गरिरहेको छ भने वाममोर्चाको काठमाडौं समितिले चौधरीलाई सरकारबाट फिर्ता बोलाउनुपर्ने प्रस्ताव केन्द्रमा पठाएको छ। संयुक्त मार्क्सवादीको छानबिन प्रतिवेदन आएपछि अनुसन्धान थाल्न वाममोर्चा पनि तम्तयार भएर बसेको छ। वाममोर्चाका घटकहरूबीच ६ महिनाको अवधिमा अध्यक्षको आलोपालो हुने गरेकोमा असोज १७ गते चौधरीको ६ महिना पुग्दै छ। चौधरीको अध्यक्ष पदमुक्तिसँगै मन्त्री पद पनि धरापमा पर्ने निश्चितप्रायः छ। अब वाममोर्चाको अध्यक्षता गर्ने पालो मैनालीको नेतृत्वमा रहेको मालेको छ।

'चौधरीको कार्यदक्षता र इमानदारीप्रति जनतामा असन्तुष्टि देखिएको छ', वाममोर्चाका नेता सिपी मैनालीले भने, 'मन्त्रालयको काममा सघाउने जिम्मा सचिवालयलाई दिएका छौं। उसले अवश्य पनि ध्यान दिएको होला।' जिल्ला समितिले चौधरीलाई मन्त्रीबाट नै फिर्ता बोलाउनुपर्ने निर्णय गरेको जानकारी पाएपछि भने वाममोर्चा झनै गम्भीर भएको मैनालीले बताए। वाममोर्चाले मन्त्री चौधरीको कामको अनुगमन, निरीक्षण, मूल्यांकन गर्ने जिम्मा सचिवलायलाई दिएको छ। सचिवालयका सचिव ऋषि कट्टेल 'चौधरीको कार्यकलापबारे धेरै टिप्पणी आइरहेको' बताउँदै वाममोर्चा र सचिवालय यसमा गम्भीर भएको बताउँछन्।

चौधरीको पार्टी संयुक्त मार्क्सवादीको छानबिन अन्तिम चरणमा पुगेको छ। पोलिटब्युरो सदस्य हेमन्त बिसीको संयोजकत्वमा गठित समितिले दसैंअघि नै प्रतिवेदन तयार गर्ने स्रोतको दाबी छ। आफूले मन्त्रालयमै भेटेर चौधरीसँग गम्भीरतापूर्वक कुरा राखी सुधार्न प्रयास गरेको जानकारी दिँदै वाममोर्चा सचिवालय प्रमुख कट्टेल भन्छन्, 'छानबिनबाट तलमाथि भएको देखिएमा वाममोर्चाले उनलाई सरकारबाट फिर्ता बोलाउँछ।'

मन्त्रीमाथि लागेका दर्जनौं आरोप र उनीमाथि भएको छानबिनबारे प्रतिक्रिया लिन चौधरीसँग पटक पटक कोसिस गर्दा पनि सम्पर्क हुन सकेन। निकटस्थहरू मन्त्रीलाई उद्धृत गर्दै भन्छन्, 'मैरै बारेमा किन यति विघ्न चर्चा गरिन्छ। किन थरी थरीका आरोप लगाइन्छ, कि सोझो थारूले गरी खाएको अरूले देखी नसहेका हुन्।'

राजनीतिक इतिहासलाई नामेट गर्ने शैलीमा उत्रेका मन्त्रीको क्रियाकलापका प्रमुख जड निजी सचिव वासुदेवप्रसाद रायलाई मान्नेहरू पनि छन्। मन्त्रालयका उच्च अधिकारी र वाममोर्चाका नेताहरू रायको सामुन्ने चौधरी गरुडको अगाडि परेको सर्प जस्तो हुने अनुभव सुनाउँछन्।

भूमिसुधार मन्त्रालयमा भदौ तेस्रो साताको एउटा घटना अझै चर्चामा छ। भाइहरू र पार्टीका नेताद्वय अच्युत ज्ञवाली र केदार शर्माको सिफारिसमा सरुवा निर्णय लिन तम्तयार परेका मन्त्री चौधरीलाई रायले रोक्न खोजे। भाइहरूको सिफारिस मान्ने देखेपछि रायले 'त्यसो भए म पिए नै छोड्दिन्छु' भनेर धम्काएपछि मन्त्रीले निर्णय फेरेका थिए।

'पिए रायलाई नराख्न धेरै ठाउँबाट विरोध आउँदा पनि मन्त्री डेग चलाउन तयार हुँदैनन्', कट्टेल भन्छन्, 'नियुक्ति, सरुवा, बढुवामा गडबडी गरेर कमिसनको खेलमा मुछिएको आरोप पिए रायमाथि छ।' राय दानबहादुर शाही कृषि सचिवको हैसियतले मलकाण्डमा मुछिँदा २०५३ सालमा उनका पिए थिए। माघ १९ पछि राजाको गृहमन्त्रीमा नियुक्त शाहीले पिएमा पुनः रायलाई नै रोजेका थिए। शाहीकालको पिएलाई जनआन्दोलनले बनाएको मन्त्रीले पनि किन रोज्नुपरेको भन्ने बारम्बार उठ्ने प्रश्नमा चौधरीले 'मैले दानबहादुरको मान्छेलाई होइन, उनले चाहिँ मेरो मान्छेलाई पिए बनाएका हुन्' भन्ने ओठे जवाफ दिने गरेका छन्।

उपत्यकाका तीनवटै मालपोत कार्यालयमा ऐन-नियम र मापदण्डको खिल्ली उडाउँदै मनपरी सरुवा भएको र ती कार्यालयमा मौलाएको भ्रष्टाचार मन्त्रालयले संरक्षण गरेको वाममोर्चाले यस्ता क्रियाकलापमा व्यापक आर्थिक अनियमितता भएको आशंका गरेको छ।

कमाइ हुने राजधानीबाहिरका कार्यालयमा कर्मचारी पठाउन चासो दिनुको तात्पर्य पनि रहस्यमय नै मानिएको छ। भर्खरै अधिकृत भएकालाई डिल्लीबजार नापीको बागडोर दिनेदेखि कुख्यातहरूलाई उपत्यकाका मालपोत कार्यालयमा कार्पेट बिछ्याउँदा लाखौं लेनदेन भएको उजुरी पार्टीमा परेको छ। शाखा अधिकृत र उपसचिव गरेर ५ दर्जनभन्दा बढी र झन्डै ५ सय सहायक कर्मचारीको चौधरीको आगमनपछि सरुवा भएको छ।

एक महिनाअघि डिल्लीबजार मालपोतमा घर पास गर्न गएका संयुक्त मार्क्सवादी पार्टीका केन्द्रीय सदस्यसँग ५ हजार घूस खाएको घटनाले मन्त्रीमाथिको आक्रोश झनै बढाएको छ। आफ्नो नाम सार्वजनिक गर्न नचाहने ती नेताले त्यस्तो कर्मचारी र प्रमुख मालपोत अधिकृतविरुद्ध मन्त्री चौधरीसँग उजुरी दिँदा पनि कारबाहीमा कुनै चासो नदेखाइएपछि 'सिरानदेखि पुछारसम्मको मिलेमतो' भन्दै पार्टीभित्र व्यापक आक्रोश बढेको हो।

चौधरीको चार महिनाको क्रियाकलाप मन्त्रालयलाई 'इमानदार मुक्त क्षेत्र' घोषणा गर्ने मिसनमा उद्यत भएको चर्चा सिंहदरवार परिसरमा हुने गरेको छ। त्यही मिसनअन्तर्गत प्राविधिक सहसचिव बाबुराम आचार्य, प्रशासनका सहसचिव नेत्रबहादुर कार्की र कमैया शाखा उपसचिव मानकुमार श्रेष्ठलाई मन्त्रालय छोडाइएको मान्नेहरू धेरै छन्। ■

## वाममोर्चा र नेकपा संयुक्त मार्क्सवादीमा परेका अनियमितताका फेहरिस्त

- नापी अधिकृतमा बढुवा भएका भगवतीप्रसाद देवको पहिलो पोस्टिङ नै सिनियरलाई मात्र खटाउने गरिएको नापी शाखा डिल्लीबजारमा,
- सिन्धुपाल्चोकमा दुईवर्षे अवधि नै नपुगी मालपोत अधिकृत नवीनकिशोर घिमिरेलाई कलंकी सरुवा,
- कलंकी मालपोतका अधिकृत सुशील वैद्यलाई कलंकी मालपोतमा काम गर्न नदिई सुनसरी पठाएको,
- सरुवा भएका अधिकृतलाई अन्यत्र फ्याँकी भूमिसुधार कार्यालय धनुषाका राजकिशोर महतोलाई चावहिल मालपोतमा ल्याएको,
- प्रमुख नापी अधिकृत राजकिशोर चौधरीलाई नापी गोश्वारा १ नं बाट ६ नं मा सरुवा गरेको,
- सामान्य प्रशासन मन्त्रालयबाट सरुवा भइआएका नौजना उपसचिवको पदस्थापनमा ठाडो हस्तक्षेप गरेको,
- सबैभन्दा कमाउ अड्डा मानिने मालपोत कार्यालय डिल्लीबजारमा पद रिक्त नहुँदै तत्कालीनलाई अन्यत्र काजमा लगी मन्त्री आफैंले टिप्पणी लेखी सूर्यकान्त झालाई प्रमुख मालपोत अधिकृतमा ल्याएको,
- आफ्नै सरुवा निर्णयलाई लत्याएर भूमिसुधार कार्यालय काठमाडौंमा वैद्यनाथ चौधरीलाई पूर्ववत् काम गर्न दिइरहेको,
- महिला मन्त्रालयबाट भूमिसुधारमा सरुवा भएका सचिव रवीन्द्रमान जोशी बहाली हुने अघिल्लो दिन अवधि नपुगेका कर्मचारीको अनियमित तवरले सरुवा गर्ने निर्णय गरेको,
- सरुवाको स्थापित मापदण्डविपरीत पहिले नै उपत्यकाभित्रका मालपोत कार्यालयमा बसिसकेका चन्द्रमान श्रेष्ठलाई पुनः कलंकी मालपोत प्रमुखमा ल्याएको,
- दुर्गम तथा पहाडी जिल्लामा मालपोत अधिकृत रिक्त भएकाले काम रोकिएकोमा कर्मचारीमा व्यवस्थापनमा चासो नदिएको,
- भूमिसुधार तथा व्यवस्थापन (मालपोत) विभाग र नापी विभागलाई अनावश्यक दबाब दिई खरिदार, सुब्बा, अमिन, सर्वेक्षकको असीमित संख्यामा सरुवा गरेको,
- त्यस्तो दबाबलाई आँखा चिम्लेर पालना गर्न हिचकिचाएकाले अवकाश पाउन ३-४ महिना मात्र बाँकी रहेका मालपोतका महानिर्देशक तीर्थ लिगललाई मन्त्रालय बाहिर सरुवा गरेको,
- पर्सा जिल्लाको प्रमुख जिल्ला अधिकारी रहँदा डेढ वर्षअघि आर्थिक र चरित्रगत विवादमा फसेर कारबाहीमा परेका सहसचिव धरणिधर खतिवडालाई मालपोत महानिर्देशक जस्तो महत्त्वपूर्ण ओहदामा ल्याएको,
- मन्त्रीलाई पूजापाठ र नैवेद्य नचढाएकाले भूमिसुधार मन्त्रालयका प्राविधिक सहसचिव बाबुराम आचार्य, प्रशासनका सहसचिव नेत्रबहादुर कार्की, कमैया शाखाका उपसचिव मानकुमार श्रेष्ठ जस्ता इमानदार र सक्षम कर्मचारीलाई डाँडो कटाएको,
- दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर मालपोत तथा भूमिसुधार कार्यालय १९ दिनसम्म तालाबन्दी हुँदा पनि समस्या हल गर्न तदारुकता नदेखाएको,
- भूमिसुधार, मोहियानी हक, भूमिहीनता अन्त्य, ब्लक जग्गाको नापी लगायत जनसरोकारका काम भाषणमा मात्र सीमित राखेको।

# संवैधानिक खतरा

**सवैधानिक कानुनका ज्ञाताहरू नागरिकताजस्तो महत्त्वपूर्ण विषयलाई भइरहेको संविधानको धारा खारेज गरेर संवैधानिक शून्यतामा ऐन बनाउने 'राजनीति'को विरोधमा छन् ।**

■ **विश्वमणि पोखरेल/काठमाडौं** (तस्वीरः दीपक पौडेल)



नागरिकताविहीन मधेशका एक नेपाली

**सरकारले सर्वसम्मतिले** अनुमोदन गरेर प्रतिनिधिसभामा पुऱ्याएको नागरिकता विधेयक सत्तारुढ दलहरूबीचको लामो छलफल र वादविवादपछि मात्र संसदीय प्रक्रियामा प्रवेश गर्न सफल भयो । असोज ३ गते तीन घन्टाभन्दा बढी समय विधेयकलाई के गर्ने भन्ने बहसमा अल्झिएपछि अन्ततः बैठकको कार्यसूची परिवर्तन गरेर गृहमन्त्रीले विधेयक प्रस्तुत गरे । केही वर्षदेखि राजनीतिक मुद्दा बनेको नागरिकता विधेयक सत्तारुढ नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेस (प्रजातान्त्रिक)को आपसी सहमतिमा संसदीय प्रक्रियामा प्रवेश गर्न त सक्यो, तर अब कुन अवस्थामा कानुनी रूप धारण गर्ने भन्ने गम्भीर प्रश्न उपस्थित भएको छ ।

असोज ४ गते एमालेले सभामुखको उपस्थितिमा नेपाली कांग्रेस, कांग्रेस प्रजातान्त्रिक र केही कानुनविद्हरूको बैठक बोलाएर प्रतिनिधिसभामा प्रस्तुत गरिएको विधेयकलाई संसदीय प्रक्रियाअनुसार अघि बढाउने सहमति बनेको छ । त्यससँगै एमाले संसदीय दलमा बोलाइएको बैठकमा तीनवटा दलबीच आपसी छलफल गरेर संशोधन प्रस्ताव हाल्ने सहमति पनि बनेको छ । प्रतिनिधिसभामा प्रस्तुत गरिएका विधेयकहरू तीन दिनपछि मात्र छलफलका लागि पूरक हुन्छन्, सभामुखले संशोधन प्रस्तावका लागि अनुमति दिएपछि सामान्य छलफलबाट विधेयक पास हुने वा समितिमा लगेर विस्तृत छलफल गर्ने भन्ने टुंगो लाग्छ ।

संसदीय प्रक्रियामा प्रवेश गरेको भए पनि मधेसको ज्वलन्त राजनीतिक मुद्दा बनेको नागरिकता समस्या समाधान गर्न पछिल्लो पटक गरिएको प्रयास राजनीतिक-संवैधानिक उल्झनमा फस्ने देखिन्छ । सात राजनीतिक दलले नागरिकता समस्या समाधानलाई उच्च प्राथमिकतामा राखेका छन् । केही राजनीतिक दलले अन्तरिम संविधान जारी गरेपछि मात्र नागरिकतासम्बन्धी नयाँ व्यवस्था गर्ने कुरामा जोड दिएका छन् ।

सरकारले नागरिकता विवाद एक पटकलाई आधार वर्ष मानेर अहिलेसम्मका समस्याको टुंगो लगाउने र त्यसपछि प्रभावकारी कानुनी प्रक्रियाबाट नागरिकता वितरण प्रभावकारी, सरल र सुलभ बनाउने मान्यतामा काम गरेको हो ।

विधेयकमा नागरिकता ऐन २०२० का प्रावधानमा व्यापक संशोधन गरिएको छ । अहिलेसम्म नागरिकता ऐन र संविधान २०४७ मा कागजी प्रमाणका आधारमा वंशज तथा नेपालमा कम्तीमा १५ वर्ष नेपालमा बसोवास गरेको, उद्यम गरेको कागजी प्रमाण र औचित्यका आधारमा अंगीकृत नागरिकता दिने प्रावधान छ ।

विधेयकमा कागजी प्रमाणहरू बाबु-आमा वा आफ्नो वंशतर्फ नजिकका नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र, जन्मदर्ता प्रमाणपत्र, आफू बसोवास गर्दै आएको व्यहोरासमेत खुल्ने

गरी सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस, आफ्नो वा बाबु वा आमाको नामको जग्गाधनी दर्ता प्रमाणपत्र वा मोहियानी हकको प्रमाणपत्र वा घरधुरीकर प्रमाणपत्र पेस गरेपछि जन्म वा वंशजको आधारमा नागरिकता दिन सकिने भनिएको छ ।

जन्म र वंशजको आधारमा नागरिकता प्राप्त गर्न कागजी प्रमाण जुटाउन नसक्नेहरूका लागि पनि विधेयक निकै उदार भएर प्रस्तुत भएको छ । विधेयकमा 'कुनै व्यक्तिले उपदफा (१) (कागजी प्रमाण) बमोजिमका प्रमाणहरू निवेदनसाथ पेस गर्न नसकेको अवस्थामा तोकिएको अधिकारीले स्थलगत सरजमिन, निवेदकलाई चिन्ने सोही ठाउँमा बसोवास गर्ने कम्तीमा तीनजना नेपाली नागरिकले गरेको सनाखत र यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि भएका कुनै राष्ट्रिय जनगणना वा निर्वाचनको प्रयोजनका लागि निर्वाचन आयोगबाट संकलित कुनै मतदाता नामावलीमा निवेदक वा निजको बाबु वा आमा वा दिदी वा बहिनी वा दाजुभाइको नाम रहेको प्रमाण समेतका आधारमा निजलाई नेपाली नागरिकताको प्रमाणपत्र दिन सक्नेछ ।'

कागजी प्रमाण नहुनेहरूका लागि सरजमिन, सनाखत वा मतदाता नामावली समेतका आधारमा नागरिकता प्राप्त गर्नसक्ने प्रावधान वर्षौंदेखि मधेसका जिल्लाहरूका बसोवास गर्दै आएका कथित तल्लो जातिका विपन्न दलित वर्ग जो नागरिकताबाट वञ्चित छन्, उनीहरूलाई लक्षित गरेर ल्याइएको हुन सक्छ । मधेसी जनाधिकार फोरमका महासचिव एवं सांसद जेपी आनन्द भन्छन्, 'नियमावली आधारभूत जानकारी पनि नभएकाहरूबाट बनेको छ । यसले समाधान गर्ने भन्दा पनि समस्या उत्पन्न गराउने काम गर्छ ।'

नागरिकता विधेयक अनुमोदन गर्नेभन्दा यसलाई कानुन बनाएर कार्यान्वयन कसरी गर्ने भन्ने प्रश्नमा राजनीति रुमल्लिएको छ । जन्मको आधारमा नागरिकता दिने प्रावधानलाई २०१९ सालको संविधानले नै खारेज गरिएको थियो र संविधान २०४७ ले पनि त्यही संविधानलाई आधार बनाएर जन्मका आधारमा नागरिकता दिने बाटो बन्द गरेको थियो । तर, यो विधेयकमा ४४ वर्षअघि खारेज गरिएको जन्मको आधारमा नागरिकता दिने नीतिलाई महत्त्वका साथ अगाडि ल्याइएको छ । विधेयकले '२०४६ साल चैत मसान्तभन्दा अघि नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायी रूपले बसोवास गर्दै आएको व्यक्ति जन्मको आधारमा नेपालको नागरिक हुनेछ' भनेको छ । यो प्रावधान संविधान २०४७ नागरिकतासम्बन्धी धारा ७ र ८ सँग सोझै बाझिन्छ । सद्भावना लगायतका दलहरूले प्रारम्भदेखि नै संविधानमा खोट देखाउँदै आएका छन् भने २०४७ पछिका सरकारले पटक पटक कानुन संशोधनद्वारा नागरिकता समस्या समाधान गर्ने प्रयास पनि संविधानसँग बाझिएको भन्दै संवैधानिक प्रश्न उपस्थित भएर बेकाम भएका छन् । २०५२ सालमा टोली गठन गरेर बाँडिएका नागरिकता सर्वोच्चको फैसलापछि बदर गरिएको थियो भने २०५७ सालमा संसद्ले संशोधन गरेर लालमोहरका लागि पठाएको विधेयक दरवारले



▲ जन्म र वंशजको आधारमा नागरिकता प्राप्त गर्न कागजी प्रमाण जुटाउन नसक्नेहरूका लागि पनि विधेयक निकै उदार भएर प्रस्तुत भएपछि नागरिकता पाउने आशामा मधेशका नेपालीहरू ।

अलपत्र पारेको इतिहास छ ।

अब विधेयकको हालत के हुन्छ ? स्वयं सांसदहरू पनि यसबारे अनभिज्ञ छन् । प्रमुख राजनीतिक दलहरू विधेयकमा सामान्य संशोधन गर्ने र प्रतिनिधिसभाको पूर्ण बैठकबाट पास गराउने पक्षमा छन् । उनीहरूको चाहना विधेयक दफाबार छलफलका निम्ति राज्यव्यवस्था समितिमा नपुगोस् भन्ने नै हो । गृहमन्त्री सिटौलाले यसका लागि दबाब पनि दिएका छन् ।

जनमोर्चाले विधेयकका प्रावधानको विरोध मात्र गरेको छैन, अन्तरिम संविधान ल्याउने महत्त्वपूर्ण राजनीतिक काम छोडेर खुद्रा मसिना विषयमा केन्द्रित भएकोमा ठूला दलप्रति आक्रोशित पनि बनेको छ । जनमोर्चाका सांसद लीलामणि पोखरेल भन्छन्, 'हामी अन्तरिम संविधानजस्ता महत्त्वपूर्ण विषयमा राजनीति अगाडि बढोस् भन्ने चाहन्छौं ।' उनले विधेयकमा गम्भीरखाले कमजोरी रहेको पनि बताए । पोखरेल भन्छन्, 'पहिले प्रमुख राजनीतिक समस्या समाधान हुनुपर्छ ।'

एमाले भने अहिले धर्मसंकटमा परेको देखिन्छ । सरकारले नागरिकता विधेयक पास गरेपछि त्यसका विशेषताहरूका बारेमा प्रवक्ताझैं व्याख्या गर्ने काम एमाले मन्त्री प्रदीप ज्ञवालीले गरेका थिए । ज्ञवालीले जसरी विधेयकको सकारात्मक पक्षको व्याख्या गरेका थिए, उनकै पार्टीका जिम्मेवार नेताहरू अहिले उत्तिकै कमजोरी औंल्याउन पछि पर्दैनन् । एमाले सांसद डा. वंशिधर मिश्र भन्छन्, 'लोकप्रियता हासिल गर्ने उद्देश्यले ल्याइएको छ ।' उनको आरोप कांग्रेसप्रति लक्षित थियो । एमाले स्थायी समिति सदस्य भरतमोहन अधिकारी भने विधेयकमा संशोधन गरेर अघि बढ्ने पक्षमा छन् । अधिकारी, नागरिकताबाट वञ्चित, दलित, विपन्न जनजाति अनुसूचीमा उल्लेख गरेर, तिनलाई घरघरमा गएर निःशुल्क नागरिकता दिनुपर्ने आफ्नो पार्टीको माग रहेको बताउँछन् । उनले संशोधन गरेपछि विधेयक अनुमोदन गर्ने बताए ।

प्रमुख राजनीनिक दलहरूलाई तिनका कानुनी सल्लाहकारले अहिलेकै संविधानमा आधारित भएर विधेयक पास गर्दा खतरा हुने औंल्याएका छन् । छलफलमा सहभागी एक कानुनविद भन्छन्, 'नागरिकता विधेयक कानुन बनेर नागरिकता समस्या समाधान गर्ने काम सहज छैन ।' उनले प्रस्तुत विधेयक समितिमा पुगेर अल्झिने सम्भावना देखाए ।

गृहमन्त्री सटौलाले सभामुख सुवास नेम्वाङलाई संविधान २०४७ को नागरिकतासम्बन्धी धारा ७ र ८ खारेज गरेर नागरिकता विधेयक अघि बढाउन आग्रह गरेको बुझिन्छ । प्रतिनिधिसभा घोषणापत्र जेठ ४ का घोषणाको अन्तिम प्राथमिकतामा परेको नागरिकता समस्या समाधान गर्ने बुँदाका आडमा संविधानका नागरिकतासम्बन्धी प्रावधान खारेज गर्ने मानसिकतामा गृहकार्य पनि भइरहेका छन् । प्रतिनिधिसभाले संविधानसँग बाझिएका धारा स्वतः खारेज हुने घोषणा पनि गरेको थियो । कांग्रेस सहमहामन्त्री डा. रामवरण यादव प्रक्रिया पुर्‍याएर विधेयक पास गर्ने बताउँछन् । उनले संविधानका नागरिकतासम्बन्धी प्रावधान खारेज गर्ने बारेमा कामकारबाही अगाडि बढेको जानकारी दिए ।

सभामुख नेम्वाङको अध्यक्षताको प्रतिनिधिसभा घोषणासँग बाझिएका धारा खुट्याउन गठित टोलीले नागरिकतासम्बन्धी धाराले व्यवधान गर्छ भनेर सोच्न पनि नसकेको कुरा पनि यहाँ स्मरणीय छ । असार तेस्रो साता तयार गरिएको प्रतिवेदनमा नागरिकतासम्बन्धी धारा बाधक हुने उल्लेख छैन । एकथरी सांसदहरू एवं कानुनविद् प्रतिनिधिसभाले अर्को घोषणा गरेर संविधानका धारा ७ र ८ खारेज गर्ने र नागरिकता विधेयक अनुमोदन गर्ने सटीक उपचारको पक्षमा छन् । तर, संवैधानिक कानुनका ज्ञाताहरू, नागरिकताजस्तो महत्त्वपूर्ण विषयलाई भइरहेको संविधानको धारा खारेज गरेर संवैधानिक शून्यतामा ऐन बनाउने 'राजनीति'को विरोधमा छन् । पार्टी नजिकका कानुनविद्हरूले समेत संविधानका धारा खारेज गरेर कानुनका आधारमा मात्र नागरिकता वितरण गर्ने सोच घातक हुने सुझाव दिएका छन् ।

वर्षौंदेखिको राजनीतिक मुद्दा बनेको नागरिकता समस्या समाधान गर्न सरकारले देखाएको तत्परतालाई सकारात्मक मान्न सकिन्छ, तर यस्ता संवेदनशील र दीर्घकालीन असर गर्ने मुद्दाहरूलाई राजनीतिक बलमा समाधान गर्नेभन्दा संवैधानिक र कम विवाद हुने बाटो समात्नु एक मात्र विकल्प हो । विद्यमान संविधानका धारा खारेज गरेर नागरिकता विधेयक पास गर्ने कपटपूर्ण बाटो अख्तियार गर्दा आइलाग्ने राजनीतिक-संवैधानिक संकट पन्छाउन भने मिल्दैन । ■

# ठूलो दुर्घटनाको सानो संकेत

**संविधानसभा निर्वाचनलाई मात्रै हेरेर हरेक मधेसी मुद्दालाई नागरिकताको घेरामा मात्रै सीमित गर्न खोजिएको छ, जुन मधेसको जमिनदारी प्रथा, मधेसभित्रको जातीय विभेद, छुवाछूतको समस्या, मधेसभित्रको लैंगिक विभेद दबाउने प्रयास हो ।**

■ प्रबोध देवकोटा

**राज्य पुनर्संरचनाको** एउटा महत्त्वपूर्ण पाटो हो, मधेसको वहस । मधेसको कुरा आउँदा सबैभन्दा पहिले नागरिताको मुद्दा आउँछ । यो प्रश्न महत्त्वपूर्ण त छँदै छ । तर, नागरिकताको प्रश्नमा मात्रै मधेसको वहस सीमित पारियो भने यो अर्को ठूलो भुल हुनेछ ।

नागरिकता पाउनु नागरिकको हक हो । तर, यतिबेला चलिरहेको राज्य पुनर्संरचना वहसमा मधेस र हरेक मधेसी मुद्दालाई नागरिकताको घेरामा मात्रै सीमित गरिएको आभास आउन थालेको छ । अर्थात् यसलाई संविधानसभा निर्वाचनलाई मात्रै हेरेर मधेस र नागरिकतालाई फेरि पनि भोटको राजनीतिमा सीमित गर्न खोजिँदै छ । यो भविष्यमा निम्तिने ठूलो दुर्घटनाको सानो संकेत मात्र हो ।

मधेसको वहसभित्र 'पहाडी राष्ट्रियता' विनिर्माणको प्रक्रिया एउटा महत्त्वपूर्ण पक्ष हो र जसका लागि आर्थिक, सामाजिक, राजनीतिक, वर्गीय, सामरिक महत्त्व, सांस्कृतिक पुनर्व्याख्या र पुनर्संरचनाको प्रक्रिया आवश्यक छ । जनजातिको वहसभन्दा फरक छ, मधेसमाथिको वहस । यस अर्थमा मधेसको प्रसंग र मधेसभित्रका जनजातिका प्रसंगको साझा समिश्रणले मधेसको वहस अझ महत्त्वपूर्ण पाटो हो र यसले मुलुकको राष्ट्रियता पुनर्निर्माणको प्रमुख हिस्सेदार बन्ने हैसियत राख्छ र राखिनु पर्छ ।

नेपाली राज्यको 'राष्ट्रियता निर्माण'को एउटा महत्त्वपूर्ण विन्दु हो मधेस । केन्द्रीय राजनीतिले मधेसलाई पहाडी पहिचानको आधार बनायो, जसबाट केन्द्रले आफ्नो विशुद्ध पहिचान छुट्यायो, यस अर्थमा पहाडी पहिचानको राजनीतिक सिकार बन्यो मधेस । यो राष्ट्रियता निर्माणमा पहिचानको राजनीति अर्थात् 'आइडेन्टिटी पोलिटिक्स'को जटिल प्रक्रिया थियो, जसलाई राज्यले दृश्य र अदृश्य शक्ति केन्द्रहरूबाट राजनीति गर्‍यो । चाहे वन, सेना, पुनर्वास, नागरिकता अथवा भाषाको प्रसंग होस्, राज्यले ठूलो राजनीति गरेको छ । यो एउटा ठूलो र 'व्यवस्थित' शक्तिको प्रयोग थियो र आधुनिक नेपाली राष्ट्रियता निर्माणको एउटा शृंखलाबद्ध प्रक्रिया थियो ।

यी प्रक्रियाहरूसँगै मधेसलाई एउटा भौगोलिक पहिचानको रुपमा हेर्न थालियो । मधेस एउटा पहिचान बन्यो, मधिसे असभ्य, नराम्रो र इन्डियनको । यस अर्थमा मधेस र मधेसको गरिबीलाई 'रोमाञ्चित' गरियो, आख्यानहरू बने, मधेसलाई हेर्ने एउटा साझा दृष्टिकोण विकास भयो । 'ओरियान्टिलिज्म'मा एडबर्ड सइदले भनेजस्तै, गोराहरूले आफूभन्दा फरक छाला भएकाहरूलाई हेर्ने तुच्छ दृष्टि बनाएझैं यहाँ पनि त्यस्तै भयो मधेस र मधेसलाई हेर्ने आमधारणा । त्यसकै कारण हो काठमाडौंका गल्लीमा श्रम गरेर तरकारी बेच्न आउने मधेसका मानिसलाई यहाँ तथाकथित पहाडीमूलका सभ्य भनाउँदाहरूले 'ओ भैया' भनेर हेप्ने प्रवृत्ति । यी आममानिसलाई थाहा छैन कि यो राज्यको राजनीति हो भनेर । तैपनि, ऊ राष्ट्रिय राजनीतिको एउटा हिस्सेदार हो र उसलाई थाहा नहुँदा नहुँदै मधिसे, भैया भन्न रुचाउँछ, जिस्काउँछ- यसरी निर्माण हुन्छ पहिचान र दबाबको राजनीति । यी मान्छेहरू प्रतिछायाँ हुन् सयौं वर्षदेखिको पहाडी राजनीतिको, त्यसको संस्कारको र त्यस्ता छायाँ प्रत्येक गल्ली, चोक, प्रशासन जताततै छन् । ऐतिहासिक आन्दोलनले २३७ वर्षको इतिहास ढाले पनि त्यसको औपनिवेशिक र संरचनागत प्रभाव ढलेको छैन, यसले पुर्खौली जरा गाडेको छ । यसरी आम मान्छेको अर्थमा आजको दिनसम्म पनि मधेसको एउटा ठूलो सम्भावना, आत्मसम्मान र स्वाभिमानलाई चोट पुगेको छ । मधेस गरिबीभन्दा पनि यसलाई हेर्ने भन्ने र व्याख्या गर्ने व्यवहारबाट पीडित छ, यो पहाडी राष्ट्रियता निर्माण प्रक्रियाको सबभन्दा ठूलो र पुर्खौली चोट हो ।

अर्को पाटो केहो भने तराई भन्नेबित्तिकै मधेसका सबै बराबर भन्ने भौगोलिक पहिचानले मधेसभित्रका वर्गीय संरचना र विभेदका कुरालाई त्यति साह्रो महत्त्व दिएको छैन, जसले गर्दा मधेसको तल्लो तप्का यो देशको आर्थिक, सामाजिक, राजनीतिक र मानसिक उत्पीडनबाट पीडित छ । मधेसको जमिनदारी प्रथा, मधेसभित्रको जातीय विभेद, छुवाछूतको समस्या, मधेसभित्रको लैंगिक विभेद पहाडीहरू जस्तै डरलाग्दो छ र सीमान्त वर्गका लाखौं मान्छे पीडित छन् । पुनर्संरचना मधेसभित्र पनि चाहिएको छ । मधेसका सीमान्त वर्गका मानिस एकातिर पहाडी राष्ट्रियताको मारमा अनि अर्कोतिर मधेसभित्रकै सामन्ती संस्कारका सिकार बनेका छन् । सयौं वर्षको उत्पीडनबाट गुज्रिएका तमाम मानिसको मानसिकतामा ठूलो आघात पुगेको छ । पाउलो फ्रेयरीले भनेझैं जब मानिस वर्षौंसम्म कुनै कुराको एकोहोरो मारमा पर्छ, दबाइन्छ, त्यसले विस्तारै मौनताको संस्कृति विकास गर्छ र मान्छेले विस्तारै तागतवालाहरूको एकोहोरो शक्ति प्रदर्शनलाई आत्मसात गर्दै जान्छ, उत्पीडन सहन्छ । यस्तै भएको छ हामीकहाँ । मधेसका पिछडिएका मानिसहरू दोहोरो र अझ दलित समुदायको कुरा गर्ने हो भने त तेहोरो र त्यसमा पनि दलित महिलाको कुरा गर्ने हो भने नेपाली राष्ट्रियताभित्र मधिसे बन्नुको मार, मधेसभित्र गरिब बन्नुको मार, दलित बन्नुको मार र पुरुषप्रधान समाजमा दलित महिला बन्नुको मार खेप्नु परेको विवशता छ । यो पीडित मानसिकतामा रेडियो वा टिभीबाट दिइने स्वास्थ्य, महिला अधिकार, शिक्षा र विकासका सन्देश अनि विकासे कार्यक्रमका नेपालीमा बन्ने चेतनामूलक कार्यक्रमले मधेसको मानसिकता झकझकाउने रोमाञ्चित सोच आफैंमा लज्जास्पद छ । यही भएको छ यो देशको मधेससम्बन्धी नीति । विकास बजेटकै कुरा गर्ने हो पनि मधेसबाट आर्जन गर्ने राजस्व र राज्यले मधेसलाई छुट्याउने बजेटले राज्यको दोहारो नीतिलाई स्पष्ट पार्छ ।

एउटा पाटो अर्को पनि छ, मधेस सम्बन्धमा हुने वहसहरूभित्र मधेसका दलितका वहस अथवा भूमिहीनहरूका वहसहरू सकी नसकी अटाउने प्रवृत्तिले मधेसका वहसहरूभित्र पनि पुनर्संरचनाको खाँचो देखाउँछन् । त्यसैले मधेसको लोकप्रिय बहसभित्र यी कुरा उठ्नु जरुरी हुन्छ, होइन भने सधैंजस्तै पिछडिएका वर्गको बहस नै नहोला भन्ने डर छ । अर्कातिर राजनीतिक दलहरूले गर्ने मधेसका वहसहरूले पनि त्यहाँको वर्गीय समस्यालाई महत्त्व नदिनु र मधेसलाई नागरिकताको मात्र एकोहोरो रटानभित्र हेर्ने आँखाले नागरिकताको समस्या पूरा गरे पनि पिछडिएका मानिसहरूलाई सयौं वर्षको सामन्ती दासत्वबाट मुक्तिको आशा कमै गर्न सकिन्छ । यद्यपि, दलितहरू र भूमिहीनहरूबाट सञ्चालित सडकका वहसले प्रशस्त सम्भावना बोकेका छन्, जसले मधेसका अति सामान्य मान्छेको अर्थमा आत्मसम्मान, आत्मविश्वास र राजनीतिक इच्छाशक्ति बढाएका छन्, जो पुनर्संरचनाको प्रक्रियाको सबभन्दा महत्त्वपूर्ण पक्ष हो । यी बहसहरूले अब राष्ट्रिय राजनीति र तथाकथित नीतिगत वहसमा दखल दिनु पर्ने बेला आएको छ । अन्य क्षेत्रमा जस्तै मधेसका वहसहरू पनि वर्गीय चेत र पुरातनवादी बौद्धिक धारबाट प्रभावित हुने प्रशस्त सम्भावना छन् । अब काठमाडौंमा बसेर अथवा मधेसमै बसेर पनि मधेसको खेती गर्ने अवस्था अन्त्य हुनु पर्छ । अब मधेसको सवाल तल्लो तहबाट जाग्नु पर्छ र राजनीतिक यात्राको थालनी र प्रतिनिधित्व तल्लो तहबाटै गरिनु अत्यन्त आवश्यक छ, जसले गर्दा पुनरसंरचनाको संघारमा सीमान्त वर्गका मानिसले आफ्ना स्वतन्त्र चाहना र मुक्तिका सपना राजनीतिक रुपलै सहभागी भएको महसुस गर्न सकून् । अब मधेसको वहसको नेतृत्व मधेसले गर्नु पर्छ र पहाडी राष्ट्रियता विनिर्माणको प्रक्रिया थालनीको सुरुवातसँगै साझा नेपाली राष्ट्रियताको थालनी गर्नु आवश्यक हुन सक्छ र यसको जग वर्षौंदेखिको केन्द्रीय राज्य व्यवस्थाबाट दबाइएका बस्ती, ठाउँ र समुदायबाट हुनु पर्छ । ■

**राष्ट्रिय आत्मसमर्पणवादी र फासीवादीहरूको षड्यन्त्रलाई माटोमा मिलाउँदै देशलाई अग्रगामी निकास दिलाउन यो राष्ट्रिय अन्तरविरोध हल गर्नका निम्ति अर्को निर्णायक जनआन्दोलन जरुरी भएको छ ।**

# आवश्यकता सातौं जमर्काको



गोपाल किराती

**हाम्रो पार्टी नेकपा** (माओवादी)को कामीडाँडा बैठकमा मुलुकको आगामी राजनीतिक कार्यभारबारे अध्यक्ष क. प्रचण्डको संश्लेषण थियो, 'हामीले जनयुद्धको पाँच वर्ष राष्ट्रियताको नारालाई प्रधान बनायौं, अर्को पाँच वर्ष जनतन्त्रको सवाललाई प्रधान बनाएर अघि बढ्यौं । अब हामी राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको तिनै सवाललाई एकीकृत ढंगले समायोजन गरेर अघि बढ्नुपर्छ ।' २००७ सालको राणाशासनविरोधी आन्दोलनमा राष्ट्रियताको सवाललाई गौण बनाउने कांग्रेसी आत्मसमर्पणवादका कारण कुख्यात दिल्ली सम्झौताले ठाउँ पायो, जो नेपालको राष्ट्रिय आत्मसमर्पणवादी (ल्यान्डुप दोर्जे) धार बन्यो भने २०१७ सालमा बहुदलीय प्रजातन्त्रलाई अफापसिद्ध घोषणा गर्दै फासिस्ट राजा महेन्द्रले सामन्ती निरंकुशता लाद्ने अपराध गरे, त्यो मण्डले राष्ट्रवादी धारा थियो । त्यसपछि २०३६ सालको जनमत संग्रह, २०४६ को जनआन्दोलन, २०६३ चैत्र २४ को बृहत् जनआन्दोलनका घटना २००७ सालकै निरन्तर पुनरावृत्ति हुन् भने नारायणहिटी हत्याकाण्ड, माघ १९ जस्ता फासीवादी घटना १९६० कै सामन्ती निरंकुश पुनरावृत्ति भएको ठहर्छ । २००७ सालमा कांग्रेसले जस्तै चैत्र २४ मा सात दलका नेताहरूले दोहोऱ्याएको जघन्य गल्तीबाट सामन्ती निरंकुशता फेरि अर्को भयानक फासीवादी रक्तपातको तयारीमा देखिन्छ ।

नेपालको राजनीतिमा देखिएका यी दुई तथाकथित लोकतन्त्र र सामन्ती (मण्डले) राष्ट्रियताको चाकाचुली खेलमा नेपाली जनताको जनजीविकाको सवाल पूरै ओझेलमा पार्ने कसरत हुँदै आएको छ । यसरी नेपाल इथोपियापछि गनिने दरिद्रहरूको देशमा बदलिन पुगेको छ । नेपाली राजनीतिका यी दुई आत्मसमर्पणवादी र फासीवादी धारविरुद्ध नै जनयुद्ध घोषणा गरिएको थियो, जो नेपालको स्वतन्त्र क्रान्तिकारी धारका रूपमा आज सर्वत्र स्थापित भएको छ । वैज्ञानिक राष्ट्रियताको पहरेदार नेपाली नागरिकहरू आज यसरी २००७ साल र २०१७ सालको धारलाई मुर्दावाद गर्दै २०५२ साल फागुन १ गतेलाई नेपाली राष्ट्रियता, लोकतन्त्र र जनजीविकाको एकीकृत स्वतन्त्र क्रान्तिकारी धारका रूपमा जिन्दावाद गर्ने एक युगान्तकारी अभियानलाई उत्कर्षमा उठाउने काम भएको छ । यसको सही निष्कर्षका लागि अझ निर्णायक आन्दोलनको आवश्यकता गम्भीर रूपले खड्किएको तथ्य स्पष्ट छ । यही आवश्यकता परिपूर्ति गर्दै नयाँ नेपाल निर्माण गरेरै छाड्ने दृढ प्रतिबद्धताका साथ पार्टीको कामीडाँडा बैठक सम्पन्न गरिएको जगजाहेर छ ।

नेपालमा लोकतान्त्रिक गणतन्त्रको कार्यभार नेकपा (माओवादी) नेतृत्वको जनयुद्धको प्राथमिक कार्यभार वर्गीय, जातीय, महिला र क्षेत्रीय मुक्ति सम्पन्न गर्नु रहेको हो । यस चार मुक्तिको कार्यभार सम्पन्न गरिएपछि देशको आन्तरिक राष्ट्रियता सुदृढ हुने, जनजीविकाको सुनिश्चितता गर्दै आत्मनिर्भर अर्थतन्त्रको स्थितिलाई सुनिश्चित गरिने र यस नयाँ आधारमा लोकतान्त्रिक अधिकारलाई संस्थागत गरिने विश्वास जाहेर गरिएको हो । यसबारे संक्षिप्तमा यहाँ प्रकाश पारिन्छ ।

१. **वर्गीय सवाल** : नेपालमा वर्गीय मुक्तिका लागि प्रथम क्रान्तिकारी भूमिसुधार लागू गर्ने हाम्रो नीति हो । समाजको आमूल परिवर्तनकारी आकांक्षालाई केन्द्रमा राखेर विचार गर्दा क्रान्तिकारी भूमिसुधार माथिबाट लागू गरिनुपर्ने देखिन्छ । कयौं सामन्तको हातमा रहेको लाखौं बिघा वा रोपनी जमिन राष्ट्रियकरण गरी कमैया लगायतका भूमिहीन किसानलाई सर्वप्रथम तत्काल वितरण गरिनेछ र जोत्नेको नाममा जमिनको अधिकार कायम गरी भूमिमाथिको द्वैध स्वामित्व अन्त्य गरिन्छ । दोस्रो देशको दलाल तथा नोकरशाही पुँजीलाई राष्ट्रियकरण गरी वैज्ञानिक औद्योगिकरण योजनामा लगानी गरिनेछ । देशभक्त र लोकतन्त्रवादी उद्योगपतिहरूको पुँजीलाई संरक्षण गर्दै पुँजीलाई स्वदेशमै बाहेक विदेशतर्फ खपत गर्ने अराष्ट्रिय रवैयालाई कडाइका साथ अन्त्य गरिन्छ ।

प्रस्तुत आर्थिक कार्यक्रमको पृष्ठभूमिबाट शिक्षा, स्वास्थ्य र रोजगारीको अधिकारलाई नागरिकहरूको आधारभूत अधिकारका रूपमा स्थापित गरिन्छ । यदि कुनै नागरिकका छोराछोरीले आर्थिक वा अन्य कुनै कारणबाट शैक्षिक अवसर गुमाउने स्थिति पैदा भएमा, यदि कुनै नागरिक आर्थिक वा अन्य कारणबाट स्वास्थ्योपचारको अवसरमा वञ्चित भएमा र यदि कसैले कुनै पनि कारणले रोजगारीको अवसर नपाएमा निज नागरिकले शिक्षा, स्वास्थ्य र रोजगारी उपलब्ध गर्न-गराउन सम्बन्धित अदालत वा जनअदालतमा मुद्दा दर्ता गराउन अधिकारसम्पन्न हुनेछन् ।

२. **जातीय सवाल** : नेपालमा जातीय उत्पीडनको अन्त्यबाट समृद्ध राष्ट्रिय एकता निर्माणका निम्ति हाम्रो पार्टीले जातीय स्वशासन र आत्मनिर्णयको प्राधिकारको व्यवस्थालाई सुनिश्चित गरेको छ । यसअन्तर्गत प्रथम संघीय ढाँचाको राज्य संरचनामा स्वशासन व्यवस्थाद्वारा सबै उत्पीडित जातिलाई राजनीतिक सत्ताको नेतृत्वमा स्थापित गरिन्छ र दोस्रो स्वशासन प्राप्त गरेका वा नगरेका सबै जातिलाई देशको वडादेखि संघीय प्रतिनिधिसभासम्मै प्रतिनिधित्व गराउने व्यवस्था सुनिश्चित गरिएको छ । जातीय मोर्चाबाट उत्पीडित जाति र अनवर्गीय मोर्चाबाट उत्पीडित वर्गहरूको सामूहिक तथा एकीकृत प्रतिनिधित्व एवं नेतृत्वमा देशको राज्यव्यवस्था संचालन गरिन्छ ।

३. **महिला सवाल** : युगौंदेखि सम्पत्तिविहीन महिला उत्पीडनको अन्त्य गरी पैतृक सम्पत्तिमाथि छोरासरह छोरीलाई अंशको अधिकार स्थापित गराउन देशव्यापी जनसत्ताहरू संघर्षरत छन् । यसरी छोरासरह छोरीलाई पनि पैतृक सम्पत्तिमाथि अधिकार बहाल गराउने र देशको वडादेखि लिएर केन्द्रसम्म राज्यसत्तामा ५० प्रतिशत महिला अधिकारको लक्ष्य सुनिश्चित गर्ने व्यवस्थाबाट महिला मुक्तिको कार्यभार पूरा गरिन्छ ।

४. **क्षेत्रीय सवाल** : काठमाडौं, विराटनगर वा पोखरालाई मात्र नेपाल ठान्ने आन्तरिक उपनिवेशवादी शासन व्यवस्था अन्त्य गरी कर्णालीजस्तो उत्पीडित क्षेत्रलाई स्वशासित राज्य बनाउँदै राजधानीमा सरह देशको सबै क्षेत्रमा राष्ट्रिय लगानीको व्यवस्था गरिन्छ । यसले राजधानीबाहिर पर्नाकै कारण उत्पीडित हुनुपर्ने पुरानो सत्ताको नियतिलाई स्वतः अन्त्य गर्दछ ।

जनयुद्ध, जनआन्दोलन, वार्ता प्रक्रिया र जोखिमपूर्ण कूटनीतिक प्रयत्नहरूबाट नयाँ नेपालको आधारभूत प्रस्थापनाका रूपमा अघि सारिएको प्रस्तुत चार मुक्तिको कार्यभार सम्पन्न गरेर मात्र यहाँ राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवाल सुनिश्चित गर्न सकिछ । यो आधारभूत राष्ट्रिय कार्यभारलाई अन्तरिम संविधान मस्यौदा समितिमा प्रस्तावित हाम्रो पार्टीको संघीय लोकतान्त्रिक गणतन्त्र, नेपालको संविधानमा प्रस्टसँग अभिव्यक्त गरिएको छ ।

## तीन अन्तरविरोध र एक आन्दोलन

१. **अन्तर्राष्ट्रिय अन्तरविरोध** : नेपाली जनक्रान्तिको नेतृत्व मालेमा र प्रचण्ड पथ मान्ने माओवादी कम्युनिष्टहरूले गरिएकै कारण अमेरिकी हस्तक्षेप बढिरहेको भन्ने सोचाइ र चर्चा सर्वथा गलत छ । किनभने श्रीलंकाको लिट्टे कुनै कम्युनिष्ट शक्ति नभएर एउटा राष्ट्रिय मुक्ति खोज्ने नितान्त बुर्जुवा राजनीतिक दस्ता हो । त्यसरी नै प्यालेस्टाइनको सत्तामा चुनावद्वारा पुगेका हमासहरू राजनीतिक वैज्ञानिक दृष्टिले लिट्टेभन्दा किमार्थ फरक होइनन्,

तर लिट्टेलाई आतंककारी सूचीमा राख्ने र प्यालेस्टाइन राष्ट्रियतामाथि इजरायली फासीवादलाई सैन्य दमनका निम्ति उक्साउने साम्राज्यवादी अमेरिकाको हर्कतले नेपालमा माओवादी नेतृत्वकै कारण विदेशी हस्तक्षेप बढाएको भन्ने आरोपको पुनः खण्डन हुन्छ। यथार्थ त यो हो कि दोस्रो विश्वयुद्धपछि भूमण्डलीकरणको नारा दिएर सम्पूर्ण विश्वका स्वतन्त्रताप्रेमी जनसमुदायमाथि एकाधिकारवादी अधिनायकत्व लाद्न हिँडेको अमेरिकी साम्राज्यवाद विश्वका कुनै पनि राष्ट्रिय समुदायको स्वतन्त्रता र समानताको अधिकारमाथि पूरै खनिएको छ। अतः अमेरिकी साम्राज्यवादविरोधी राष्ट्रिय मुक्ति, जनवादी र समाजवादी शक्तिहरूको एक विश्वव्यापी सोभियत महासंघ निर्माणको झन्डा उठाउँदै जारी साम्राज्यवाद र उत्पीडित राष्ट्रहरूबीचको अन्तरविरोधी हल गर्न नेपालमा एउटा निर्णायक जनआन्दोलनको ऐतिहासिक आवश्यकता भएको छ।

२. **राष्ट्रिय अन्तरविरोध** : बाह्रबुँदे समझदारीलाई प्रारम्भिक घोषणापत्र मान्दै नेपाली जनताले १९ दिनसम्म बृहत् जनआन्दोलन गरे। हाम्रो पार्टीको स्पष्ट नीतिअनुसार नै पचासौँ लाख जनताले सीधा अन्तरिम सरकार, संविधानसभा र गणतन्त्र नेपालको जोडदार नारा आन्दोलनमा घन्काएका थिए। फलस्वरुप साम्राज्यवाद तथा विस्तारवाद पछि हट्ने र सामन्तवादी नाइके भाग्ने अन्तिम तयारी चलिरहेको थियो। तर, विधिको विधान थोपरियो सात दलका नेताहरूले निर्लज्ज घुँडा टेके। घुँडा टेकुवाहरूले फेरि १९५० को आत्मसमर्पणवादी धार पुनरावृत्ति गराएकै कारण बालुवाटारमा शिखरवार्ताद्वारा गरिएको आठबुँदे सहमति कुल्चने गम्भीर षड्यन्त्र भइरहेछ। यसरी अग्रगामी निकासविहीन बन्न पुगेको नेपालमा सामन्ती राजतन्त्र, त्यसको सैन्यतन्त्र र मतियार बनेका शासकहरू उतातिर र राष्ट्रियता, लोकतन्त्र, जनजीविकाको प्रश्नलाई एकीकृत रूपमा बुझ्ने गणतन्त्रवादीहरू यतातिरको राष्ट्रिय राजनीतिक अन्तरविरोध खडा हुन पुगेको छ। राष्ट्रिय आत्मसमर्पणवादी र फासीवादीहरूको षड्यन्त्रलाई माटोमा मिलाउँदै देशलाई अग्रगामी निकास दिलाउन यो राष्ट्रिय अन्तरविरोध हल गर्नका निम्ति अर्को निर्णायक जनआन्दोलन जरुरी भएको छ।

३. **आन्तरिक अन्तरविरोध** : क्रान्तिकारी नेपाली जनताको आत्मगत स्थिति अपेक्षित स्तरमा सुदृढ बनेको र नेपालमा अग्रगामी छलाङको वस्तुगत स्थिति पनि परिपक्व रहेको वर्तमान अवस्थामा अन्तर्राष्ट्रिय अन्तरविरोध र उल्लिखित राष्ट्रिय अन्तरविरोधद्वारा सिर्जित नकारात्मक परिस्थितिका कारण हाम्रो पार्टीबाहेक देशका सबै पार्टी संगठनहरू, सबै जाति समुदाय, सबै समिति र व्यक्तिहरूमा गम्भीर अन्तरसंघर्ष उत्पन्न भएको छ। यो भनेको एउटा गम्भीर संक्रमणकालीन अवस्था पनि हो। अतः बाह्य नकारात्मक हस्तक्षेपहरूलाई चिर्दै सबै पार्टी, जाति समुदाय र व्यक्तिहरूमा देखिएको आन्तरिक अन्तविरोध हल गर्न पनि नेपाली समाजमा एउटा आमूल परिवर्तनकारी आन्दोलन नितान्त जरुरी भएको छ।

प्रस्तुत तीन अन्तरविरोधहरूको वैज्ञानिक पहिचान र सञ्चालन गर्दै सार्वभौम समाधानका निम्ति वर्गीय, जातीय तथा महिला र क्षेत्रीय मुक्ति भएको संघीय जनगणतन्त्र नेपाल स्थापनाका लागि एउटा निर्णायक राष्ट्रिय आन्दोलनको झन्डा उठाउनु पर्छ। यस्तो आन्दोलन फ्रान्सेली राज्यक्रान्ति, बेलायती औद्योगिक क्रान्ति, अमेरिकी सांस्कृतिक क्रान्तिको स्पिरिडमा चिनियाँ नौलो जनवादी क्रान्तिजस्तै हुनुपर्छ। बहुदलीय लोकतन्त्रबारे न्यूनतम साझा एकता कायम गरिएको वर्तमान परिस्थितिमा पहिलो कदम गणतन्त्र नै भएको तर एक महत्त्वपूर्ण कदम हुनुबाहेक गणतन्त्रको सवाल मात्रले वर्गीय, जातीय र महिलामुक्ति सुनिश्चित नगर्ने खतरा महसुस हुँदाहुँदै पनि देशको आसन्न जनआन्दोलनको स्वरूप एकीकृत राष्ट्रिय गणतान्त्रिक आन्दोलनको हुनेछ। यस गणतान्त्रिक आन्दोलनमा नेकपा (माओवादी)को वैचारिक एवं संगठनात्मक नेतृत्वले जनविरोधी गणतन्त्र स्थापना गर्ने प्रतिक्रियावादी र यथास्थितिवादीहरूको षड्यन्त्रलाई निश्चितरूपमा पराजित गरिनेछ र वर्गीय, जातीय तथा महिला मुक्ति भएको र राष्ट्रिय, जनतन्त्र एवं जनजीविकाको सवाल एकीकृत रूपमा सुनिश्चित गरिएको नेपाली जनताको लोकतान्त्रिक गणतन्त्र संस्थागत गरिनेछ।

ऐतिहासिक सिलसिलामा भन्नुपर्दा विगतका राष्ट्रिय राजनीतिक घटनाहरूमा आत्मसमर्पणवाद र फासीवाद नेतृत्वमा प्रभाव पार्न सफल देखिए पनि ती घटनामा विद्रोही नेता र जनताले बलिदानको महान् कीर्तिमान पनि खडा गर्दै आएका छन्। अतः राणाशासनविरोधी राजनीतिक आन्दोलन, झापाली विद्रोह, २०३६ को जनमत संग्रह, २०४६ सालको जनआन्दोलन र २०५२ सालको जनयुद्ध एवं २०६२ सालको जनआन्दोलनसम्मलाई नेपाली क्रान्तिको छैटौं जमर्को मान्दै आजको आन्दोलनलाई सातौं राष्ट्रिय गणतान्त्रिक आन्दोलन मान्नु उपयुक्त हुन्छ। जसबाट एक्काइसौं शताब्दीको विश्व राजनीतिक अन्तरविरोधी हल गर्ने वैज्ञानिक सन्देश दुनियाँमा सम्प्रेषण गरिनेछ।

*(लेखक : माओवादी केन्द्रीय सदस्य हुन्।)*




# दुवैको हितमा

**बोर्डको गठन उखु किसान र चिनी उत्पादक दुवैका हितमा हुने देखिएको छ ।**



**प्रत्येक वर्ष** उखु पेल्ने मौसम सुरु हुने (कात्तिकमंसिर)मा उखुको मूल्यलाई लिएर यस पटक उखु उत्पादक किसान महासंघ र चिनी उत्पादक महासंघ विवादमा उल्झने परम्परा नदोहिरिने सम्भावना छ । आठ वर्षदेखि उखु उत्पादक किसान महासंघले 'उखु विकास बोर्ड' र चिनी उत्पादक संघले 'चिनी बिकास बोर्ड' गठनको मागले 'उखु तथा चिनी विकास बोर्ड'को रूपमा आकार लिँदै छ । बोर्ड गठनको जिम्मेवारी पनि उद्योग मन्त्रालयबाट कृषि मन्त्रालयको अधिकार क्षेत्रभित्र पुगेको छ ।

सर्लाहीका कांग्रेसी सांसद तथा कृषि तथा सहकारीमन्त्री महन्थ ठाकुर र सर्लाहीकै कांग्रेसको किसान संघसँग आबद्ध नेता, उखु उत्पादक किसान संघका अध्यक्ष कपिलमुनि मैनालीको आपसी सम्बन्धले बोर्ड गठनको काम उद्योगबाट कृषि मन्त्रालयमा सरेको छ । मैनालीले साउन पहिलो साता मन्त्री ठाकुरसमक्ष 'उखु विकास बोर्ड गठन' गर्न ज्ञापनपत्र दिएका थिए । ठाकुरले साउन १० गते नै ज्ञापनपत्रमा तोक आदेश लगाएर बोर्ड गठनको औचित्य पहिल्याउन कृषि मन्त्रालयलाई निर्देशन दिएका थिए ।

मन्त्रीको निर्देशनपछि कृषि मन्त्रालयले कार्यदल गठन गरेर एउटा अवधारणा पत्र तयार गरेको छ । उखु उत्पादक किसान संघ र चिनी उत्पादक संघका अध्यक्ष तथा प्रतिनिधिसँग छलफलबाट तयार गरिएको अवधारणा पत्रमा बोर्ड गठन औचित्यपूर्ण रहेको बताइएको छ । प्रतिवेदन कार्यान्वयन गर्न कृषि मन्त्रालयका सहसचिव डा. कृष्णबहादुर श्रेष्ठ, राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमका निमित्त प्रमुख निरु दाहाल तथा अर्थमन्त्रालयका प्रतिनिधि रहेको एक कार्यदल पनि गठन प्रक्रिया अन्तिम चरणमा पुगेको छ । कार्यदलले सरोकारवाला, उखु उत्पादक र चिनी उत्पादक महासंघसँगको पटक पटक छलफल गरेर सरकारलाई प्रतिवेदन बुझाउने अन्तिम तयारी गर्दै छ । कार्यदलका सदस्यहरू बोर्ड गठन हुनेमा ढुक्क त छन्, तर कहिले गठन हुन्छ भन्ने कुरा यकिन गर्न सकिरहेका छैनन् । बोर्ड उखु पेल्ने मौसम सुरु हुनुअगावै गठन हुने विश्वास गरिँदै छ ।

बोर्ड गठन, यसको कार्यक्षेत्र र उद्देश्यका आधारमा बोर्डले कार्यान्वयन गर्नेभन्दा सहजकर्ताको भूमिका खेल्ने देखिन्छ । बोर्ड गठनको सकारात्मक पक्ष भनेको उखुखेती र चिनी उद्योगलाई सरकारले प्रमुख कृषिबाली, प्रमुख उद्योगको रुपमा महत्त्व दिनु नै हो ।

उखु उत्पादक महासंघका अध्यक्ष मैनाली, बोर्ड गठनपछि उखुखेतीमा सरकारी निकायको ध्यानाकर्षण गर्न सकिने र किसानको पक्षमा काम गर्न सकिने बताउँछन् । उखुखेतीको विकास र विस्तार गर्न सिँचाइ, बाटोघाटो लगायतका पूर्वाधारमा सरकारी निकाय संलग्न गर्न सकिने विश्वास उनको छ । मैनाली भन्छन्, 'चिनी उद्यमीले ६ प्रतिशत ब्याजदरमा ऋण पाउँछन्, हामी किसानले कम्तीमा १४ प्रतिशत तिर्नुपर्छ । त्यो पनि सहज छैन, यस्ता समस्या समाधान गर्न बोर्डले भूमिका खेल्न सक्छ ।'

चिनी उत्पादक महासंघका अध्यक्ष शशिकान्त अग्रवाल पनि बोर्ड गठनको प्रक्रिया अघि बढेकोमा सन्तुष्ट देखिन्छन् । अग्रवाल भन्छन्, 'बोर्ड गठन किसान र उद्यमी दुवैको हित हुन्छ ।' अग्रवालले किसानको हकमा सरकारले उखुबालीलाई प्राथमिकता दिने भएकाले लाभ हुने जानकारी दिए भने उद्यमीहरूको हकमा चिनीको बिक्री वितरण र आपूर्तिमा बोर्डले भूमिका खेल्ने बताए ।

राष्ट्रिय औद्योगिक बाली विकास कार्यक्रमकी निमित्त प्रमुख निरु दाहाल बोर्डले किसान र उद्यमीबीच उखुको मूल्य जस्ता विषयमा सहजकर्ताको भूमिका मात्र खेल्ने तथा उखुखेतीको विकास, विस्तार र चिनी उद्योगहरूलाई सहयोग पुऱ्याउने बताउँछिन् ।

सचिवको अध्यक्षतामा प्रस्तावित बोर्डमा कृषि मन्त्रालय, मन्त्रालय, उद्योग मन्त्रालय, नेपाल राष्ट्र बैंक, कृषि विकास बैंक तथा कृषिसँग सम्बन्धित सरकारी निकायका प्रमुखहरू, चिनी तथा उखु उत्पादक संघका अध्यक्षहरू र दुवै संघका एक-एकजना प्रतिनिधि गरेर जम्मा चौधजना रहने व्यवस्था छ । उखु उत्पादक किसान संघ कृषिमन्त्रीको अध्यक्षतामा बोर्ड हुनुपर्ने मान्यतामा छ भने चिनी उत्पादकहरू सचिवको अध्यक्षताको बोर्डको पक्षमा छन् । मन्त्रालयका अधिकारीहरू पनि मन्त्रीको अध्यक्षतामा गठन हुँदा राजनीतिकरणको खतरा औंल्याउँदै छन् ।

विगतका जस्ता सरकारी बोर्ड, सरकारी भर्तीकेन्द्र हुने अनुभवबाट पाठ सिकेका कृषि अधिकारीहरूले बोर्डको आकार सानो प्रस्ताव गरेका छन् । बोर्डको आर्थिक दायित्वमध्ये आधा सरकारले व्यहोर्ने, बाँकी आधा उखु उत्पादक महासंघ र चिनी उत्पादक महासंघले बराबरी व्यहोर्ने कुरामा सहमति भइसकेको छ । राम्रो सम्भावना भएको उखुखेतीलाई प्रमुख नगदेबालीको हैसियतमा राखेर उखुको उत्पादकत्व बढाउन र खेती विस्तार गर्न सिँचाइ, प्रविधि लगायतका क्षेत्रमा सहयोग पुऱ्याउने र चिनी उद्यमीलाई प्रोत्साहित गर्ने उत्प्रेरकको भूमिका बोर्डले खेल्न सक्यो भने नेपाल केही वर्षभित्रै चिनीमा आत्मनिर्भर भएर निर्यात गर्नसक्ने हैसियतमा पुग्ने निश्चित छ ।

■ **विश्वमणि पोखरेल/काठमाडौं**



आलोपालोका नाममा समितिहरूले चलाएको सिन्डिकेटका कारण यात्रुहरूले महँगो भाडा तिरेर पनि सुविधा पाउँदैनन् ।

तेजबहादुर बस्नेत

# शोषणमा यात्रु

■ गोविन्द परियार/काठमाडौं

## सरकारले तोकेको यात्री बसको प्रमुख रुटको भाडादर

| रुटको नाम | किलोमिटर | भाडादर रात्रि (रु) | भाडादर दिवा (रु) |
|---|---|---|---|
| काठमाडौं-धनगढी | ६६३ | ६७२ | |
| काठमाडौं-नेपालगन्ज | ५३१ | ५५० | ४३९ |
| काठमाडौं-मलंगवा | ३४१ | ३५२ | २८२ |
| काडमाडौं-सुर्खेत | ६०० | ६५८ | |
| काठमाडौं-महेन्द्रनगर | ६९५ | ७२० | |
| काठमाडौं-भद्रपुर (झापा) | ६१० | ६३१ | |
| काठमाडौं-नारायणगढ | १४६ | | १४० |
| काठमाडौं-पशुपतिनगर | ६४९ | ६७२ | |
| काठमाडौं-इलाम | ६७६ | ७०० | |
| काठमाडौं-धनकुटा | ५९१ | ६१२ | |
| काठमाडौं-विराटनगर | ५४१ | ५५९ | ४४५ |
| काठमाडौं-काँकडभिट्टा | ६१० | ६३१ | ५०५ |
| काठमाडौं-तातोपानी | ११४ | | ११३ |
| काठमाडौं-पोखरा | २०२ | २२३ | १९४ |

**घर छोडेर बाहिर** काम गर्न आएका हरेक नेपालीलाई भित्तामा झुन्डिएको पात्रोले सोह्र श्राद्ध छुनासाथ चिन्ता सुरु हुन थाल्छ, घर कसरी जाने ?

चिन्ताजनक अवस्थामा रहेको नेपालको सार्वजनिक यातायातको अवस्था हेर्दा यो चिन्ता स्वभाविक पनि हो, न मूल्यको ठेगान हुन्छ न यातायातको साधनको गुणस्तरको न त कति मानिस बस्ने भन्ने नै ठेगान हुन्छ ।

विशेष गरेर दसैंको समयमा सार्वजनिक सवारीसाधनहरूको मनपरी भाडा असुल्ने प्रवृत्तिको मारमा पर्छन्, यात्रुहरू । विशेष चाडपर्व वा सन्दर्भमा थप यातायातको व्यवस्था गरेर यात्रुलाई सेवा दिने सरकारी नीति भए पनि यातायात व्यवसायीहरूको नाफामुखी प्रवृत्तिले गर्दा यात्रु मर्कामा परेका छन् ।

यातायात व्यवस्था विभागका शाखा अधिकृत जीवनराम सेढाई भन्छन्, 'यातायात क्षेत्र सर्वसाधारण जनतासँग जोडिएकाले पनि सार्वजनिक यातायात व्यवसायीहरू नाफामुखीभन्दा पनि सेवामुखी हुनु पर्छ ।' तर अधिकांश यातायात व्यवसायी आफ्नो दायित्व बिर्सिएर कसरी नाफा कमाउन सकिन्छ भन्नेमा तल्लीन देखिन्छन्, तर महासंघका नवनिर्वाचित अध्यक्ष दिनेश भण्डारी भने विगतमा यातायात क्षेत्रमा देखिएका विकृति आफ्नो कार्यकालमा अन्त्य गर्ने बताउँदै भन्छन्, 'हामी विगतमा भएका कमी कमजोरी सुधार गरेर सेवामुखी अवधारणाअनुरुप अगाडि बढ्छौं ।'

रात्रि यातायात चलाउनु आफैंमा जोखिम र

जिम्मेवारीपूर्ण काम हो । तसर्थ चालकले रात्रिको समयमा सवारीसाधन चलाउँदा शारीरिक चाप पर्ने भएकाले ६-६ घन्टाको फरकमा चालक परिवर्तन गर्नुपर्ने ऐनले व्यवस्था गरेको छ, तर यसलाई कुनै पनि यातायात व्यवसायीले लागू गरेका छैनन् । जसले गर्दा यात्रुले रात्रि यातायातमा यात्रा गर्दा थप जोखिम खेपिरहेका हुन्छन् ।

खुला बजार नीतिअनुसार प्रतिस्पर्धाका आधारमा यातायात क्षेत्रको विकास गर्ने सवारी तथा यातायात व्यवस्था ऐनले व्यवस्था गरे पनि यातायात व्यवसायी समितिहरूको एकछत्र राज नतोडिएकाले यो क्षेत्रमा खुला प्रतिस्पर्धा हुन सकेको छैन । यसले गर्दा यात्रुले चर्को भाडामा असुविधाजन यात्रा गर्न बाध्य भएका छन् ।

ऐनले निषेध गरेको 'सिन्डिकेट' प्रणाली उनीहरू अहिले 'आलोपालो'को नाममा चलाउन थालेका छन् । यसले यो क्षेत्रमा प्रतिस्पर्धा हुन नसकेर यात्रु भाडादरमा समितिले मनपरी तोक्ने र सवारी पालो कुर्न सवारीसाधनले हप्तौं कुर्नुपर्ने बाध्यता कायमै छ ।

मध्यमाञ्चल यातायात व्यवस्था विभागका शाखा अधिकृत शालिग्राम ढकाल भन्छन्, 'प्रस्थानदेखि गन्तव्यसम्मका रुट सबै हाम्रो भन्ने यातायात व्यवसायी समितिहरूको घमन्डले गर्दा खुला प्रतिस्पर्धा हुनसकेको छैन ।' खुला प्रतिस्पर्धा नहुँदाको प्रत्यक्ष मार यात्रुले खेपिरहेका छन् । यातायात व्यवसायी महासंघका अध्यक्ष दिनेश भण्डारी भने सिन्डिकेट नभई आलोपालो नियम लागू गरेको दाबी गर्दै भन्छन्, 'सबैले सजिलो र सुगम रुटहरूमा मात्र यातायात संचालन गर्न खोज्छन् । त्यसैले सबै ठाउँमा यातायात सेवा पुऱ्याउनको लागि आलोपालो नियम बनाएका हौं ।'

सरकारले रुटअनुसारको भाडा दर तोकेको भए पनि अधिकांश रुटमा व्यवसायीले मनपरी भाडा असुल्ने गरेका छन् । अधिकांश बस व्यवसायीले सरकारले तोकेको भाडा दरभन्दा बढी रकम असुल्ने गरेका छन् । यातायात व्यवस्था विभागका एक अधिकारी भन्छन्, 'अधिकांश रुटमा यात्रुबाट सरकारले तोकेकोभन्दा बढी भाडा असुल्ने गरिन्छ ।'

काठमाडौंबाट मलंगवा जाने यात्री बसको दिवा सेवामा सरकारले २ सय ५७ रुपैयाँ भाडा तोके पनि ३ सय ५० भन्दा कममा कुनै पनि यात्री बसले लैजाँदैनन् । एयर कन्डिसन अथवा अन्य विशेष सुविधा भएमा तोकिएको भाडा दरमा २५ प्रतिशतसम्म वृद्धि गर्न सक्ने भए पनि व्यवहारमा यसको वृद्धि मात्र पचास प्रतिशतको हाराहारीमा छ । भण्डारी भन्छन्, 'हामीले सरकारले तोकेको भाडा कायम गरेर यातायात व्यवसायी र यात्रुको सेवालाई ध्यानमा राखेर आलोपालो नियम बनाएका हौं ।'

सरकारको चुस्त अनुगमन संयन्त्र नभएका कारण तोकिएको रुटअनुसारको भाडादर कायम हुन सकेको छैन । यातायात क्षेत्रलाई व्यवस्थित गर्नको लागि गठित अञ्चलस्तरीय यातायात व्यवस्थापन समितिले जिम्मेवारी वहन नगरेकाले समस्या देखिएको विभागका अधिकारीहरू बताउँछन् । जानकारहरू भने यातायात व्यवस्थापन समितिलाई प्रलोभनमा पारेर व्यवसायीहरूले आफूले चाहेको नियम बनाउने गरेकाले समस्या देखिएको बताउँछन् । मध्यमाञ्चल यातायात व्यवस्था विभागका प्रमुख लक्ष्मीप्रसाद ढकाल 'सरकारको स्पष्ट नीति, बजेट लगायतका प्राविधिक समस्याका कारण चुस्तरुपमा अनुगमन गर्न नसकिएको' स्विकार्छन् । उनी भन्छन्, 'यातायात व्यवस्थापन समितिले सम्बन्धित क्षेत्रमा ऐन नियम कार्यान्वयन भए-नभएको अनुगमन गर्ने दायित्व भए पनि व्यवहारमा लागू हुन सकेको छैन ।'

गैरकानुनी 'सिन्डिकेट'को सञ्जाल मजबुत भएका रुटहरूमा त झनै व्यवसायीले ऐन हातमा लिएर आफैं नियम बनाउने गर्छन् । सिन्डिकेटको मारमा परेर अरनिको र पृथ्वी राजमार्ग लगायत पश्चिमाञ्चल क्षेत्रका रुटमा यात्रुले अनावश्यक झमेला भोग्दै आएका छन् । सिन्डिकेटले गर्दा प्रशस्त सवारीसाधन चल्न नसकेकाले गर्दा एकातिर वर्षौं पुराना सवारीसाधन चल्ने हुँदा आरामदायी सवारीसाधनको अभाव छ भने अर्कोतर्फ यात्रुले चर्को सवारी भाडाको मार भोग्नु परेको छ ।

यातायात क्षेत्रलाई समयसापेक्ष र जनमुखी बनाउने दायित्व बोकेको यातायात व्यवस्था समितिको निष्क्रियताका कारण व्यवसायीहरूले मनपरी नियम बनाउने गरेको गुनासो यातायात व्यवस्था विभागका एक अधिकारी बताउँछन् । सरकारले नेपाल अधिराज्यभर ४ सय २९ रुटमा तोकेको भाडा दर पूर्णरुपमा कार्यन्वयन भएको छैन । रुट अनुमति, जाँचपास लगायतका प्रशासनिक कार्यमा समेत व्यवस्थापन समितिले चुस्त निर्णय गर्न नसकेको व्यवसायीहरूको गुनासो छ । सवारीसाधन दर्ता भएको सात दिनभित्र जाँचपास गराउने र त्यसको सात दिनभित्र रुट अनुमति लिइसक्नुपर्ने व्यवस्था भए पनि समितिको ढिलासुस्तीका कारण महिनौं कुर्नु पर्ने बाध्यता छ ।

## सुविधा लिने सेवा नदिने

सरकारले २०५७ सालबाट लागू हुने गरी विद्यार्थीलाई सार्वजनिक यातायातका साधानमा लाग्ने भाडामा ३३ प्रतिशत छुट दिने व्यवस्था गरेको भए पनि अझै पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन । व्यवसायीहरूले विद्यार्थीलाई छुट दिएबापत सरकारले मिनाहा गरेको सवारीसाधनको वार्षिक कर र चौमासिक कर दस्तुरमा ४०-४० प्रतिशत छुट भने सबैले लिंदै आएका छन् ।

सरकारबाट पाएको छुट लिने तर विद्यार्थीलाई ३३ प्रतिशत छुट दिन भने यातायात व्यवसायीहरूले अनेक बहाना देखाएर पन्छिने गरेको गुनासो पीडितहरूको छ । यातायात व्यवस्था विभागले विद्यार्थीलाई ३३ प्रतिशत छुट नदिएमा सम्बन्धित व्यवसायीलाई कानुनी कारबाही गर्ने व्यवस्था समेत गरेको छ । व्यवसायीहरूले यात्री बसको टिकट काट्दा निश्चित सिटभन्दा बढी विद्यार्थी सहुलियत दिन नमिल्ने भन्दै पूरै पैसा लिने गर्छन् । । ■






# बेलगाम दादागिरी

■ दीपक ज्ञवाली/बुटवल (तस्बिर पनि)

**दसैंको मुखमा** बजारमा सामान पठाउन नपाउँदा भैरहवा र बुटवलका व्यापारीहरू आक्रोशित छन् । आफूले चाहेको ट्रकमा सामान ढुवानी गर्न पाउने व्यवहारिक र कानुनी अधिकारविपरीत पश्चिमाञ्चल यातायात व्यवसायी समितिले सिन्डिकेट प्रणालीबाट मात्रै सामान ढुवानी गर्नु पर्ने जबरजस्ती अडान कायम राखेपछि पश्चिम नेपालका पहाडी जिल्लामा दसैंको मुखमा अत्यावश्यक वस्तुको अभाव हुने देखिएको छ ।


बजारमा अत्यधिक सामानको माग हुने यो समयमा सामान ढुवानी गर्न नपाउँदा भैरहवा र बुटवलका मात्रै हैन, स्थानीयस्तरका व्यापारीहरू समेत पीडित छन् । ट्रक व्यवसायीको दादागिरीप्रति आक्रोश व्यक्त गर्दै उद्योग वाणिज्य संघ भैरहवाका अध्यक्ष कृष्णप्रसाद शर्मा भन्छन्, 'मैले आफ्नो व्यापार गर्न पनि ट्रक समितिसँग अनुमति लिनु पर्ने ?'

सिन्डिकेट प्रणालीअनुसार ट्रक चलाउन पाउनु पर्ने व्यवसायीको अडान र यो प्रणाली तोड्न लागिपरेका व्यापारीहरूको आ-आफ्नो अडानका कारण यस क्षेत्रबाट सहज रुपमा सामान ढुवानी हुन सकेको छैन । भैरहवाबाट दैनिक पाँच सय ट्रकले सामान ढुवानी गर्दै आएकोमा अहिले करिब एक सय ट्रकले मात्रै सामान बोकिरहेका छन् । जसका कारण यस क्षेत्रका बजारमा सामानको सहज आपूर्ति हुन सकिरहेको छैन । भैरहवा र बुटवल पश्चिम नेपालका अधिकांश जिल्लामा सामान आपूर्ति गर्ने मुख्य केन्द्र हुन् ।

यहाँका यातायात व्यवसायीले सिन्डिकेटलाई पश्चिम नेपालको संस्कृतिका रुपमा विकास गरेका छन् । जसअनुसार उनीहरूले आफ्नो मनलागी भाडादर तोकेका छन् । व्यापारीहरूलाई व्यवसायीहरूले नै तोकेर पठाएको ट्रकमा सामान ढुवानी गराउनु पर्ने बाध्यता छ । सिन्डिकेट प्रणाली जबरजस्ती लागू गर्न चाहने ट्रक व्यवसायीहरू प्रतिस्पर्धाको आधारमा व्यवसाय गर्न पाउने विश्वव्यापी अधिकारको विपक्षमा उभिएका छन्, जुन नेपाल सरकारले लागू गरेको कानुनविरुद्ध छ ।

सरकारले २०५६ सालमा नै यातायात व्यवस्था ऐनमा संशोधन गर्दै सिन्डिकेट प्रणाली लागू गर्न नपाइने स्पष्ट व्यवस्था गरेको छ । भैरहवामा सिन्डिकेट विवाद चर्किंदै गएपछि यातायात व्यवस्था राज्यमन्त्री रमेश लेखकले कानुनको पालना गर्न व्यवसायीलाई आग्रह गरेका छन् । गत जेठ २९ गते नेपाल ट्रक, ट्यांकर तथा परिवहन व्यवसायी महासंघ र नेपाल उद्योग वाणिज्य महासंघबीच भएको सहमतिमा पनि सिन्डिकेट प्रणाली अन्त्य गर्न यातायात व्यवसायी राजी भएका थिए । सोही सहमति लागू गर्न गरिएको आग्रहलाई भने भैरहवाका व्यवसायीले अटेर गरेका छन् । स्थानीय प्रशासनले सिन्डिकेट प्रणाली अन्त्य गरी ट्रक संचालन गर्न आग्रह गरेको १५ दिन बितिसक्दा पनि उनिहरूले आफ्नो व्यवहार सच्याएका छैनन् । सिन्डिकेटको प्रत्यक्ष मार अन्ततः उपभोक्ताले व्यहोर्नु पर्छ । मनपरी ढंगले तोकिने भाडादरले ढुवानी महँगो बनाउँछ र व्यापारीले महँगो ढुवानी खर्च जोडी उपभोक्तालाई सामान बेच्छन् । त्यसैले पनि सिन्डिकेट प्रणाली अन्त्य गर्न सरकारले कानुनी व्यवस्था गर्नु परेको हो । प्रतिस्पर्धामा सामान ढुवानी गराउँदा व्यापारीले सस्तो र सजिलो ढंगले सामान ढुवानी गर्न पाउँछन् । अन्य व्यापारीको तुलनामा सस्तो मूल्यमा सामान बेच्नका लागि उनीहरूले सकेसम्म कम लागत पर्ने ढुवानी व्यवस्था मिलाउन सक्छन् । त्योभन्दा पनि महत्त्वपूर्ण कुरा त उनीहरूले स्वतन्त्रतापूर्वक व्यवसाय गर्न पाउने अधिकार उपभोग गर्छन् । सिन्डिकेट प्रणालीमा रहँदा उनीहरूले सामान ढुवानीका लागि समितिले तोकेको ट्रकमै सामान बोक्नु पर्ने, पालो पर्खनु पर्ने र ट्रक खोज्न समितिमा धाउनु पर्ने जस्ता झन्झट व्यहोर्नुपर्छ ।

तर ट्रक व्यवसायीहरू बदनाम बनिसकेको सिन्डिकेट शब्दको सट्टा आफूहरूले आफ्नो व्यवसाय व्यवस्थित मात्रै गरेको र आलोपालो प्रक्रिया अपनाइएको दाबी गर्छन् । महासंघका वरिष्ठ



उपाध्यक्ष अर्जुन रानाभाट भन्छन्, 'हाम्रो लगानी व्यवस्थित गर्ने कार्यमा कसैले अवरोध गर्न पाउन्न ।' उनीहरूले आलोपालोको नाम दिए पनि व्यवहारमा भने सिन्डिकेट नै अपनाइरहेका छन् ।

सिन्डिकेट अन्त्य गर्ने सहमति कार्यान्वयन नगरेको भन्दै यस क्षेत्रका व्यापारीहरूले सरकारको चर्को विरोध गरेका छन् । अध्यक्ष शर्मा भन्छन्, 'आलोपालो नाममा ट्रक व्यवसायीले ट्रिप शुल्क असुलेका छन् । त्यो रकम सरकारी अधिकारीहरूसम्म पुऱ्याएर दादागिरी देखाउने काम गरेका छन् ।' समितिले औपचारिक रुपमा प्रतिट्रक एक सय रुपैयाँ शुल्क लिँदै आएको छ ।

सिन्डिकेट अन्त्य गर्नै पर्ने व्यापारीको अडान र कायम राख्ने ट्रक व्यवसायीको अडान केही दिन मात्रै लम्बिँदा पनि यस क्षेत्रको सामान आपूर्तिको अवस्था भने संकटमा पर्ने देखिन्छ । यही विषयलाई मद्देनजर राख्दै प्रमुख जिल्ला अधिकारी ध्रुवराज वाग्लेले तिहारसम्मका लागि सिन्डिकेट प्रणाली अन्त्य गर्न ट्रक व्यवसायीलाई आग्रह त गरेका छन्, तर व्यवसायीले भने गैरकानुनी आफ्नो अडान कायमै राखेका छन् ।

## तस्करीको पोल खोलाखोल

उद्योगी, व्यापारी र ट्रक व्यवसायीहरूबीच विवाद उग्र बन्नु पछाडिको एउटा खास कारण गोपनीयता भंग हुनु पनि हो । व्यापारी आफैंले स्वेच्छाले ढुवानीका साधन प्रयोग गर्न नपाउने अवस्थामा व्यापारीका गोपनीयताहरू ट्रक समितिले सजिलै थाहा पाउने भएकाले व्यापारीहरू बढी आक्रामक बनेका हुन् । ट्रक समितिले पालैपालो पठाउने ट्रकहरू व्यापारीका आन्तरिक गोदाम वा आन्तरिक बजारसम्म लैजानुपर्ने बाध्यताले त्यस्ता सबै गोपनीयता भंग भइरहेको व्यवसायी शर्माले बताए । उनले भने, 'ट्रक समितिसँग अनुमति लिँदा उसले जुन पठाउँछ, त्यही ट्रक लानुपर्ने भएकाले उनीहरूले हाम्रा व्यापारिक नीति, गोदाम र बजारबारे सबै गोपनीयता खोलिदिन्छन् ।

उनको भनाइमा व्यापारिक नीतिको गोपनीयता खोलिँदा व्यवसाय धराशायी हुन्छ, बजार बिग्रन्छ, तर ट्रक समितिको आरोप डरलाग्दो छ । व्यापारिक नीतिभन्दा पनि तस्करीबारे ट्रकहरूलाई थाहा हुने भएकाले व्यापारीहरू बढी तर्सिएको पश्चिमाञ्चल यातायात व्यवसायी समितिको आरोप छ ।

समितिका एक पदाधिकारीले भैरहवाका कतिपय व्यापारीले आफ्ना ट्रकहरूलाई तस्करीका सामान बोक्न बाध्य पार्न खोजेको र गोपनीयता भंग हुने डरले आफूहरूको विरोध गरेको बताए । त्यस्तो तस्करीमा प्रयोग गराइएका कतिपय ट्रक र सामान नियन्त्रणमा लिइएको पनि उनले खुलासा गरे ।

## मुठभेडमा उत्रिए व्यवसायी

सिन्डकेटविरुद्ध उद्योगी, व्यापारी, प्रशासन सबै खनिएपछि असोज २ गतेदेखि ट्रक व्यवसायीहरू देशभर प्रत्यक्ष प्रभाव पर्ने गरी अनिश्चितकालीन यातायात हड्तालमा उत्रिएका छन् । उनीहरूको यस्तो कदमपछि व्यवसायीहरूबीच मुठभेड सुरु भएको छ ।

उक्त घटनापछि प्रहरीले ट्रक व्यवसायीको धर्मकाँटाका समान उठाएपछि त्यसैलाई निहुँ बनाएर ट्रक व्यवसायीहरू चक्काजाममा उत्रिएका थिए । उनीहरूको आन्दोलन सिन्डिकेटको विरोधमा रहेका उद्योगी, व्यापारी र प्रशासनप्रति केन्द्रित बन्दै गएको छ । ट्रक व्यवसायीप्रति आक्रामक बन्दै गएको प्रशासनले धर्मकाँटामार्फत कारबाही थालेको हो । केही दिनदेखि बल्लतल्ल सामान्य बनेको जनजीवन ट्रक समितिको यातायात हड्तालले फेरि अनिश्चित बन्न सुरु गरेको छ ।

लामो समयदेखि रुपन्देहीको धोडाहामा ट्रक समितिले सञ्चालन गरिरहेको भारमापन यन्त्र धर्मकाँटाको मुख्य सामान वेटिङ गियर प्रहरीले अवैध भन्दै उठाएको थियो । सोलगत्तै ट्रक व्यवसायीहरूको संस्था पश्चिमाञ्चल यातायात व्यवसायी समितिले एकाएक महेन्द्र राजमार्गमा ट्रक तेर्स्याएर अवरोध सुरु गरेको थियो । त्यस्तो अवरोध अन्यत्र पनि फैलिएपछि जनजीवन कष्टकर बन्दै गएको छ ।

रुपन्देहीका प्रमुख जिल्ला अधिकारीले ट्रक समितिलाई अवैध रुपमा सञ्चालनमा रहेको धर्मकाँटा तत्काल बन्द गर्नु भन्दै चेतावनी दिएका थिए । सोलगत्तै प्रहरीले धर्मकाँटाको मुख्य वेटिङ गिएर उठाएर लगेको थियो । पश्चिमाञ्चल यातायात व्यवसायी समितिका कार्यवाहक अध्यक्ष लोकराज पोखरेलले धर्मकाँटा अवैध नभएको दाबी गर्दै त्यसका सामान प्रहरीले फिर्ता गरी जडान नगर्दासम्म देशव्यापी यातायात हड्ताल जारी राख्ने बताए ।

प्रहरीले ट्रक समितिले कानुनविपरीत धर्मकाँटामार्फत रकम उठाइरहेका कारण ट्राफिक प्रहरीले धर्मकाँटाको सामान उठाएको बताएको छ । इलाका प्रहरी कार्यालय बुटवलका डिएसपी सुकदेव न्यौपानेले सिन्डिकेट खारेज गर्ने नीतिबमोजिम पनि त्यस्तो कार्य निरुत्साहित गरिएको बताए । ■

# भागबन्डामा सिन्डिकेट

बुटवलबाट काठमाडौं हिँडेका राजीव कार्की स्वतन्त्ररुपले छानी छानी बस चढ्न पाउँदैनन् । आलोपालो प्रणालीअनुसार जुन बस लाइनमा छ, त्यसमा मात्र उनी चढ्न सम्भव छ । यो रुटमा फरक फरक कम्पनीका बसहरू स्वतन्त्र रुपले चल्न पाउँदैनन् । जसबाट उनको अधिकार हनन भएको छ ।

पहिले बुटवलको पश्चिम नेपाल बस व्यवसायी समिति र नयाँ बस समिति भैरहवाको सिद्धार्थ बस समितिबीच मारमार हुन्थ्यो । एकले अर्कोलाई निषेध गर्न सकेजति बल प्रयोग गर्थे । अहिले यी दुवै संस्था मिलिजुली खाऔं भने जस्तै आलोपालो गरेर बस सञ्चालन गरिरहेका छन् । लुम्बिनी अञ्चलमा कुनै अर्को नयाँ बस समिति वा स्वतन्त्र व्यवसायीले स्वतन्त्र रुपले बस सञ्चालन गर्न चाहेमा सम्भव छैन । किनभने पहिले यिनीहरू एकले अर्कोलाई स्वतन्त्र चल्न निषेध गर्थे, अहिले दुवै मिलेर अरूलाई स्वतन्त्र चल्न निषेध गर्छन् ।

मुलुकको सबभन्दा ठूलो बस समिति पश्चिम नेपाल बस व्यवसायी समितिसँग १३ सय ४० वटा बस छन् ।भने सिद्धार्थसँग करिब सयमात्र । यिनीहरू आफ्ना बसको कुल संख्याका आधारमा आधा आधा मात्र पालैपालो चलाउने आन्तरिक सहमतिमा चलेका छन् ।

पश्चिम नेपाल बस व्यवसायी समितिका बसहरू सेती, महाकालीमा निर्बाध रुपले जान पाउँदैनन् । सेती, महाकालीका बसहरू पनि पश्चिम नेपालमा स्वतन्त्र चल्न पाउँदैनन् । पश्चिम नेपालले आफ्नो क्षेत्रमा उसका जति बस चल्न दिन्छ, सेती, महाकालीले पनि आफ्नो क्षेत्रमा त्यतिमात्रै पश्चिम नेपालका बसहरू चल्न दिन्छ । यी दुई समिति जस्तै अन्य समितिहरूबीच पनि यस्तै एकाधिकारको सहमति बनेको छ । यसो गर्नुमा सरकारी नियमको कुनै लेखाजोखा छैन । ठूला संस्थाहरू आ-आफैं आन्तरिक रुपमा मिलेर भागबन्डा गरेका छन् । भागबन्डामा परेभन्दा अरू बसहरू कसैका कतै चल्न नपाउने कठोर प्रवृत्तिले यात्रुहरूको अधिकार हनन गरिरहेको छ ।

पश्चिम नेपालका १३ सय ४० बसमध्ये कुनै एक बसको पालो महिनामा लामो दूरीमा करिब ३ पटक र मध्यम दूरीमा ५,६ पटक मात्र पर्दछ । बाँकी समय ती बस पालो कुरेर खाली बसिरहनुपर्दछ । काँकडभिट्टा लामो दूरी र काठमाडौं मध्यम दूरीमा पर्छन् । स्थानीय, छोटो दूरीमा भने दिनदिनै पालो पर्ने दाबी सो बस समितिको छ ।

पश्चिम नेपाल बस व्यवसायी समितिका निवर्तमान अध्यक्ष सूर्य भट्टराई आफूहरूले अबलम्बन गरेको प्रणाली सिन्डिकेट नभएको दाबी गर्छन् । उनी भन्छन्, 'सिन्डिकेट हैन, सरकारले कायम गरेकै भाडा लिएर अपनाइएको आलोपालो प्रणाली हो ।' तर सबै ठाउँमा सबै समितिका बसहरू निर्बाध किन चल्न पाउँदैनन् त ? यात्रुहरू आफ्नो इच्छानुसार रोजी रोजी बस चढ्न किन पाउँदैनन् त ? यो प्रश्न अनुत्तरित छ ।

दसैंतिहार जस्ता ठूला चाडपर्वमा यात्रुहरूको अत्यधिक चाप हुँदासमेत सिन्डिकेट वा त्यस्तै प्रकृतिको प्रणाली बाधक बन्ने गरेको छ । यस्तो बेला पनि आलोपालो कायमै रहने तर अतिरिक्त बस थपिने गरिएको भट्टराई बताउँछन् । उनको भनाइमा दसैंतिहारमा अन्य बेलाभन्दा धेरै बस सञ्चालन त हुन्छन्, तर आलोपालोमै चल्नु पर्छ ।

एकाधिकार कायम गर्न बस समितिहरू सरकारी नियमभन्दा आफ्नो नियममा चल्ने गरेका छन् । आफ्नो नियम लागू गर्न उनीहरूले बाहुबलको संयोजनमा बढी शक्ति खर्च गर्छन् । शक्तिमा रहेका व्यक्तिहरूलाई हातमा लिने प्रवृत्तिले पनि उनीहरूको एकाधिकारलाई बल जुटाइरहेको छ ।




कमल अधिकारी

▲ राष्ट्रिय भेलामा सहभागी उद्योगीहरू

# कर नतिर्ने धम्की

■ मधुसूदन पौडेल/काठमाडौं

**मुलुकभरका उद्यमी–व्यवसायीहरूले वीरगन्ज भेलामार्फत व्यवसायिक सुरक्षाको वातावरण बनाउन नसकेमा सरकारलाई कर नतिर्नेसम्मका चेतावनी दिएका छन् ।**

**अन्ततः माओवादी** 'चन्दा आतंक', असुरक्षा र सरकारी उदासीनताविरुद्ध मुलुकका उद्यमीहरू आन्दोलित बनेका छन् । असोज २ गते वीरगन्जमा बोलाइएको 'बृहत् राष्ट्रिय भेला'मा सहभागी उद्यमीहरूले सरकार र माओवादी दुवैका गैरजिम्मेवारपनको खुलेर आलोचना मात्रै गरेनन्, व्यवहार नसच्याइए आन्दोलनमा उत्रिने चेतावनी पनि दिएका छन् ।

सरकार-माओवादीबीच शान्तिवार्ता चलिरहेको अवस्थामा माओवादीले जारी राखेको 'चन्दा आतंक' लाई उद्योगहरूले मुख्य सरोकार बनाएका छन् । माओवादी नेताहरूले सार्वजनिक रुपमा 'चन्दा स्वेच्छिक' भन्ने गरे पनि व्यवहारमा भने तोकेअनुसार चन्दा बुझाउन विवश उद्यमीहरूले माओवादी कार्यशैलीप्रति विरोध जनाएका छन् । माओवादी व्यवहारमा परिवर्तन नआएमा उनीहरूले माओवादी उर्दीलाई अवज्ञा गर्ने संकेत पनि दिएका छन् ।

उद्यमी-व्यवसायीले भोग्नु परेको अहिलेको मुख्य समस्या हो- दोहोरो कर तिर्ने बाध्यता । माओवादीले खुला राजनीतिक गतिविधि गर्दै आएको भए पनि उसले आफूलाई 'नयाँ सत्ता'को शासकको दाबी गरिरहेको छ । उद्यमी-व्यवसायीलाई उसको सत्तालाई सबै प्रकारका कर तिर्नु पर्ने बाध्यता सिर्जना गरिएको छ । स्थानीय तहमा सरकारले उपस्थिति देखाउन नसकेको अवस्थामा माओवादी उर्दी पालना गर्नु उनीहरूको कर्तव्य मानिएको छ ।

माओवादीमा आर्थिक विभाग हेर्ने देव गुरुङको भनाइमा स्वायत्त गणतन्त्रहरूले सत्ता चलाउनका लागि कर नीति लागू गरेका छन् र ती कर सबैले अनिवार्य रुपमा तिर्नु पर्छ । नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष विनोदबहादुर श्रेष्ठ भन्छन्, 'हामीले कति प्रकारका कर तिर्नु पर्छ भन्ने कुरा सरकारले निर्धारण गरिदिनु पर्‍यो ।'

यो मामिलामा उद्यमीहरू सरकारसँग कति रुष्ट छन् भन्ने कुराको प्रतिक्रिया पोखिएको छ, वीरगन्ज भेलामा । सरकारको मुख्य ध्याउन्न अहिले बढीभन्दा बढी कर असुल्ने र आफ्नो साधारण खर्च संचालनका लागि रकम जुटाउनेमा मात्रै केन्द्रित बनिरहेको छ । कुनै पनि करदातालाई गैरकानुनी समस्याबाट मुक्त गर्न सक्ने सुनिश्चितताविना सरकारसँग कर असुल्ने अधिकार हुँदैन भन्ने कुरा उसले पूरै बिर्सिएको छ । कुनै पनि मुलुकका

नागरिकले कम्तीमा राज्यबाट सुरक्षित महसुस गर्नका लागि उसलाई कर तिरिरहेका हुन्छन् । नेपाल सरकारले नाकाहरूमा कर असुल्ने काम गरिरहेको छ, तर करदाताहरूको कानुनी अधिकारको सुरक्षा गर्ने काममा भने कुनै वास्ता गरेको छैन । माओवादीले खुलेयाम 'नयाँ सत्ता'को नाममा सरकारलाई तिरे सरहका कर उठाइरहँदा र त्यो पीडा पटक पटक व्यवसायीले सरकारसमक्ष राख्दा पनि बेवास्ता गरेपछि उनीहरू आफैं प्रतिरोधमा उत्रिने योजना बनाएका छन् । जसका कारण मुलुकमा अर्को अराजकता निम्तिने निश्चित छ ।

वीरगन्ज भेलामार्फत महासंघका अध्यक्ष चण्डिराज ढकालले सरकारसँग सोधेका छन्, 'उद्योगहरूमा जबरजस्ती ताल्चा मारिँदा पनि कतै सुनुवाइ हुँदैन भने यो कस्तो व्यवस्था हो ?' मुलुकभरका उद्यमीले वीरगन्जमा साहसिक निर्णय लिएका छन् । किनभने उनीहरूले व्यवसायिक सुरक्षाको वातावरण बनाउन नसकेमा सरकारलाई कर नतिर्नेसम्मका चेतावनी दिएका छन् । सरकारले दोहोरो कर रोक्न सक्दैन भने भोलिका दिनहरूमा उनीहरूले माओवादी 'नयाँ सत्ता'लाई मात्रै कर तिर्नेछन् र सरकारका करहरू तिर्नेछैनन् भनेर दिइएको सन्देश पनि हो यो । किनभने एउटा देशमा दुईवटा सत्तालाई समानान्तर कर तिर्नु पर्ने बाध्यता नेपालबाहेक विश्वका कुनै पनि मुलुकमा छैन ।

एक दशक लामो द्वन्द्वको चपेटाबाट भर्खर सास फेर्न पाएका औद्योगिक प्रतिष्ठानहरूमा श्रम समस्या जबरजस्ती लादिएको छ, ट्रेड युनियनहरूमार्फत । औद्योगिक क्षेत्रमा कार्यरत मजदुरहरूका समस्या विद्यमान भए पनि वास्तवमा अहिले ट्रेड युनियनहरूलाई मजदुरको समस्याभन्दा पनि आ-आफ्ना राजनीतिक दलहरूको संगठन विस्तारको चिन्ता छ । शान्तिवार्ता प्रक्रिया सुरु हुनासाथ माओवादी ट्रेड युनियनहरूले विभिन्न मजदुरका समस्या अगाडि सारेर औद्योगिक प्रतिष्ठानहरूमा अगाडि बढाएको आन्दोलनका कारण औद्योगिक वातावरण बन्न सकेको छैन ।

पछिल्लो समयमा पर्यटन उद्योग पनि माओवादी तारोमा परेको छ । प्रायः सबै होटल, ट्राभल र ट्रेकिङ एजेन्सीहरूमा माओवादीले 'चन्दा आतंक' मचाएको पर्यटन व्यवसायीको आरोप छ । दसवटा पर्यटन उद्योगसँग आबद्ध संस्थाहरूले संयुक्त विज्ञप्ति जारी गर्दै ट्रेड युनियनको नाममा राजनीतिकरण गर्ने, जबरजस्ती चन्दा असुल्ने र उनीहरूका माग पूरा गर्न नसक्ने अवस्थामा उद्योगमा ताल्चा लगाउने गरिएको बताएका छन् । सात वर्षपछि पहिलो पटक यो वर्षको पर्यटकीय मौसम राम्रो हुने आशामा रहेका व्यवसायीले 'हतोत्साही तथा निरुपाय' अवस्थामा पुर्‍याइएको भन्दै निराशा व्यक्त गरेका छन् ।

पर्यटन उद्योगमाथि गरिएका पछिल्ला गतिविधि माओवादी नेताहरूको प्रतिबद्धताभन्दा निकै फरक छन् । होटल संघका पदाधिकारीहरूसँग माओवादी अध्यक्ष प्रचण्ड र नेता बाबुराम भट्टराईले पर्यटन उद्योगप्रति माओवादी अरू बढी संवेदनशील रहेको र यो क्षेत्रको विकासका लागि आफूहरूले विशेष सहयोग पुर्‍याउने प्रतिबद्धता जनाएका थिए । तर, उनीहरूका प्रतिबद्धताविपरीत यो क्षेत्रमा माओवादी गतिविधि निकै चर्केको छ । यसले गर्दा बुकिङ रद्द हुने क्रम तीव्र बनिरहेको बताएका छन्, व्यवसायीहरूले ।

अन्य उद्यमीको जस्तै पर्यटन व्यवसायीको गुनासो पनि सीधा सरकारको लाचारीपनसँग छ । मुलुकको अर्थतन्त्रको मेरुदण्डका रुपमा रहेको पर्यटन उद्योगले भोग्नु परेका समस्या सरकारसमक्ष राखिएको तर सरकारले समस्या समाधानका लागि पहल गर्नुको सट्टा लाचारीपन र उदासीनता देखाएको उनीहरूले बताएका छन् ।

वीरगन्ज भेलामा उद्यमीहरूले खास गरी मजदुर समस्याका नाममा औद्योगिक प्रतिष्ठानहरूमा गरिएको राजनीतिकरणप्रति तीव्र असन्तोष जनाएका छन् । तत्कालका लागि यस्ता गतिविधि त्याग्न ट्रेड युनियनहरूलाई आग्रह गरेका छन् । वास्तवमा श्रम ऐन निर्माण र कार्यान्वयन गर्ने तत्परता सरकारले नदेखाउँदा उद्यमी र मजदुर दुवै पीडित बनिरहेका छन् । यही शून्यताको फाइदा उठाइरहेका छन्, ट्रेड युनियनहरूले । श्रम ऐन लागू गरिँदा उद्यमी र मजदुर दुवै कानुनको दायरामा रहेर आ-आफ्ना अधिकार र कर्तव्य निर्वाह गर्न पाउँथे । तर, त्यसको अभावमा माओवादीलाई चित्त बुझाएका उद्यमीले मजदुरलाई न्यूनतम तलबभत्ताको सुविधा पनि नदिएर शोषण गरिरहेका छन् भने माओवादीको चित्त बुझाउन नसकेका उद्योगहरूले मजदुरलाई पर्याप्त सुविधा दिएको अवस्थामा पनि त्यहाँ मजदुर हकहितका नाममा आन्दोलन व्यहोर्नु परेको छ ।

सरकार-माओवादी गतिविधि नरोकिएमा उनीहरू त्यसविरुद्ध आन्दोलन गर्ने निष्कर्षमा पुगेका छन् । त्यसका लागि महासंघका अध्यक्ष चण्डिराज ढकालको नेतृत्वमा एक समिति तयार गरिएको छ । दसैंपछिसम्म पनि सरकार गम्भीर नबनेमा वा माओवादीको व्यवहार नसच्चिएमा उद्यमीहरूले आन्दोलन गर्ने निर्णय लिएका छन्, जुन आन्दोलन सरकार र माओवादी दुवैका विरुद्ध हुनेछ ।

खराब कर्जा असुलीका लागि सरकारले गर्ने भनिएका कारबाहीविरुद्ध पनि प्रस्तुत भएका छन्, उद्यमी-व्यवसायीहरू । जसका कारण उनीहरू नैतिक रुपमा कमजोर देखिन्छन्, आफ्ना विरोधका कार्यक्रम अगाडि बढाउन । सरकारले भदौ मसान्तभित्र ऋण तिर्नका लागि बैंकहरूसँग पुनर्तालिकीकरणमा जान उनीहरूलाई आग्रह गरेकोमा प्रायः सबै खराब ऋणीहरूले त्यसप्रति बेवास्ता गरेका छन् । जसका कारण उनीहरूको पासपोर्ट रद्द हुने, सरकारी कुनै पनि लाभका पदमा बस्न नपाउने र सामाजिक बहिष्कारमा पर्ने सम्भावना छ । यसअघि सरकारले दिएका पटक पटकका म्याद गुजार्दै आएका उनीहरूले अहिले पुनः पुस मसान्तसम्मको समयावधि माग गरेका छन् । उनीहरूका विगतका व्यवहारका कारण ऋण तिर्न उनीहरू इमानदार छन् भन्ने कुरामा आशंका गर्न सकिने प्रशस्त ठाउँ छ । वीरगन्जमा उद्यमीहरूले सरकारलाई 'विलफुल' (ऋण तिर्न खोज्ने नियतका) र 'ननविलफुल डिफल्टर' (ऋण तिर्न नखोज्ने नियतका) छुट्याउन आग्रह गरेका छन् । नियतवश ऋण नतिर्नेहरूमाथिको कारबाहीमा आफ्नो पनि सहयोग रहने आश्वासन दिइएको छ । तर, बैंकको ऋण तिर्ने मामिलामा भने उनीहरूको नियतमाथि प्रश्न उठिरहेका छन् । ■






## समान सुविधाको माग

स्पाइस नेपाल प्रालिको प्रथम वार्षिकोत्सव यसै साता सम्पन्न भएको छ। 'मेरो मोवाइल' ब्रान्डमा मोवाइल सेवा प्रदान गर्दै आएको स्पाइस नेपालले यो अवधिमा २ लाख मोवाइल वितरण गरेको बताएको छ। कम्पनीमा गैर-आवासीय नेपाली डा. उपेन्द्र महतो र काजकिस्तानको भाइजर समूहको संयुक्त लगानी रहेको छ।

वैदेशिक लगानीको कम्पनीप्रति सरकारी व्यवहार सकारात्मक नभएको गुनासो लगानीकर्ताको रहेको छ। इन्टरनेसनल गेटवे सुविधा मेरो मोवाइलले नपाउँदा उपभोक्तालाई सस्तोमा सेवा उपलब्ध गराउन नसकिएको उनीहरूले बताएका छन्। महतोले नेपाल टेलिकम र युनाइटेड टेलिकमलाई दिएसरहको सुविधा स्पाइस नेपालले पनि पाउनु पर्ने माग गरेका छन्। खुला बजार अर्थतन्त्रको मान्यतालाई व्यवहारमा लागू गर्न उनले सरकारलाई आग्रह गरेका छन्।

कम्पनीका मुख्य कार्यकारी अधिकृत डमिर कारासवले नेपाल टेलिकमले इन्टरकनेक्सन शुल्क महँगो लिने गरेका कारण मेरो मोवाइलको शुल्क अझै सस्तो बनाउन नसकिएको बताए। कम्पनी अहिले राजधानीबाहिरका मुख्य सहरी क्षेत्रमा मेरो मोवाइलको सेवा विस्तारमा केन्द्रित छ।

## बढ्दो आकर्षण



केवुलकार चढेर मनकामना दर्शन गर्न जाने दर्शनार्थीको बढेका छन्। अत्याधुनिक प्रविधिमार्फत नेपालमा संचालित कार चढेर दर्शन गर्न जाने यात्रुको संख्या वार्षिक साढे ४ लाख पुगेको मनकामना दर्शन प्रालिले जनाएको छ। दसैंको समयमा केवुलकारमा यात्रुको चाप बढ्ने जानकारी कम्पनीका अधिकारीहरूले दिएका छन्। 'गत वर्षको नौरथामा ३१ हजार यात्रु मनकामनाको दर्शन गर्न गएका थिए', स्टेसन म्यानेजर डिएन कायस्थ भन्छन्, 'यसपल्ट त्योभन्दा पनि धेरै दर्शनार्थी आउने सम्भावना छ।' दिउँसो एक घन्टा 'लन्च आवर'मा केवुलकार बन्द गरिँदै आएकोमा दसैंको समयमा दिनभरि संचालन गरिने व्यवस्था मिलाइएको छ। यात्रुको आवश्यकताअनुसार यो समयमा साँझबिहान पनि अतिरिक्त सेवा उपलब्ध गराइने बताइएको छ।

हिन्दुहरूको आस्थाकेन्द्र मनकामनामा केवुलकारको संचालनले दर्शनार्थीलाई थप आकर्षित गरेको छ। २०५५ सालमा केवुलकार सुरु हुनुअघि वार्षिक ५० हजार दर्शनार्थी पुग्ने मन्दिरमा अहिले साढे चार लाख पुगेको छ। मुलुकमा शान्ति स्थापना भएको अवस्थामा यहाँ आउने दर्शनार्थीको संख्या अरू बढ्ने देखिएको छ। यसको प्रत्यक्ष फाइदा स्थानीय व्यापारी र होटल संचालकहरूले उठाउँदै आएका छन्।

## बोर्डमा वैद्य

वैद्यज अर्गनाइजेसनका अध्यक्ष एवं नेपालका वरिष्ठ उद्योगपति सुरज वैद्य एसियन स्कुल अफ टेक्नोलोजी बैंककको बोर्ड सदस्यमा नियुक्त भएका छन्। व्यवस्थापन शिक्षामा दक्षिण एसियामा नै उत्कृष्ट मानिएको उक्त संस्थाको बोर्ड सदस्यमा नियुक्त हुने वैद्य पहिलो नेपाली हुन्। बोर्डमा रहेर वैद्यले संस्था संचालनका नीतिगत विषयहरू हेर्नेछन्। उक्त संस्थाबाट उत्पादित जनशक्तिले दक्षिण एसियाका साथै विश्वमा पनि व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएका छन्।



## माछापुच्छ्रे बैंक विनिमय बजारमा

माछापुच्छ्रे बैंकको साधारण सेयर नेपाल धितोपत्र विनिमय बजारमा सूचीकृत भएको छ। बैंकले केही समयअघि १ सय रुपैयाँ अंकित १६ लाख ५० हजार कित्ता हकप्रद साधारण सेयर जारी गरेको थियो। यो समेत गरी विनिमय बजारमा बैंकको सूचीकृत सेयर संख्या ७१ लाख ५० हजार कित्ता पुगेको छ। बैंकको अधिकृत पुँजी १ अर्ब र चुक्ता पुँजी ७१ करोड ५० लाख रुपैयाँ रहेको छ। जारी भएको हकप्रद साधारण सेयरको प्रमाण वितरण कार्य भइरहेको बैंकले जनाएको छ।

## आयो जकी ब्रान्ड

महिला तथा पुरुषका लागि तयार गरिएका जकी ब्रान्डका भित्री पहिरन नेपालमा भित्रिएका छन्। अमेरिका र युरोपमा लोकप्रिय यो ब्रान्डका भित्री पहिरन नेपाली उपभोक्ताबीच चाँडै लोकप्रिय हुने विश्वास कम्पनीको छ। काठमाडौंका फेसन स्टोर्सहरूमा उपलब्ध यी सामान विभिन्न डिजाइनमा तयार पारिएको छ।

## चौधरीको सिजी डिभिडी

चौधरी ग्रुपले सिजी टेलिभिजनको सफलतापछि सिजी डिभिडीहरू बजारमा ल्याएको छ। सस्तो तर गुणस्तरीय रहेको दुई मोडलमा बजारमा उपलब्ध यो डिभिडी सम्पूर्ण नेपालीको रोजाइमा पर्ने दाबी कम्पनीले गरेको छ। नेपालभर प्राप्त गर्न सकिने यस डिभिडीमा प्रोग्रेसिभ स्क्यान र आकर्षक डिजाइन रहेको छ। यसमा अधिकांश फर्म्याटका चक्काहरू सजिलै प्ले गर्न सकिने विशेषता रहेको छ। सबै मोडेलमा १ वर्षको वारेन्टी दिइएको छ। कम्पनीले 'प्रिमियम प्रोजेक्ट बजेट प्राइस'का रुपमा यसको बजार प्रवर्धन गरेको छ।

## सिजी टिभीमा घडी उपहार

यसैबीच चौधरी ग्रुपले सिजी टेलिभिजनमा विशेष उपभोक्तामुखी उपहार योजना अगाडि सारेको छ। विजयादशमी तथा तिहारको उपलक्ष्यमा कम्पनीले कुनै पनि मोडेलको सिजी टेलिभिजनको खरिदमा एउटा आकर्षक सिजी नाडी घडी सित्तैमा दिने भएको छ। सिजी टिभीका तीन मोडेल हाल बजारमा उपलब्ध छन्। सबै मोडेलमा ४८ महिनाको वारेन्टी रहेको छ। चौधरी ग्रुपले 'सिजी टिभी आफ्नै टिभी'को व्यवसायिक नारा अगाडि सार्दै रंगीन सिजी टिभी पनि बजारमा ल्याएको छ।

## चोकोफन आकर्षक प्याकेटमा

सुजल फुडस् प्रालिले आफ्नो ब्रान्ड चोकोफनलाई नयाँ आकर्षक प्याकेटमा बजारमा ल्याएको छ। पहिलाको प्याकेटको डिजाइनलाई समयसापेक्ष नयाँ रुपमा प्रस्तुत गरिएको छ। आफ्नो ब्रान्डलाई निरन्तर परिमार्जित गर्दै लाने क्रममा ग्राहकको चाहना र आवश्यकता परिपूर्ति गर्न नयाँ डिजाइन प्रस्तुत गरिएको कम्पनीले बताएको छ।

नयाँ प्याकेटको चोकोफनमा निकै नै आकर्षक ढंगले उच्चकोटीको चकलेटलाई कलात्मक ढंगमा प्रस्तुत गरिएको छ, जहाँ चोकलेट इन्रोवेड वाफरलाई चकलेटको स्प्यासेसमा संयोजन गरिएको छ। यस प्याकेटमा पहेँलो रङ प्रयोग गरिएकाले प्याकेटलाई नौलो बनाएको छ। साविकको रातो रङलाई अझ गाडा सिम्रिक रातो रङमा परिवर्तन गरिएकाले चोकोफनको नयाँ प्याकेटलाई बढी आकर्षक र राष्ट्रिय पहिचान बनाएको छ।

## 'जली गेट लक्की अफर'

भाग्यमानी हुने रहर सबैको हुन्छ र उपभोक्ताको यही रहर पूरा गर्न दसैंतिहारको अवसरमा जलीले 'जली गेट लक्की अफर' प्रस्तुत गरेको छ।

गोर्खा ब्रुअरी प्रालिद्वारा बजारमा ल्याइएको जली, कार्ल्सवर्गको उत्पादन हो र बजारमा आएको चार महिनामै नेपाली युवायुवतीमाझ लोकप्रिय बनेको छ।

चाडपर्वको यो मौसममा जलीले 'जली गेट लक्की अफर' नामको स्किम पनि प्रस्तुत गर्दै छ। यसमा फिलिप्स ३२ इन्च एलसिडी टिभी, आइपड, मोवाइल फोन, सुनका सिक्का, की रिङ, जली लेमोनेड क्यारी प्याक तथा हजारौं जली लेमोनेड जस्ता थुप्रै पुरस्कार राखिएका छन्।

जलीको हरेक बोतलको खरिदसँगै एउटा स्क्र्याच कुपन प्राप्त हुनेछ, जुन स्क्र्याच गरी ती पुरस्कार प्राप्त गर्न सकिनेछ। साथै पाँचवटा हयापी दसैंतिहार लेखिएका पाँचवटा कुपन जम्मा गरी एउटा जली लेमोनेड पाउन सकिनेछ।

अन्तर्राष्ट्रिय सफलता प्राप्त जली नेपाली युवायुवतीमाझ पनि लोकप्रिय छ। ■



तेजबहादुर बस्नेत

# उपेक्षित जौहरी

**दसौं सागको पाँच हजार मिटर दौड र तीन हजार मिटर स्टेपल चेजतर्फ दुईवटा स्वर्ण जितेका राजेन्द्र भण्डारीजस्ता प्रतिभाशाली खेलाडी जन्माउन अनवरत आठ वर्ष खटिएका प्रशिक्षक पुष्पराज ओझा विगत १८ वर्षदेखि एउटै पदमा रहेर काम गरिरहेका छन् । उनी पछिल्लो समय गुन्टर- राजनीतिका सिकार बन्न पुगेका थिए ।**

**■ नवीन अर्याल/काठमाडौं**

**नेपाली खेलकुदमा** चासो राख्ने व्यक्तिहरूलाई चिनाइरहनु पर्ने नाम होइन, पुष्पराज ओझा । विगत २१ वर्षदेखि राष्ट्रिय खेलकुद परिषद् (राखेप)मा कार्यरत ओझा ८० को दशकका सफल खेलाडी मात्र होइनन्, उनी कुशल प्रशिक्षक पनि हुन् । उनलाई हीराको मूल्य चिन्न सक्ने कुशल जौहरीको उपमा दिँदा पनि गलत अर्थ भने लाग्दैन, तर यो उपमाको भारी बोक्ने पक्षमा छैनन्, उनी । आफूलाई निकै साधारण प्रशिक्षक ठान्दछन्, जो आफ्नो खेल जीवनको तितो-मिठो अनुभव र प्रशिक्षणका क्रममा विदेशमा सिकेको ज्ञान युवा पुस्तामा हस्तान्तरण गर्न सधैं लालायित देखिन्छन् ।

नेपाली खेलकुदमा पुष्पराज ओझालाई विशेषतः तीन कुराले बढी नै चिनिने गरिन्छ । पहिलो- राष्ट्रिय कीर्तिमानधारी धावक । दोस्रो- भर्खरै सम्पन्न दसौं सागमा एथ्लेटिक्सतर्फ दुईवटा स्वर्ण जितेका राजेन्द्र भण्डारीजस्ता प्रतिभाशाली खेलाडी जन्माउने प्रशिक्षक । तेस्रो- राखेपमा प्रशिक्षकको रूपमा काम गरेको १८ वर्ष बितिसक्दा पनि बढुवा नपाएको करिब एक दर्जन प्रशिक्षकहरूको सूचीमा समावेश हँसमुख प्रशिक्षक ।

प्रशिक्षक ओझाको दिनचर्या नै गजबको छ । प्रत्येक बिहान दशरथ रंगशाला चहार्ने बानी नै बसिसक्यो उनको, चाहे उनको भूमिकालाई एथ्लेटिक्स संघले स्विकारोस् वा अस्विकारोस् । दुई वर्षअघि

नेपाली खेलकुदमा देखिएको गुन्टर (नेपाल-जर्मनी एथ्लेटिक्स विकास परियोजनाका निर्देशक गुन्टर लांगे) राजनीतिका कारण सबैभन्दा ठूलो मारमा परेका प्रशिक्षक नै यी हुन् भन्दा गलत अर्थ लाग्दैन। नरबहादुर शाहीले छोटो समय राजेन्द्रलाई प्रशिक्षण दिएपछि करिब आठ वर्ष अनवरत उनको प्रतिभा तिखार्न रातदिन खटेका ओझालाई गत वर्ष तत्कालीन सदस्य-सचिव किशोरबहादुर सिंह अध्यक्ष रहेको एथ्लेटिक्स संघले एक्कासि हटाउने निर्णय गऱ्यो, त्यो उनको अक्षमताको कारण नभई गुन्टर राजनीतिअन्तर्गत बनेको ग्रयान्ड डिजाइन र राजेन्द्रलाई आफ्नो आदर्श चेलाको रूपमा प्रचार-प्रसार गरेर आफूलाई सफल प्रशिक्षक घोषणा गर्ने बदनियतका कारण। नत्र आठ वर्षदेखि अनवरत प्रशिक्षण दिएर अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि योग्य बनाइएका राजेन्द्रको प्रशिक्षकबाट ओझालाई यति सजिलै हटाउने निर्णय कसरी सम्भव भयो ? ओझाको प्रशिक्षणमा विगत दुई वर्षदेखि राजेन्द्रले अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता अंगीकार गर्दै आइरहेका थिए।

पहिले पाकिस्तानको इस्लामाबादमा भएको नवौं दक्षिण एसियाली खेलकुदमा दुईवटा रजत, त्यसपछि सिंगापुरमा भएको अलस्टार च्याम्पियनसिपमा स्वर्ण र दुई वर्षअघि एथेन्स ओलम्पिकमा दक्षिण एसियाली कीर्तिमानभन्दा राम्रो समयमा दौडेर दसौं सागमा स्वर्ण जित्ने सम्भावनालाई उजागर गरिसकेका थिए, राजेन्द्रले। उनले नवौं दक्षिण एसियाली खेलकुदका लागि इस्लामावाद जानुअघि नै आफूलाई हवाई मार्गबाट लगिएको खण्डमा देशलाई एउटा स्वर्ण जिताउने प्रतिबद्धता गरेका थिए। ओझाको प्रशिक्षकत्वमा राजेन्द्रले आफूलाई सफल अन्तर्राष्ट्रिय खेलाडीको रुपमा स्थापित गराइसकेको सन्दर्भमा दसौं सागको नजिकै उनलाई प्रशिक्षकबाट निकाल्ने वरिष्ठ प्रशिक्षकको स्वार्थ के थियो ? यो अझै अनुत्तरित प्रश्न नै बनेको छ।

तर, ओझा यो विषयभन्दा पनि आफूले लामो समय प्रशिक्षण दिएको खेलाडीले दसौं सागमा स्वर्ण जित्दा वर्षौंको मेहनत सफल भएको बताइरहेका थिए, कोलम्बोमा। 'सागमा राजेन्द्रको सफलतालाई प्रशिक्षकको रुपमा हेर्ने मन थियो। तर, यो पूरा नभए पनि आफ्ना अगाडि दुईवटा स्वर्ण जित्दा भावुक बन्न पुगेको थिएँ', २०४४ सालदेखि राखेपको प्रशिक्षक पदमा कार्यरत ओझाले दसौं सागमा तीन हजार मिटर स्टेपल चेजमा राजेन्द्रले स्वर्ण जितेपछि कोलम्बोमै *समय*सँग भनेका थिए।

एथ्लेटिक्स खेलाडीको रूपमा २०३० सालदेखि नेपाली खेल क्षेत्रमा संलग्न ओझाले २०४२ सालमा राखेपको प्रशासन विभागतिर जागिर खाएका थिए। तर, खेल जीवनमा आफूले सिकेको एथ्लेटिक्सको ज्ञान युवा खेलाडीहरूलाई बाँड्ने निर्णय गर्दै उनी त्यसको दुई वर्षपछि नै प्रशिक्षक बन्न पुगेका थिए। 'आफ्नो बृहत्तर ज्ञानलाई परिष्कृत गर्न सन् १९९० मा मस्कोमा ट्रेनिङ पनि लिएँ, अठार वर्षदेखि एउटै पदमा कार्यरत ४८ वर्षीय ओझा अहिलेसम्म आफ्नो कामको मूल्यांकन राखेपले नगरेकोमा दुखेसो पोख्छन्।

स्कुले जीवनमा हाइजम्पका खेलाडी रहेका ओझा आफ्नो खेलजीवनमा चार सय मिटर, आठ सय मिटर र १५ सय मिटरका राष्ट्रिय कीर्तिमानधारी धावक हुन्। उनले सन् १९८२ को एसियन गेममा चार सय मिटरमा बनाएको ४१ मिनेटको राष्ट्रिय कीर्तिमान आठ वर्षसम्म यथावत् रहेको थियो। विश्वप्रकाश थापादेखि मधुशम्सेर राणासँग दौडने कला सिकेका उनले सन् १९८६ को सिउल एसियाडमा आठ सय मिटर दौड १ मिनेट ५२ सेकेन्ड र १५ सय मिटर दौड ३ मिनेट ५६ सेकेन्डमा पूरा गर्दै राष्ट्रिय कीर्तिमान राखेका थिए। गौरवको कुरा यो एसियाडका दुइटै इभेन्टमा उनी सेमिफाइनलसम्म पुगेका थिए। उनको यो दुवै कीर्तिमान सन् १९९३ को ढाका साफमा धनीराम चौधरी र गोपबहादुर अधिकारीले तोडेका थिए। अर्को रमाइलो प्रसंग के भने उनको सात वर्षको यो राष्ट्रिय कीर्तिमान चौधरी र अधिकारीले तोड्दा उनी नै यी खेलाडीहरूका प्रशिक्षक थिए।

'अहिले पनि रमाइलो लाग्छ, पुरानो इतिहास सम्झँदा', ओझा थप्छन्। धनीरामले ढाका साफमा आठ सय मिटर दौड १ मिनेट ५० सेकेन्डमा पूरा गर्दै प्रशिक्षक ओझाको पुरानो राष्ट्रिय कीर्तिमान भंग गरेका थिए, जुन अहिलेसम्म कायम छ। यही साफमा १५ सय मिटर दौड ३ मिनेट ४६ दशमलव ६६ सेकेन्डमा पूरा गरेर ओझाको राष्ट्रिय कीर्तिमान भंग गरेका अधिकारीले काँस्य पदक पनि जितेका थिए। अधिकारीको पछिल्लो राष्ट्रिय कीर्तिमानलाई अहिले पनि कसैले चुनौती दिन सकेको छैन। बाह्रवर्षे खेलजीवनमा राष्ट्रिय प्रतियोगिताहरूमा थुप्रै पदक र कीर्तिमान कायम राखे पनि ओझा अन्तर्राष्ट्रियस्तरमा सफल भने हुन सकेनन्। उनले सन् १९८९ मा सिंगापुरमा भएको अन्तर्राष्ट्रिय एथ्लेटिक्स प्रतियोगिताको आठ सय मिटर दौडमा रजत, १५ सय मिटर दौडमा काँस्य र सोही वर्ष बैंककमा भएको आमन्त्रण प्रतियोगितामा आठ सय मिटर, १५ सय मिटर र चार गुणा चार सय मिटर रिलेमा काँस्य जितेदेखि आफू सहभागी करिब एक दर्जन अन्तर्राष्ट्रिय प्रतियोगितामा पदकविहीन रहे। 'मैले अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता पाउन नसकेको प्रतिस्पर्धाको चाप र मनोविज्ञानले गर्दा पनि होला', अहिले आफ्नो पुरानो गल्ती खुट्याउन तल्लीन ओझा भन्छन् 'मैले सिउल एसियाडमा आठ सय मिटरमा दौडेको १ मिनेट ५२ सेकेन्डको समयमा अरू बेला रजत पदक जित्ने खेलाडी पनि छन्, तर कुनै बेला त्यही समयले पनि पदक जित्न सक्दैन।'

सन् १९८२ को एसियन गेमदेखि अन्तर्राष्ट्रिय प्रतियोगितामा समावेश भएका ओझाले सन् १९८९ मा बैंककमा भएको आमन्त्रण कपमा भाग लिँदै खेल जीवन परित्याग गरेका थिए।

'पदक जित्छु भन्दैमा जितिने वस्तु होइन। यो जित्नलाई तरिका पनि थाहा हुनुपर्छ। प्रतिस्पर्धाको बेला कुन प्रतिस्पर्धीसँग दौडिने, आफ्नो प्रतिस्पर्धी कस्तो छ, त्यो सबै हेक्का हुनु पर्छ', ओझा भन्छन्। उनी लगातारको प्रशिक्षण, बेलामौकामा खेलाडीहरूको समय जाँच्ने वातावरण, अन्तर्राष्ट्रिय अनुभव र बलियो प्रतिस्पर्धीसँग दौडने वातावरण एथ्लेटिक्स खेलाडीहरूलाई मिलाउन सकेको खण्डमा नेपाली एथ्लेटिक्स खेलाडीहरूले चाँडै नै दक्षिण एसियामा धाक जमाउन सक्ने सम्भावना देखिएको बताउँछन्। उनी राजेन्द्रजस्ता प्रतिभाशाली खेलाडी उत्पादन गर्न सबै प्रशिक्षकहरू इमानदार भएर गाउँ गाउँमा जानु पर्ने बताउँछन्। ■

तेजबहादुर बस्नेत




# लिटिल एन्जलसको ह्याट्रिक

**लिटिल एन्जल्स स्कुलले** लगातार तेस्रोपल्ट एलए अन्तर स्कुल पौडी प्रतियोगिता जितेको छ। यसैसाता आफ्नै स्कुलको पौडी पोखरीमा भएको एलए अन्तर स्कुल पौडी प्रतियोगिताको सातौं संस्करण पुनः आफ्नो कब्जामा पार्दै लिटिल एन्जल्सले यो उपलब्धि चुमेको हो।

एलए अन्तर स्कुल पौडीलाई विद्यालयस्तरमा हुने सबैभन्दा आकर्षक र प्रतिष्ठित प्रतियोगिताको रुपमा लिने गरिन्छ। प्रत्येक वर्ष लिटिल एन्जल्स स्कुलको आफ्नै पोखरीमा हुने यो प्रतियोगिताको सातौं संस्करण भदौ ३१ देखि असोज १ गतेसम्म २ दिन सञ्चालन भएको थियो। लिटिल एन्जल्सले कुल ९४ अंक बटुल्दै उपाधि जित्यो। बाबा बोर्डिङ स्कुल ७३ अंकका साथ दोस्रो र किस स्कुल ६८ अंक बटुल्दै तेस्रो भयो। लिटिल एन्जल्सले पाँचौं र छैटौं संस्करणको उपाधि पनि जितेको थियो।

यसपल्ट यो प्रतियोगितामा उपत्यकाका विभिन्न ४० विद्यालय सम्मिलित थिए, जसमा साढे तीन सय छात्रछात्राको सहभागिता थियो। आयोजक लिटिल एन्जल्स स्कुलका ६ वर्षीय सन्दीप प्रधान र सहिद धर्मभक्त स्कुलकी ओसिन भारती 'योङगेस्ट ब्वाइज' तथा 'महिला पौडीवाज' उपाधिबाट पुरस्कृत भएका थिए। शुभताराका शिशिर गुरुङ भने प्रतिभाशाली पौडीवाजबाट सम्मानित भए। ■

# अर्थको एक चिप्लाइ




**समाज आख्यान** नै आख्यानले चलेको छ । ती आख्यान कुनै युगमा निर्माण भएका र त्यस बेलादेखि नै समाजलाई एक किसिमले निर्देशन गर्दै आएका हुनसक्छन् वा अहिलेकै समयमा बनाइएका पनि । हामीले मानिआएका वाद, धर्म, संस्कृति, परम्परा, मान्यताहरू सापेक्षमात्र हुन् । ती कुनै बेलाका सापेक्षित मान्यतामात्र थिए । अहिलेको समयमा ती केवल आख्यानमात्र हुन् । आख्यान भनेपछि त्यो सर्वकालिक, सर्वमान्य, सर्वउपयोगी हुनसक्दैन । त्यो त केवल मानसिक सक्रियताको उपजमात्र हो । सत्य नै त्यसलाई कसरी मान्नु ! सत्य भनी मानिआएका प्रायः कुरा आंशिक सत्यमात्र हुन् । कृष्ण धरावासीको पछिल्लो उपन्यास कृति राधाले यस्तै कुरा संकेत गर्दै हाम्रा पुराण, उपनिषद्लगायत महा-आख्यानले निर्दिष्ट गरेका मान्यता र यथार्थप्रति आलोचनात्मक दृष्टिकोण राख्छ । धर्म भन्नु पनि केवल ऐच्छिक चिज हो, अनिवार्य होइन ।

पुराण महाभारत आदि पौराणिक ग्रन्थहरूमा भगवान् श्रीकृष्णकी प्रेमिकाका रुपमा आंशिक रुपमा वर्णित पात्र राधा यस उपन्यासकी नायिका हुन् । राधाकै दृष्टिबाट महाभारतको कथालाई हेरी वेदव्यासद्वारा रचित महाभारत एकलकाटे र पूर्वाग्रही भएको कुरा नै उपन्यासले लेख्न खोजेको मूल विषय हो । कृष्ण र राधाबीचको प्रेम र त्यसको परिणाममा कृष्णको निकृष्ट जिम्मेवारी अर्को पक्ष हो, कति कुरा छुटाएर केवल कृष्णलाई नायक बनाउँदै उनकै पछिपछि दौडिएको छ महाभारत । वेदव्यासको मूल आशय कृष्णलाई देवत्व प्रदान गर्नु, उनको अवतार चरित्र पुष्टि गर्नु र एउटा महान् आदर्शलाई समाजमा स्थापित गराउनु देखिन्छ । धर्मको रक्षाका लागि अधर्मीको नष्ट गर्नु, अधर्मको होइन, किनभने पाण्डव र स्वयं कृष्णले नै पनि अधर्म गरेका छन् ।

धरावासीको कृति भने त्यो मान्यतालाई भत्काउँदै अघि बढ्छ । महाभारत कथा राधाको आँखाबाट पुनर्लेखित छ उपन्यासमा । कृष्णलाई सामान्य मानवका रुपमा प्रस्तुत गरिएको छ । अथवा मानवीकरण गरिएको छ सम्पूर्ण महाभारतकालीन पात्रहरूलाई । कृष्णका अलौकिक क्रियाकलाप लौकिक मानिएका छन् । यमुनामा नागको हत्या गर्नु, पुतना तथा कंसको वध आदि सबै कृष्णको दैवी शक्तिको उपज नभएर चलाखीपूर्ण कार्य ठानिएका छन् । अझ कृष्णले विजय प्राप्त गर्ने हरेक युद्धमा उनले द्वारिकाका सामान्य जाति तथा जनजातिलाई फकाएर प्रयोग गरी उनीहरूको रगतमा आफ्नो विजय लेखेको भन्ने आरोपसमेत उपन्यासमा लगाइएको छ । कृष्णलाई धोकेवाज, जाली, यौनपिपासु, व्यक्तिस्वार्थीका रुपमा मूल्यांकन गरिएको छ । उनले राधासँग प्रेम गरेर विवाह नगर्नु, सोह्र सय गोपिनीसँग विवाह गर्नु, रुक्मिणीलाई जबरजस्ती हरण गरेर विवाह गर्नु जस्ता क्रियाकलापलाई मुख्य रुपमा प्रस्तुत गरी कृष्णको स्थापित चरित्रलाई अपदस्थ गर्ने यो उपन्यास धरावासीले लेखेका हुन् भन्ने पाठक जोकोहीलाई लाग्छ । कृष्णका यस्ता चरित्रलाई उति बेलाका लेखक वेदव्यासले कुन ध्येयले बेवास्ता गरे, जसले गर्दा महाभारत कथा आजबाट हेर्दा एकलकाटेजस्तो लाग्छ ।

उपन्यास भूमिकाबाट सुरु हुन्छ, लेखकका मनलाग्दा कुराबाट । सुरुदेखि अन्त्यसम्म पाठकले दिक्क मान्नु पर्दैन, तर धेरै पृष्ठमा घोत्लिनु पर्छ, आँखा चिम्लिनु पर्छ, आँखा रसाउन दिनु पर्छ । पाठकले एकछिन गमेर सोच्नुपर्छ इतिहासलाई, पुनर्मूल्यांकन गरिनुपर्छ मानिएका कतिपय धर्मजस्ता कुरालाई, ईश्वर र देवीहरूलाई । आफ्नै सोच र धारणामाथि अविश्वास गर्न बाध्य पार्छ कति ठाउँमा उपन्यासले । लीलालेखनले भन्छ - धर्म, राजनीति, राष्ट्र, इतिहास, चरित्र, सम्बन्ध आदिहरू केवल वैयक्तिक र सामूहिक धारणामात्र हुन् । धारणा भ्रम हो । सापेक्ष सत्य भन्नु नै भ्रम हो । भ्रम व्यवहारिक सत्य हो ।

उपन्यास राधा (महिला)को आँखाबाट लेखिएकाले फेरि वेदव्यासको महाभारत जस्तै एकलकाटे भएको छ । राधा लगायत विशाखा, कुन्ती, द्रौपदीहरू (महिलाहरू) लेखिएको पक्षमा वेदव्यासको महाभारत थिएन भन्ने ठानी यो उपन्यास पनि उनीहरूको पक्षमा मात्र भएको छ । उपन्यासमा प्रस्तुत महिला पात्रहरूले आफ्ना पुरुषसाथै कृष्ण, पाण्डवहरू लगायत अन्य पुरुषमाथि गरेका अभिव्यक्तिहरू उपन्यासलाई अर्को एकलकाटे प्रयास सावित गराउन प्रशस्त छन् । लगभगको दिव्य ज्ञान पाएकी, जीवनका आरोह अवरोहले अनुभवी, मानिसलाई बुझ्न सक्ने भएकी राधाले केवल पुरुषमा मात्र कमजोरी देख्नु उपन्यासको कमजोरी पक्ष हो । पुरुषका कमजोरी, फट्याइँको आलोचनामा धेरै प्रसंग अनावश्यक जोडिएका छन्, धेरै शब्द खर्चिएका छन् । कतिपय सन्दर्भ दोहोरिएझैं पनि लाग्छ । अर्थ लगाई वैयक्तिक हुन्छ नै । सचेतता यसैमा आवश्यक हुन्छ । अर्थहरूको एक चिप्लाइ धरावासीसम्म आइपुगेको छ । अरू सचेत पाठकहरू फेरि यहाँबाट पनि चिप्लुन पर्नेछ ।


■ **रत्न नेपाल**




**किताब** : घाम हराएको दिन
**लेखक** : होमशंकर बास्तोला
**पृष्ठ** : ६२
**मूल्य** : रु ४०/-
**प्रकाशक** : वाणी प्रकाशन, विराटनगर




**किताब** : लेकाली मीतआमा र अरु सिर्जनाहरू
**लेखक** : लक्ष्मीप्रसाद निरौला
**पृष्ठ** : ८६
**मूल्य** : रु ५५/-
**प्रकाशक** : रत्न पुस्तक भण्डार



**किताब** : दि ग्रेट सन्स अफ दि थारुः शाक्यमुनी बुद्ध एण्ड अशोक दि ग्रेट
**लेखक** : सुबोधकुमार सिंह
**पृष्ठ** : १२८
**मूल्य** : रु ३००/-




**किताब** : तीला
**लेखक** : आत्माराम ओझा
**पृष्ठ** : ६१
**मूल्य** : रु ३५/-
**प्रकाशक** : रत्न पुस्तक भण्डार



# कालो बिरालो

■ नीलम कार्की निहारिका

**बस रोकिएको छ ।** भव्य जंगलमा आएर रोकिएको हो, यात्राको क्रममै । फरक-फरक यात्रुहरू छन् । लक्ष्य छ कुनै विन्दुमा पुग्ने । विन्दु यात्राले मात्र भन्छ । बसमा यात्रु छन्, चालक बसेको छ, समातेर स्टेरिङ । बसमा छन् बालक, वृद्ध, धनी, गरिब, महिला, पुरुष, अनपढ, विद्वान् । सबै-सबै यात्रु हुन्, बसेका छन् चालकको भरोसामा जीवन सुम्पेर ।

बसमा सहायक छ, खलासी छ, भाडा उठाउने कन्डक्टर छ र चालक सिटमा छ चालक । बस स्टार्ट गर्न खोज्छ चालक, ठूलो आवाज आउँछ- घ्वाँ ...घ्वाँ ... गर्छ बन्द हुन्छ, सक्दैन तान्न । इन्जिन केही भएर हो कि ? तान्दिैन । हिँड्न मान्दैन । कतै नजिक ग्यारेज छ कि ? यो रातमा निस्कन्छ खलासी, ग्यारेजको खोजीमा ।

लामो पैदल यात्रापछि सानो ग्यारेज भेट्छ । मिस्त्रीलाई झकझकाएर उठाउँछ ।

- लौन, हाम्रो गाडी बिग्रिएर अलपत्रमा परेको छ, बनाइदिनु पर्‍यो ।

- कति दिने बनाएको ?

मोल मोलाइ हुन्छ । कुरो मिल्दैन साह्रै चर्को मूल्य । तिर्नै नसकिने, मूल्य चुकाउनै नसकिने मूल्य । विनय गर्छ, तर मिल्दैन मूल्यको कुरा । खलासी फर्कन्छ एक्लै मिस्त्रीविना ।

- के भयो ? भेटिएन मिस्त्री ? किन एक्लै ?

- भेटिएको थियो तर मिलेन कुरो ।

ड्राइभर बोल्छ- बेट्री डाउन भएको जस्तो छ, धक्का दिँदा गुड्छ होला ।

- ल सबैजना ओर्लेर धक्का दिनुपर्‍यो ।

जब धक्का दिने कुरा आउँछ-

महिला बोल्छन् हामी आइमाई मान्छे । केटाकेटी-केटाकेटी नै भए । अलि उमेर पुगेका बोल्छन्- हामी वृद्धवृद्धा । जवान बोल्छन्- म बिरामी छु, मेरो खुट्टामा चोट छ, मेरो छाती दुखेको छ, मेरो अप्रेसन गरेको धेरै भा'छैन, मलाई डाक्टरले गह्रौं काम नगर्ने भनेको छ । यस्तै यस्तै ।

- नधकेल्ने भए पनि बसबाट त झरिदिनु । हामी जति सक्नेछौं धकेल्छौं । खलासी बोल्छ । होइन म बसेर के हुन्छ ? म बालक, म वृद्ध, म महिला, म बिरामी । धेरै यस्तै म ले सिट भरिएको छ । झर्ने को त ?

खलासी कराउँछ- गाडी ड्याम्मै यही राख्ने हो ? उज्यालो डुबिसक्यो उहिले ।

- हामीले गाडी धकेल्ने भए तिमरको काम के ? एक यात्रीको प्रश्न ।

थप क्रोधित- गाडी बिग्रिए, गाडी नचले धकेल्ने हामी, हामीसँगै भाडा उठाएर खाने तिमी । चलाउने आफैंले गाडीलाई कन्डिसनमा राख्नु पर्दैन ? हेरचाह, स्याहार गर्न पर्दैन ? चलेपछि मनलाग्दो गर्‍यो, मनलाग्दो भाडा उठायो । नचले हामीलाई दुःख दियो ... ।

- हो त, हेर यो सिटको खोल ठाउँ-ठाउँमा च्यातिएको, यो फोहोर, यो दुर्गन्ध । यस्तै हुन्छ ? बस कति फोहोर, घिनलाग्दो, तर के गर्नु यात्रा गर्नै पर्‍यो ।

- हामीले गाडी चलाउने यहाँहरूकै लागि न हो ।

- वाहियात कुरा, गाडी चलाएको हाम्रै सेवाको लागि ?

-जहिले पनि आफ्नै गतिमा चलायौ । मनलाग्दो ठाउँमा रोक्यो नत्र दगुरायो । आफूले मनलाग्दो रोकेर निःशुल्क मासुभात खायो । हामीलाई झोलभात महँगो, चर्को मूल्यको । आफैं- मनलाग्दो क्षेत्रमा मनलाग्दो बाटोमा मनलाग्दो हुइँकायो । विस्तारै चला अन्धाधुन्दा नहाँक भन्दा मानेन, अहिले बिग्रेपछि हामीले घचेट्नुपर्ने ? धकेल्नुपर्ने ? सकिँदैन गरिँदैन ।

-नसके बस मध्यरातमा यही जंगलमा जंगली जनावरले घेरिएर ।

पानी प्यासले हल्लाखल्ला हुन्छ ।

-अब कुनै उपाय रहेन आफैंले धकेल्नु शिवाय । नचलेको नहिँडेको गाडीमा बसेर गन्तव्यमा पुगिने होइन । बसिरहनुको के अर्थ ? बाल, वृद्धा, महिला, पुरुष, धनी, गरिब, रोगी, स्वस्थ सबै ओर्लन्छन् ।

केहिले धकेल्छन् पछाडिबाट, केही दर्शक बनेर हेर्छन् । बल थप्छन् आवाजले- बल गर भाइ हो हैंसे .... बल गर भाइ हो ... ।

गाडी स्टार्ट हुन खोज्छ, ठूलो आवाज आउँछ अनि बन्द हुन्छ ।

- पसिनाले नुहाउँछन् धकेल्नेहरू ।

केही अघिसम्म दर्शक बनेकाहरू हात बाँधेर बस्दैनन् । हात बढाउँछन् आफैं थिचिँदै र कुचिँदै । के बाल, के वृद्ध, के बिरामी सबैले लगाउँछन् हात ।

आखिर बस स्टार्ट हुनै पर्छ । हर्षको सीमा रहन्न ।

खुसीले चन्द्रमा छुन्छ ।

अब गन्तव्यमा पुगिने भो- विश्वासको निश्वास लिन्छन् गाडीमा उक्लिन्छन् । गाउँदै नाच्दै, ठेलमठेल गर्दै ।

गुड्न त गुड्छ गाडी तर गर्छ ढलपल ढलपल यात्रीहरू उचालिन्छन् पछारिन्छन् । एक यात्री बोल्छ- अलि राम्ररी चलाउनु पर्‍यो गुरु ।

- चालकको के लाग्छ बाटो नै यस्तै छ । त्यसमा थोत्रिएको बस अनि कसरी यात्रा राम्रो हुन्छ ?

- बाटो राम्रो पार्न के गर्नु ? अब यात्री झरेर खन्नु । एक यात्री व्यंग्य गर्छ ।

- हो, झर्नै पर्ने भयो । बाटो बनाउन होइन पैह्रो हटाउन । ठूलो ढुंगो खसेको छ बाटोमा, त्यो ढुंगो नहटाई गाडी अगाडि जान सक्दैन । लगातार मुसलधारे पानी पर्‍यो अनि एक्कासि घाम लाग्यो भने पैह्रो जान्छ । चालक बोल्छ ।

- यात्रा गर्न साह्रै गाह्रो भो । बाटो बनाएर गाडी गुडाउनु पर्ने हो, तर त्यसको लागि समय लाग्छ, त्यसरी बनाएर गुडाउने समय कहाँ, धैर्य कहाँ ? एक यात्री बोल्छ ।

- बनाउनु पर्छ बाटो अर्को यात्री ।

- पैह्रो हटाउने जिम्मा कसको ?

- जसको अगाडि खस्छ उसैको नि । मुख ताकेर बस्यो भने एक युग यसै बित्छ । आफू हिँड्ने बाटो आफैं कोर्दै हिँड्नु पर्छ ।

- खोइ त हटाउने औजार ? केले हटाउने ?

- दुई दुई हातले । पौरखले ।

सबै लाग्छन् पैह्रो हटाउन । हटाउँदै जाँदा भीरबाट ढुंगामाटो पनि खस्दै जान्छ । बाटो अवरुद्ध पार्दै जान्छ । पैह्रो र हातहरूको घमासान पर्छ । अन्ततोगत्वा पैह्रो हार्छ । हातहरूले जित्छन् । बाटो खुल्छ ।

अर्कोबाजी खुसीले चन्द्रमा छुन्छ ।

पुनः बस गुड्छ बाटो अप्ठ्यारो भए पनि । गन्तव्यमा पुग्न धेरै छैन । दूरी छोटो छ । थाकेको आँखा निदाउन दिँदैनन् यात्रीहरू । चालक गुडाइरहन्छ, सतर्क गराइरहन्छन् यात्री लगातार ।

भीषण पानी दर्कन्छ । बाटो चिप्लो छ । छिनमै बाटो छेक्ने बाक्लो हुस्सु लाग्छ । छिनमै पानी । सबैका आँखा टाठा छन् ।

कालो बिरालो झ्वाट्ट अघिल्तिर आइपुग्छ ।

एक समय,

यसैगरी यात्रामा- यसैगरी कालो बिरालो बाटोमा आएको थियो म्याउँ, म्याउँ गर्दै । चालकले बिरालोको ज्यान बचाउन भ्याप्प ब्रेक लगाउँदा गाडी अनियन्त्रित भएर पहाडबाट खसेको थियो । थुप्रै यात्रीले ज्यान गुमाएका थिए- एक बिरालोको लागि । गाडी क्षतविक्षत भएको थियो- एक बिरालोको लागि । चालक घाइते भएको थियो- एक बिरालोको लागि ।

आज,

यसैगरी आएको छ कालो बिरालो बाटोमा फुत्त कतैबाट । अब चालक निकै सिपालु भइसकेको हुनुपर्छ । अब यात्रीहरू चनाखो भइसकेका हुनुपर्छ ।

गाडी अगाडि बढ्छ- सबै यात्री कराउँछन् एकैचोटि जोसले- गुरुजी किचिदे ।

# प्रचण्डलाई प्रेमपत्र

■ क्षेत्रप्रताप अधिकारी



प्यारो प्रचण्ड !
तिमी जंगल छँदा
तिम्रा पिताको तर्फबाट
कान्तिपुरमार्फत
यस्तो पत्र पठाएको थिएँ-
.......तिमी गएपछि
तिम्री आमा (नेपाल)
झनै थला परिन्
थोरै बाँचिन् र धेरै मरिन्
बाँचेको बेलामा पनि
बेसुरा बरबराइरहिन्-
ए कमलेका बा !
ऊ त्यो फेरि आयो
त्यो भ्रष्ट छायाँ
फेरि आयो
र, मलाई खायो, देखेनौ ?
...
प्यारो बाबु कमल !
तिमी कहाँ छौ ?
जहाँ भए पनि आऊ
र, समाऊ आमाको पाउ...।

तिमी आयौ
वायु भएर आयौ
स्याउलो हल्लाउँदै
चक्रपथमा आयौ
र, कर्फ्यु तोड्यौ
तर फेरि-
विरामी आमालाई
त्यै भ्रष्ट छायाँको हातमा छोड्यौ
तिम्री आमा त झनै
अस्तव्यस्त र सिकिस्त पो भइन् ।

सास रहेसम्म आस हुन्छ नै
उपचारको लागि
तिमी अब यतै बस
फेरि गामतिर नपस
र, मेरी भाउजूसित
मानो मकै पनि नमाग
त्यता मानो दिँदा र
यता मुरी दिँदाको व्यथा
उस्तै उस्तै हो
सहरमै मुरी माग ।

अनि तिमीलाई -
आतंककारीको फेटा गुथाएर
टाउकाको मोल तोक्ने
भ्रष्टाचारीको
अकुत सम्पति खोस
र, भोकाहरूलाई पोष
अनि तिम्रो नाम बेचेर
डलर खेती गर्ने
जमिनदारहरूबाट
अलिकति जमिन जुटाऊ
र, सच्चा सुकुमवासीलाई
गाँस, वास कपास देऊ
ओखतीमूलो
र, अक्षर देऊ ।

मरणासन्न आमा अर्थात्
असफल राष्ट्र ब्यूँताउन -
बुद्धि, विवेक र शक्ति चाहिन्छ
र, तिमीसँग छ
त्यसैले लेखिरहेछु-
कहिलेकाहीँ
तिम्रो निधारमा उदाएको
सुन्दर शान्त टीकामा
स्वतन्त्र नेपाली
मट्किलाको रातो माटो देखिरहेछु ।







गीतकार अरुण तिवारी

समय

# गीतबाटै चल्छ घर

**गीतकार क्षेत्रप्रताप अधिकारी,** श्रवण मुकारुङ, दिनेश अधिकारी, कालीप्रसाद रिजाल जस्ता व्यवसायिक गीतकारहरूले गीत मात्रै लेखेर जीवन धान्छु भन्दा नपत्याउने आधार छैन। उनीहरूको नाम मात्र होइन, रचना समेत जनजिब्रोमा झुन्डिसकेका छन्। तर, यही कुरा नयाँ पुस्ताको कुनै गीतकारले भन्यो भने पत्याउनै मुस्किल पर्छ।

यस्तै सोच्नेहरूलाई चुनौती दिएका छन् पछिल्लो पुस्ताका युवा गीतकार अरुण तिवारीले। 'मैले गीत मात्र गाएर बाँच्न सकिन्छ र भन्नेहरूलाई चुनौती दिएको छु जस्तो लाग्छ', गीतबाट मात्रै आफ्नो घरबार धानेका तिवारी भन्छन्।

गीत संगीत क्षेत्र विस्तारै व्यवसायिक बन्न थालेको छ। सोखकै लागि जन्मिएका गीतकारहरू पनि परिवर्तित सांगीतिक वातावरणसँगै व्यवसायिकतातिर ढल्केका छन्। बजारमा बढ्दै गएका सांगीतिक चहलपहलले व्यवसायिक गीतकारहरूको पनि उदय हुन थालेको छ। यस्तै एक उम्दा नमुना हुन्, युवा गीतकार तिवारी।

'महिनामा ३ देखि ५ वटासम्म गीतका रचना गर्छु र प्रतिगीतको २ हजार देखि ५ हजारसम्म लिने गरेको छु', कसरी जीवन धानिन्छ त भन्ने प्रश्नको उत्तर दिँदै उनी भन्छन्, 'अब गीतसंगीतको क्षेत्रले पनि व्यवसायिकता पाएको छ, राम्रो र व्यवसायिक गीत रचना गर्ने हो भने गीत लेखेर बाँच्न गाह्रो छैन।'

गीतको मर्मले सर्वसाधारणको आँखामा आँसु ल्याउँदा पनि त्यो गीतको रचनाकारलाई कसैले सम्झँदैन। गीतकार सधैं छायाँमा पर्छ। गीत सुन्दा सबैले गायकलाई नै सम्झन्छन्, तर सधैं पर्दा पछाडि रहने गीतकारलाई कसैले सुन्दैनन्। तिवारीले पनि यस्ता घटना भोगेका छन्। 'त्यही गीत गाएर गायक सबैको प्रशंसाको पात्र बन्छ, तर जसले आफ्नै जीवनको यथार्थ समेटेर गीत रचना गर्छ, त्यसलाई कसैले सम्झँदैन, विस्तारै छायाँमा पर्छ एउटा गीतकारको परिचय।'

अहिले बढ्दै गएको गीतसंगीतको बजारले व्यवसायिक गीतकारहरूको आगमन बढ्न थालेको छ। गीत नाम कमाउनका लागि मात्र लेखिन्छ भन्ने भ्रम विस्तारै टाढिन थालेको छ। प्रत्येक महिना बजारमा प्रतिस्पर्धाले निस्कने गीति एल्बमले व्यवसायिक गीतकारहरू पनि थपिने क्रम जारी छ।

■ **ज्योति देवकोटा/काठमाडौं**



# जनसागर उर्लँदा




**एक छिन** उत्तेजित हुन्थे, केही बेरमै रुन्थे, फेरि हाँसो छाड्थे। प्रहरी दमनका दृश्य देख्दा दर्शकले जºयाकजुरुक उठेर हलमै नाराबाजी गरेका थिए, सुरक्षाकर्मीकर्मीको नृशंस दमनबाट निमेषभरमै रणभूमि बनेको चन्द्रगढी घटनाबाट मर्माहत भएर डाँको छोडेर रोएका थिए, राजा ज्ञानेन्द्रलाई भैंसीमा बसाएर सवारी चलाएको दृश्यले फेरि आँसुलाई हाँसोमा रुपान्तरण गरेको थियो। गत भदौ १५ गते झापाको बिर्तामोडमा पत्रकार भीम नेम्वाङले तयार पारेको जनआन्दोलनसम्बन्धी वृत्तचित्रको विमोचनपछि उक्त वृत्तचित्र हेरेका दर्शकको प्रतिक्रिया यस्तो थियो।

डेढ दशकदेखि नेपाल टेलिभिजनको झापा संवाददाताको रुपमा क्रियाशील नेम्वाङले जनआन्दोलन-२ को क्रममा झापामा भएका १९ दिनका घटनालाई उतारेर समेटेर वृत्तचित्रको रुप दिएका हुन्। जनआन्दोलन-२ मा १९ दिनसम्म झापाली जनताले लोकतन्त्र प्राप्तिको लागि ऐतिहासिक सहभागिता प्रदर्शन गरेका थिए। युवा, विद्यार्थी, व्यापारी, कर्मचारी, मजदुर, किसान, प्राध्यापकलगायत समाजका हरेक तप्काका व्यक्तिहरूले आन्दोलन निर्णायक बनाउन खेलेको भूमिका उल्लेखनीय रहेको थियो।

नेम्वाङले ज्यानको बाजी लगाएर आन्दोलनको क्रममा भएका प्रदर्शन, दमनलाई क्यामेरामा कैद गरेका थिए। २०६३ साल वैशाख- ६ गते सदरमुकाम चन्द्रगढीमा सुरक्षाकर्मीबाट प्रहार भएको गोलीबाट राजन गिरी र सुरज विश्वासले सहादत प्राप्त गरेका थिए भने सयौं घाइते भएका थिए। नेम्वाङले चन्द्रगढी घटनामा प्रयोग गरिएका भिजिलान्ते र सुरक्षाकर्मीबाट अन्धाधुन्ध सयौं राउन्ड गोली चलाएको दृश्य पनि समेट्न भ्याएका छन्।


नेम्वाङले दमक, बिर्तामोड, चन्द्रगढी, भद्रपुरलगायत सहरी क्षेत्रमात्र होइन बुधबारे,गरामनी, हल्दीबारीजस्ता ग्रामीण भागमा भएका प्रदर्शनका दृश्य पनि खिच्न भ्याएका छन्। यससाथै सहिदद्वय गिरी र विश्वासको अन्त्येष्टि, घाइतेको दर्दनाक अवस्था, आदिवासीको विरोध झाँकी, कुकुर जुलुस, सडक नाटकलगायत १९ दिनसम्म भएका प्रदर्शन सिलसिलेवार राखिएको छ। पछिल्लो भागमा राजाका दुइटा सम्बोधन, प्रतिनिधिसभा पुनःस्थापनापछिको पहिलो बैठक र प्रतिनिभिसभाको ऐतिहासिक घोषणाका दृश्य पनि संयोजन गरिएको छ। वृत्तचित्रको सुरुमै बन्दुकको आवाज छ, जसले त्यो बेलाको राज्यको दमनको झल्को दिन्छ भने आखिरी दृश्यमा जनताले नेतालाई गल्ती नदोहोऱ्याउन खबरदारी गरेका छन्।

राजधानीबाहिरबाट अहिलेसम्म सायदै पत्रकारले यस्तो ऐतिहासिक वृत्तचित्र निर्माण गरेका छन्। विमोचन कार्यक्रममा अतिथिका रुपमा पुगेका गृहमन्त्री कृष्ण सिटौलाले जनआन्दोलन-२ मा झापाको अग्रणी भूमिका समेटेर तयार पारिएको उक्त वृत्तचित्र ऐतिहाससिक बन्ने विचार राखेका थिए। २०३७ साल आउटडोर फोटोग्राफीबाट क्यारिअर सुरु गरेर २०४६ सालमा भिडियोग्राफी चलाउन थालेका नेम्वाङसँग आधादर्जनजति भिडियो फिल्म र सामुदायिक वन, आदिवासी चाडपर्व, धार्मिकस्थान, सिँचाइ, बैंकिङलगायत विभिन्न क्षेत्रसँग सम्बन्धित वृत्तचित्र बनाएको पनि अनुभव छ। यो ऐतिहासिक वृत्तचित्रले पत्रकारिता मात्र होइन, सामाजिक क्षेत्रमा पनि नेम्वाङको उचाइ बढेको छ।

आम जनताको सकारात्मक प्रतिक्रियाबाट हौसिएका नेम्वाङ भन्छन्, 'यो वृत्तचित्रमा मैले डेढ दशकको पत्रकारिताको अनुभव पोखेको छु, यसलाई मैले उत्कृष्ट कृतिको रुपमा लिएको छु।' व्यवसायिक प्रयोजनबाट मुनाफा कमाउने दृष्टिकोणबाट वृत्तचित्र नबनाएको बताउने नेम्वाङ दसैंअघि नै दमक, बिर्तामोड, काँकडभिट्टा, भद्रपुरमा वृत्तचित्र देखाउने योजना सुनाउँछन्।

**■ छत्र कार्की/काठमाडौं**





तस्वीर : राम गुरुङ

# पोखराले नजन्माएको छोरा

स्वर्गमा पुग्ने कल्पना र इच्छा सबैजसोको हुन्छ, तर त्यसका लागि भने जीवनमा सुन्दर काम गर्नुपर्ने सर्त राखेका छन् धर्मग्रन्थहरूले । यदि अहिल्यै हामी स्वर्गमा छौं भने नि ? 'त्यसो भए सुन्दर मन लिएर सुन्दर काम गरौं ।' पोखराप्रेमी पर्यटनविद् झलक थापा भन्छन्, 'पोखरामा बस्न सुन्दर मन चाहिन्छ र सुन्दर काम गर्नुपर्छ ।' जन्मले पोखरेली होइनन्, उनी केवल बसाइँ र मायाले मात्रै हुन् ।

थापा २०३८ सालदेखि कुनै औपचारिक सभा समारोहमा घरबाहिर निक्लेका छैनन् । अनेकथरि रूख, बुट्यान अनि विभिन्न फूल तथा ओखतीमूलोका बोट, बिरुवा त्यसबीचमा थुप्रै मौरीका घार र एक हुल बंगुर त्यसपछि विभिन्न जातका चरा च्याखुरा भएको थापाको घरकम्पाउन्ड छुट्टै र मन हर्ने संसार छ पोखरा विमानस्थलनजिक । सधैं 'मैले के गरें र म को हुँ र ?' भन्ने झलकले पोखरालाई लगाएका गुन भने धेरै छन् । आफूलाई एकतर्फी प्रेम गर्ने विदेशी केटीले उपहार स्वरुप तिमीलाई के दिऊँ भन्दा उनले पोखरामा आँखा अस्पताल निर्माण गरिदिन भने । हिमालय आँखा अस्पताल उनकै देन हो । अति मिल्ने साथी दावा शेर्पा नेपाल पर्वतारोहण संघका अध्यक्ष हुँदा थापाकै अनुरोधमा संघले अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय बनायो, जुन विश्वकै एक मात्र पर्वतीय संग्रहालय हो ।

नेपालकै पहिलो ट्रेकिङ गाइड हुन् थापा । नेपालमा पदयात्रा मार्गको योजना र नक्सा बेलायती कर्णेल रोबर्टले बनाएका भए पनि ती मार्गको केस्रा केस्रा केलाए थापाले । पर्यटन सोचे जसरी हुर्कन नसकेको पीडाले कोपरिरहन्छ उनलाई । मनैदेखि माया पोखे गुन्द्रीमाथि पनि पाहुना खुसी हुन्छन्, तर पैसा देवो भवः संस्कृतिले पुरेको छ पर्यटन व्यवसायलाई अचेल । आफू जन्मेको ठाउँलाई स्वर्ग देखेमा, जन्म दिने आमालाई देवता देखिन्छ भन्छन् झलक । त्यसपछि कर्म दिने बाबु पनि देवतै देखिन्छन्, ज्ञानको आँखा उघारिदिने गुरु पनि देवतै । त्यस्तो परम्परा, सभ्यता र संस्कृति भए मात्रै पाहुना पनि देउतासरह हुने र पर्यटन फस्टाउने धारणा राख्छन् उनी ।

माछापुच्छ्रेको कौमार्य जोगाउन चिन्तित उनको पोखराप्रेम पछिल्लो पटक यो ठाउँको एउटा कोसेली र चिनो उत्पादन गर्ने कार्यमा प्रकट भएको छ । चराविज्ञ थापाले बेलायतमा चरा पढ्न जाँदा सिकेको सीप हो वाइन उत्पादन । नेपाली फलफूल र जडिबुटीबाट वाइन उत्पादन गर्ने कार्य सुरु गरिसकेका छन् थापाले । हिलहट (डाँडाघरे) नाम दिइएको वाइन पोखरामा मात्रै बेच्ने र एकजनाले एकपटकमा दुई बोतलबाहेक किन्न नपाइने प्रबन्ध मिलाउने सोच हो उनको । भारतको गोवामा काजुको वाइन 'फेनी' त्यहाँको कोसेलीका रुपमा परिचित भएजस्तै पोखराको कोसेली डाँडाघरे वाइन बनाउने झलकको सोचलाई ठक्कर दिएको छ, सरकारी रवैयाले । विदेशी वाइन आयातमा बाटो खुला गरेको सरकारले नेपालमा मदिरा उत्पादन गर्ने कारखाना अबदेखि नखोल्ने नीति लिएको छ । सानै उमेरमा रक्सीका पारखी बनेका झलकका विचारमा रक्सी पिउँदा चाहिने आठवटा संस्कार छन् । उनी भन्छन्, 'असल मन लिएर असल साथीसँग भरिलो, रसिलो र मलिलो मन बनाएर मात्रै रक्सी पिउनुपर्छ न कि खराब विचार राखेर ।' पोखरालाई देख्ने गरी हेर्ने र बुझ्ने अनि अरूलाई बुझाउन सक्ने गरी चिन्न केटाकेटीलाई आग्रह गर्ने झलक थापा पोखरालाई सिँगार्न नसके पनि बिगार्न नदिन र आफूले पनि नबिगार्न अनुरोध गर्छन् । ■





युवराज घिमिरे

# कांग्रेस एकता दबाबबाट हैन, सैद्धान्तिक प्रतिबद्धताबाट निर्देशित हुनुपर्छ

**विभाजनको झन्डै** ५० महिनापछि नेपाली कांग्रेस र नेपाली कांग्रेस प्रजातान्त्रिकको एकीकरण फेरि एउटा राजनीतिक एजेन्डा बनेको छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले यता आएर कांग्रेस एकीकरणलाई माओवादीसँगको शान्ति प्रक्रियालाई जत्तिकै महत्त्व दिन थालेका छन् भने कांग्रेस प्रजातान्त्रिकका नेता शेरबहादुर देउवा त्यसबाट सशंकित हुन थालेका छन् ।

तर कांग्रेसभित्रका अतीतका र खासगरी ०४६ सालपछिका मतान्तर, विभाजन र 'एकता'का खास प्रकृति र प्रवृत्ति छन् । गणेशमान सिंह विरक्तिएर पार्टीबाट अलग्गिए, जीवनको अन्तिम चरणमा । कृष्णप्रसाद भट्टराईलाई गत आम निर्वाचनमा प्रधानमन्त्रीका रूपमा प्रस्तुत गरेर विजयी भएको नेपाली कांग्रेसमा राजनीतिक महत्त्वाकांक्षा र त्यसलाई हासिल गर्न अन्तरघातलाई औजारका रूपमा प्रयोग गर्दै भट्टराईलाई पदबाट हट्न बाध्य तुल्याइयो ।

शेरबहादुर देउवाले संसद् विघटन गरेर राजालाई फाइदा पुऱ्याउने परिस्थितिको पृष्ठभूमिमा पनि कांग्रेसभित्रको कलह छ । पार्टीका तत्कालीन महामन्त्रीले 'प्रधानमन्त्री'लाई 'कारण देखाउ' सूचना जारी गरे, सरकारले कांग्रेस सभापतिका निर्देशन पालना नगरेको आरोप लगाउँदै । त्यो संसदीय परम्परामा एउटा हास्यास्पद र गैरजिम्मेवार प्रकरण थियो ।

सरकार र पार्टीबीचको सम्बन्ध कांग्रेस इतिहासमा धेरै पटक उठेको छ । र, त्यसबारे नेताहरूको सोच र मान्यतालाई उनीहरू सरकारमा छन् वा पार्टीको नेतृत्व तहमा त्यसले ज्यादा प्रभावित गरेको छ । 'एक व्यक्ति एक पद'को माग बीचबीचमा उठ्ने गरेको छ । तर, त्यसको सैद्धान्तिक र व्यवहारिक निकास पाउन पार्टी अहिलेसम्म सफल भएको छैन ।

माओवादीसँग वार्ता सफल पार्न मुलुक र अन्तर्राष्ट्रिय जगत्को दबाब खेपिरहेका र हाललाई उनीहरूको विश्वास पनि आर्जन गर्न सफल प्रधानमन्त्री गिरिजाप्रसाद कोरालाले फेरि एकपल्ट कांग्रेस एकताको प्रयास सुरु गरेका छन् । उनको वर्तमान हैसियतले सम्भवतः कांग्रेस प्रजातान्त्रिकका धेरैजसो सांसदहरूलाई यसले आकर्षित पनि गर्न सक्छ । तर, कांग्रेसभित्र विभाजनका पछाडिका मुद्दाहरूलाई संशोधन नगरी हुने एकता त्यति प्रभावकारी र सार्थक हुनेछैन । यसले मुलुकको राजनीतिमा सिद्धान्तविहीन गठबन्धन र समीकरणलाई प्रोत्साहित गर्न सक्छ । त्यसैले अतीतमा भएका विभाजन पछाडिका कारणहरूका लेखाजोखाका, तिनीहरूलाई सम्बोधन गर्ने प्रतिबद्धता र सैद्धान्तिक मान्यतालाई संस्थागत रूप दिन आवश्यक संयन्त्रको निर्माण पार्टी एकीकरणका आवश्यक सर्त हुन् ।

कोइरालाले चार महिनापूर्व सत्ताग्रहण गर्दा मुलुकको विकल्पहीन नेताका रूपमा उनको प्रादुर्भाव भएको थियो, खासगरी जनआन्दोलनको दबाब र सत्ता त्याग्न बाध्य भएका राजा र प्रतिस्पर्धात्मक संसदीय व्यवस्थामा आउने प्रतिबद्धता जनाएका माओवादीहरूले पनि उनलाई स्वीकार गरेपछि पुनःस्थापित संसद्मा सबभन्दा ठूलो दल बन्न पुगेको नेकपा एमालेले समेत प्रधानमन्त्री पदको दाबी नगर्नु कोइराला विकल्पहीन नेताका रूपमा स्थापित भएको प्रमाण थियो, सात दल गठबन्धनभित्र पनि ।

कोइरालाको यो 'विकल्पहीनता' नेपाली राजनीतिको सुखद पक्ष हो, तर यो स्थायी मान्यता या स्थायी राजनीतिक चरित्र बन्न सक्तैन । हत्या र हिंसाको राजनीतिको अन्त र माओवादी आन्दोलनले उठाएका मुद्दाहरूलाई व्यापक समझदारीद्वारा सम्बोधन गरी शान्ति र मेलमिलापको राजनीतिको सूत्रपात गर्नु नै कोइरालाबाट मुलुकले अपेक्षा गरेको छ । र, माओवादीसँग जारी शान्तिवार्ताबाट केही आस अवश्य पनि पलाएको छ ।

राजनीतिक रूपमा माओवादीहरूले गणतान्त्रिक मोर्चाको स्थापनामा अगुवाइ गरेको अवस्थामा प्रजातान्त्रिक शक्तिहरू पनि सुदृढ हुनुपर्छ र एकीकरण सम्भव नभए उनीहरूको एउटा मोर्चा बन्नुपर्छ भन्ने माग पनि यसबीच उठ्न थालेका छन् । हिंसाको राजनीतिलाई वार्ताद्वारा समाधान गर्न सकिन्छ, तर हिंसाको संस्कृतिको अन्त र प्रजातान्त्रिक संस्कृतिलाई जागृत गर्न प्रजातान्त्रिक शक्तिहरूको प्रतिबद्धता र इमानदारीबाट सम्भव हुन्छ । नेपाली कांग्रेस र कांग्रेस प्रजातान्त्रिकको सैद्धान्तिक एकीकरण त्यस अर्थमा एउटा महत्त्वपूर्ण अग्रकदम हुनेछ । तर, शान्तिवार्ता प्रक्रियाका कारण आर्जेका 'स्वीकार्यता' अर्को उद्देश्यमा प्रयोग गर्ने कोसिस गरेमा त्यसको परिणाम त्यति सुखद हुनेछैन । विभाजनका मुद्दाहरूलाई सम्बोधन नगरेमा भविष्यमा एकीकृत कांग्रेसमा फेरि शक्ति र व्यक्तिपूजाको संस्कारबाट बाहिर आउन सक्तैन । किनकि सिद्धान्तविहीन एकता पदलोलुपताको पर्याय हुनेछ ।

कांग्रेस प्रजातान्त्रिकका सांसदहरूको एउटा ठूलो जमात नेपाली कांग्रेसमा प्रवेश गर्न एउटा खुट्टा उचालिसकेको छ । देउवाले एकीकरणमा ढिलाइ गरेमा सम्भवतः उनी आफ्नै पार्टीभित्र एक्लिन सक्छन् । तर, उनको त्यो नियतिलाई कोइरालाले आफ्नो शक्ति मान्ने भुल गर्नु हुँदैन । हो, दुवै कांग्रेसले, सम्भवतः संस्थापक नेता कृष्णप्रसाद भट्टराईको नेतृत्वमा एकीकरणको आधार तयार गर्नु आवश्यक छ । आखिर एउटै सिद्धान्त, नीति र मान्यतामा दलहरू किन एउटै नबन्ने ? तर, यीसँगै जोडिएको अर्को पक्ष हो, आन्तरिक प्रजातन्त्रको संस्कृति सुरु नभएमा विभाजन, विखण्डन र आन्तरिकरूपमा क्षणिक समीकरण बनी नै रहन्छन् र दलको एकीकरणको प्रकृति अस्थायी बन्न जान्छ ।

अहिलेको प्रस्तावित एकीकरणलाई विनावहस तीव्र गति दिन कोइरालाका केही निकटस्थहरूले दुई नकारात्मक प्रवृत्तिलाई अपनाएको देखिन्छ । पहिलो देउवाको पार्टीमा अन्तरकलह र दोस्रो वार्ता प्रसंगमा माओवादीसँग बन्न गएको कोइरालाको निकटताको अपव्याख्या । कांग्रेस एकीकरण सकारात्मक सोच र सिद्धान्तबाट निर्देशित नभएमा त्यो घातक हुनसक्छ ।

विगत केही दिनदेखि कोइराला र एमाले नेता माधव नेपालबीचको वैमनस्य चर्केको मात्र हैन, सरकारको स्थिरतामा समेत त्यसले प्रतिकूल प्रभाव पार्ने संकेत देखापरेको छ । उता राज्य संयन्त्र छिन्नभिन्न भएको र कानुन व्यवस्था धराशायी हुनुमा गृह प्रशासनको खासगरी गृहमन्त्रीको असफलतालाई मात्र हैन, प्रहरी प्रशासनको मनोबलमा आएको गिरावट र भ्रष्टाचारले प्रधानमन्त्री स्वयंलाई विवादमा तानिसकेको छ । कोइरालाको चार महिना पहिलेको लोकप्रियता र स्वीकार्यताको ग्राफमा गिरावट देखिन थालेको छ । वार्तालाई प्राथमिक महत्त्व दिँदै निर्णायक बिन्दुतिर लगेमा मात्र त्यो गिरावट रोकिनेछ, तर त्यसका लागि उनले प्रधानमन्त्रीको आधिकारिकता र चरित्र देखाउन सक्नुपर्छ । संवैधानिक संयन्त्र र कानुन व्यवस्थालाई छिन्नभिन्न हुनबाट रोक्न नसकेको सरकारको नेताका रूपमा उनले सफलता पाउनेछैनन् । बरु, त्यसले विद्यमान अराजकतालाई गृहयुद्धसम्म धकेल्ने प्रक्रियामा कोइरालाले सहयोगी हुन पुग्नेछन्, यदि उनले आफ्नो प्राथमिकतालाई पारदर्शी तरिकाले र सबै पार्टीको सहयोगमा अगाडि बढाउने संस्कृति तत्काल सुरु गरेनन् भने ।

यो प्राथमिकताभित्र कांग्रेस एकीकरण अटाउन सक्छ अझ सहज तरिकाले । किनकि त्यसले कोइरालाको 'कद'लाई जोगाउनुका साथै प्रजातान्त्रिक शक्तिहरूको सुदृढीकरणमा उनको अभिभावकत्व पनि स्थापित गर्नेछ । र, शान्ति प्रक्रियामा उनले सफलता हासिल गर्न सकेनन् भने त्यो कोइरालाको ठूलो असफलता मात्र हैन, मुलुकका लागि अझ दुर्भाग्यपूर्ण सिद्ध हुनेछ, त्यो परिस्थिति । अनि एकताका प्रयास र कोइरालाको आकर्षण क्षमता पनि निकै कमजोर हुनेछ त्यसबेला । त्यसैले एकीकरणलाई कोइरालाको वर्तमान हैसियतसँग जोडेरभन्दा प्रजातान्त्रिक शक्तिहरूबीच एकताको अपरिहार्यताको स्वभाविक राजनीतिक प्रक्रियाका रुपमा अगाडि बढाउनु बेस हुनेछ । त्यसले एकतालाई सम्मान र दीर्घकालीन बनाउनेछ । ■